# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ७, अङ्क १६, पूर्णाङ्क २८६ | २०७८ कात्तिक १७ गते बुधबार | Wednesday, 03 Nov 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## समाजवाद प्राप्तिको चुनावमा जनतालाई सङ्गठित गर : प्रकाण्ड

**कालीकोट** : नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' ले वैज्ञानिक समाजवाद प्राप्तिको चुनावमा जनतालाई सङ्गठिन गर्न कर्णालीका कार्यकर्तालाई निर्देशन दिएका छन् । कर्णालीका पाँच जिल्लाको प्रशिक्षण कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै प्रवक्ता प्रकाण्डले उक्त निर्देशन दिएका हुन् ।

प्रकाण्डले नेपाली जनताको मुक्तिका लागि वैज्ञानिक समाजवादको विकल्प नभएको बताए । शनिबार समापन भएको प्रशिक्षण कार्यक्रममा नेता प्रकाण्डले नेपालमा दलाल संसदीय व्यवस्था पूर्ण असफल भएको भन्दै त्यसको ठाउँमा समाजवाद अनिवार्य भएको बताए । उनले पछिल्लो न्यायपालिकाको विवाद पनि व्यवस्था असफलताको

... बाँकी पृष्ठ ६ मा

# दलाल सत्ता हामीलाई जबर्जस्ती युद्धमा होम्न खोजिरहेको छ : विप्लव

■ रातोखबर संवाददाता/दाङ

दाङ : नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले दलाल पूँजीवादी सत्ताले नेकपालाई जबर्जस्ती युद्धमा धकेल्न खोजिरहेको बताएका छन् । दाङमा आयोजित पार्टीको सहायक सङ्गठन युवा सङ्गठन नेपालको चौथो राष्ट्रिय सम्मेलन उद्घाटन समारोहमा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै महासचिव विप्लवले दलाल पुँजीवादी सत्ताले आफूहरूलाई प्रतिबन्ध लगाएर समूल नष्ट गर्न खोजेको पनि प्रस्ट रूपमा बताए ।

महासचिव विप्लवले आफूहरूले शान्तिपूर्ण ढङ्गले राजनीतिक कार्यक्रम अघि बढाइरहेको भए पनि दलाल सत्ताले जबर्जस्ती युद्धमा होम्ने षड्यन्त्र गरिरहेको भन्दै नेपालमा वैज्ञानिक समाजवादी सत्ता स्थापना भएरै छोड्ने प्रस्ट पारे । उनले युवाहरू निराश हुनु नहुने धारणा पनि राखे । संसारभरि श्रम गर्न पुगेका नेपाली श्रमजीवी युवाले ऐतिहासिक चौथो राष्ट्रिय सम्मेलनलाई नियालिरहेको र विदेशी भूमिमा सस्तो श्रममा बेचिएका तमाम युवाहरूको आवाजलाई सङ्गठनले सम्बोधन गर्ने बेला आएको पनि बताए ।

महासचिव विप्लवले संसदीय व्यवस्था पूर्ण



रूपले असफल सिद्ध भइसकेकाले अब नेपालमा वैज्ञानिक समाजवाद स्थापनाको विकल्प नरहेको समेत स्पष्ट पारे । उनले भने, 'हामी शान्तिपूर्ण बाटोबाट जनमतसङ्ग्रहमार्फत नेपालमा जनतालाई व्यवस्था चुन्ने अधिकार दिने एजेन्डा लिएर आएका छौँ । हामीलाई बन्दुके र अधिनायकवादी भन्नेहरू व्यवस्था चुन्ने अधिकार जनतालाई दिन तयार हुनुपर्छ ।'

महासचिव विप्लवले तीनबुँदे सहमति कार्यान्वयन गर्न राज्य तयार नभएकोमा असन्तुष्टि जनाउँदै सत्ताधारीहरुले षड्यन्त्रका तानाबाना बुन्न थाले आफूहरू घेरा तोडेर जनतामा जाने उद्घोष पनि गरे ।

कार्यक्रममा नेकपाका केन्द्रीय सचिवालय सदस्य तथा स्कुलिङ विभाग प्रमुख सुदर्शन, नेकपाका केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगर 'विषम', नेकपाका केन्द्रीय सदस्य एवम् सङ्गठनका पूर्वकेन्द्रीय अध्यक्ष दीपक, नेकपाका केन्द्रीय सदस्य तथा दाङ जिल्ला इन्चार्ज शीतल, पार्टी केन्द्रीय सदस्य तथा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) केन्द्रीय समितिकी उपाध्यक्ष भृकुटी र अखिल (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष प्रकाश शाहीले शुभकामना मन्तव्य राखेका थिए ।

दाङको घोराहीस्थित

... बाँकी पृष्ठ ७ मा

## महासचिव विप्लवद्वारा सहिद महानको परिवारसँग भेट तथा सम्मान

**दाङ** । नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले एकीकृत जनक्रान्तिका सहिद गोकुल राणा 'महान' को परिवारसँग भेटघाट गरी परिवारलाई सम्मान गरेका छन् । राज्यको कथित प्रतिबन्धका विरुद्ध प्रतिरोध सङ्घर्षमा सहादत प्राप्त गरेका सहिद महानका परिवारसँग विप्लवले भेट गरेका हुन् ।

पार्टीको सहायक सङ्गठन युवा सङ्गठन नेपालको चौथो राष्ट्रिय सम्मेलनको बन्द सत्रका अवसरमा दाङ आइपुगेका

... बाँकी पृष्ठ ७ मा

## नेकपा सर्लाहीको चौथो पूर्ण बैठक सम्पन्न

**सर्लाही** : नेपाल कम्युनिस्ट पार्टी सर्लाहीको चौथो पूर्ण बैठक सम्पन्न भएको छ । प्रमुख अतिथि पार्टी केन्द्रीय सदस्य तथा सर्लाही/रौतहट इन्चार्ज मिसन, अतिथिहरू जिल्ला सेक्रेटरी कमल सुस्लिङ, विशेष समिति सदस्य जनक राउतको उपस्थितिमा बैठक सम्पन्न भएको हो ।

बैठकले अगामी मङ्सिर ८ गते काठमाडौँमा महासचिव विप्लवले उद्घाटन गर्ने ९ औँ पार्टी पुनर्गठन दिवसमा सर्लाहीका सबै नगरपालिका, गाउँपालिकाबाट जनसहभागिता गराउने, दलाल संसदीय व्यवस्थाले थोपरेको उत्पीडनबाट जनतालाई मुक्त गरिछाड्ने, विभिन्न कालोबजारी, भ्रष्टाचार, विकृति, विसङ्गतिविरुद्ध सङ्घर्ष गर्ने र पार्टीले लिएको प्रगतिशील

... बाँकी पृष्ठ ६ मा

## युवा सङ्गठन नेपालको केन्द्रीय अध्यक्षमा पाटन

**दाङ** : नेपाल कम्युनिस्ट पार्टीको सहायक सङ्गठन युवा सङ्गठन नेपालको दाङ, तुलसीपुरमा सम्पन्न चौथो राष्ट्रिय सम्मेलनले पाटन जङ्गलीको अध्यक्षतामा ७१ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको छ ।

सङ्गठनको उपाध्यक्षमा दिनेश, महासचिवमा विदुषी, सचिवमा तिलक र कोषाध्यक्षमा विश्लेषण रहेका छन् भने सदस्यहरूमा दीप, श्याम, वीरेन्द्र विक, भुवन कुँवर, इन्द्र, नेत्र, राम, प्रबिन, विचारमान, सुवास, भरत पुलामी, अजय श्रेष्ठ, महेन्द्र सुनार, कृष्णबहादुर श्रेष्ठ, जीवन तामाङ, राजकुमार पुतवार, धनबहादुर श्रेष्ठ, शङ्कर भुजेल, किरण अर्याल, निरज शाह, मदन गजमेर, कविराज यमजुङ, विदुर शेर्पा, हर्क लिम्बू, आकाश श्रेष्ठ, सन्दीप विक, तेज लामा, मोहनकुमार राम, प्राणकुमार लामा, अविनाश, बादल, लीला सारु मगर, सन्तोष सुवेदी, खड्क सिंह, गोविन्द चन्द्र, आशीष थापा,

... बाँकी पृष्ठ ७ मा

## वीरजङ्गको निधनले क्रान्तिमा नयाँ ऊर्जा उत्पन्न गरेको छ : महासचिव विप्लव

■ रातोखबर संवाददाता/कपिलवस्तु

**कपिलवस्तु** । नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले कम्युनिस्ट आन्दालनका नेता चन्दबहादुर चन्द 'वीरजंग' को निधनले क्रान्तिमा नयाँ ऊर्जा थपिएको बताएका छन् ।

नेकपा कपिलवस्तुद्वारा शिवगढीमा आयोजित श्रद्धाञ्जलीसभालाई सम्बोधन गर्दै महासचिव विप्लवले पार्टी नेता वीरजङ्गको निधनले पार्टीलाई अपूरणीय क्षति पुगेको भन्दै उनको निडरता, इमानदारी, सरलता र क्रान्तिप्रतिको निष्ठाले क्रान्तिलाई कमजोर नभएर थप शक्ति र ऊर्जा पैदा गरेको बताए । महासचिव विप्लवले राज्यबाट उपचार नपाएकै कारण नेता वीरजङ्गको निधन भएको प्रस्ट पार्दै उनको सपनालाई एकीकृत जनक्रान्तिमार्फत पूरा गर्ने बताए ।

महासचिव विप्लवले नेता वीरजङ्ग पार्टी र क्रान्तिको अभिभावक भएको भन्दै उनको क्रान्तिकारी आदर्शलाई पछ्याउनुपर्ने धारणा राखे । विप्लवले आफ्नो पार्टी जनताको सेवक भएको र अहिलेको दलाल पुँजीवादी व्यवस्थाले जनताको समस्या समाधान नगर्ने प्रस्ट पारे । उनले जनता र देशलाई केन्द्रमा राखेर पार्टी एकता सम्भव हुने बताए ।

क्रान्तिको निशाना नेपाली सेना र प्रहरीसित नभई दलाल पुँजीपति वर्ग रहेको पनि महासचिव विप्लवको धनाइ छ । महासचिव विप्लवले जनयुद्धका क्रममा नेतृत्वले धोका दिएका कारण क्रान्तिको झन्डा आफूहरूले उठाउनुपरेको भन्दै श्रमिक जनताको सपना पूरा नहुँदासम्म क्रान्ति जारी राख्ने पनि बताए ।

नेकपा (माओवादी केन्द्र) का प्रवक्ता कृष्णबहादुर महराले नेता वीरजङ्गसँगको विगत स्मरण गर्दै उनी क्रान्तिप्रति

... बाँकी पृष्ठ ७ मा

## जनप्रतिनिधिहरू जनताका साँढे भए : प्रकाण्ड



**कालीकोट** : नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' ले जनप्रतिनिधिहरू जनताका साँढे भएको बताएका छन् । कालीकोटको खुलालु बजार व्यवस्थापन समितिले बुधबार आयोजना गरेको स्वागत कार्यक्रममा नेता प्रकाण्डले जनप्रतिनिधिहरू साँढे

... बाँकी पृष्ठ ७ मा

## नेता वीरजङ्गको निधन बलिदान र सहादत स्तरको हो : रणवीर

■ रातोखबर संवाददाता/रामेछाप

**मन्थली (रामेछाप)** । नेकपाका केन्द्रीय सदस्य एवम् रामेछाप-सिन्धुली जिल्ला इन्चार्ज भरत बम 'रणवीर' ले नेकपाका केन्द्रीय नेता चन्द्रबहादुर चन्द 'वीरजङ्ग' को निधन बलिदान र सहादत स्तरको रहेको बताएका छन् । नेकपा रामेछापले बुधबार मन्थलीमा आयोजना गरेको श्रद्धाञ्जलीसभामा श्रद्धाञ्जली मन्तव्य राख्दै प्रमुख अतिथि नेकपा नेता रणवीरले भने, 'नेकपामाथि प्रतिबन्ध लगाएर, झूट्टा मुद्दा लगाएर, नेताहरूलई जेल हालेर उपचार नगराई मारिएको छ । जेलबाट उपचारका लागि सीधै अस्पताल लगिएका नेता वीरजङ्गको निधन स्वाभाविक मृत्यु नभएर राज्यले उपचार नगरेर र यातना दिएर गरेको हत्या हो । यो सहादत स्तरको निधन हो ।'

पेरू कम्युनिस्ट पार्टी साइनिङपाथका अध्यक्ष गोन्जालो र इटालियन कम्युनिस्ट पार्टीका नेता ग्राम्सीलाई त्यहाँका फासिवादी शासकहरूले जेलमै हत्या गरेजस्तै नेता वीरजङ्गको मृत्यु पनि सामान्य नभएकाले यस किसिमका हत्याका विरुद्ध देशव्यापी भण्डाफोर र प्रतिरोध आन्दोलन आवश्यक रहेको नेता रणवीरको भनाइ थियो । देश, जनता, आफ्नो वर्ग र क्रान्तिका पक्षमा निरन्तर लागिरहने नेता वीरजङ्ग अनुकरणीय चरित्र र स्वभाव भएका व्यक्तित्व भएकाले उनीबाट क्रान्तिकारीहरूले पाठ सिक्नुपर्ने नेता रणवीरले बताए ।

इमानदार र क्रान्तिकारी कम्युनिस्ट नेता वीरजङ्गको निधनले घरपरिवार र पार्टी परिवार दुवै शोकसन्तप्त रहेको भन्दै उनले मर्माहत सबैलाई शोकलाई शक्तिमा रूपान्तरण गर्न र वीरजङ्गहरूको हत्या गर्ने राज्यसत्ताका विरुद्ध विस्फोट हुने वातावरण निर्माण गर्न आवश्यक रहेको बताए । समाजका लागि, आमूल परिवर्तन र क्रान्तिका लागि व्यक्तिगत स्वार्थ त्यागेर हिँडेकाहरू नै महान् बन्ने उदाहरण प्रस्तुत गर्दै नेता रणवीरले हामी सबैले गौरवशाली जीवन, गौरवपूर्ण मृत्यु र अमर बन्ने यात्रामा लामबद्ध हुनुपर्ने धारणा

... बाँकी पृष्ठ ६ मा

## मूल्यवृद्धि फिर्ता नलिइए सडकमा उत्रिन बाध्य हुनेछौँ : जागरण मञ्च

■ रातोखबर संवाददाता/काठमाडौँ

राष्ट्रिय जागरण मञ्चले सरकारले चाडबाडको मुखमा फेरि पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरेर जनतालाई धोका दिएको भन्दै एकातिर प्राकृतिक प्रकोप र अर्कोतिर मूल्यवृद्धि हुँदा सरकारको काम नाफा कमाउने, सरकार टिकाउने मात्र रहेको प्रमाणित भएको जनाएको छ । मञ्चले विज्ञप्ति जारी गरी सरकारको मातहतमा रहेको नेपाल आयल निगमलाई तुरुन्त मूल्य घटाउन, अन्यथा चाडपर्वको समयमा पनि सडकमा उत्रिन बाध्य हुने चेतावनी पनि दिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'नेपाल आयल निगमले गएको मध्यरातमा पेट्रोलियम पदार्थको पुनः मूल्यवृद्धि गरेको छ । सबैलाई थाहा भएको कुरा हो- पेट्रोलियम पदार्थको मूल्यवृद्धिले प्रत्यक्ष रूपमा उपभोग्य वस्तुको मूल्य स्वतः वृद्धि हुने भएकाले



राष्ट्रिय जागरण मञ्च, नेपाल
National Awareness Forum, Nepal

द.नं.
र.नं.

विषय : मूल्यवृद्धि खारेज गर !

नेपाल आयल निगमले गएको मध्यरातमा पेट्रोलियम पदार्थको पुनः मूल्यवृद्धि गरेको छ । सबैलाई थाहा भएको कुरा हो- पेट्रोलियम पदार्थको मूल्यवृद्धिले प्रत्यक्ष रूपमा उपभोग्य वस्तुको मूल्य स्वतः वृद्धि हुने भएकाले कोरोना कहर, वर्षा, बाढीपहिरो, बेमौसमी वर्षाबाट धान खेतीमा भएको क्षतिले आक्रान्त जनताको घाउमाथि मूल्यवृद्धिले नुनचुक लगाउने काम भएको छ । एकातिर प्राकृतिक प्रकोप, अर्कोतिर मूल्यवृद्धि हुँदा सरकारको काम नाफा कमाउने, सरकार टिकाउने मात्र रहेछ भनेर जनताले बुझ्दा अन्यथा नहुने भएको छ । त्यसैले सरकारको मातहतमा रहेको नेपाल आयल निगमलाई तुरुन्त मूल्य घटाउन हाम्रो मञ्च जोडदार माग गर्दछ । अन्यथा चाडपर्वको समयमा पनि सडकमा उत्रिन बाध्य हुनेछौं । सबै क्षेत्रबाट जनतामा निराशा मात्र पस्किरहेको सत्ता र सरकारको समयमा नै ध्यान जाओस् ।

गुणराज लोहनी
संयोजक

मिति :- ११ कार्तिक, २०७८

कोरोना कहर, वर्षा, बाढीपहिरो, बेमौसमी वर्षाबाट धान खेतीमा भएको क्षतिले आक्रान्त जनताको घाउमाथि मूल्यवृद्धिले नुनचुक लगाउने काम भएको छ ।'

विज्ञप्तिमा भनिएको छ, 'एकातिर प्राकृतिक प्रकोप, अर्कोतिर मूल्यवृद्धि हुँदा सरकारको काम नाफा कमाउने, सरकार टिकाउने मात्र रहेछ भनेर जनताले बुझ्दा अन्यथा

... बाँकी पृष्ठ ६ मा

## पुरानो सत्तामा चरम सङ्कट

***जनताको न्यायपूर्ण आवाजलाई बन्दुकले दबाउन खोजियो भने हामी चुप लागेर बस्दैनौँ***

*विप्लव*

**देश/परिवेश**

■ विप्लव



नेपालका युवाहरू विगत ७० वर्षदेखि लडिरहेका छन् । नेपालको स्वाधीनता र देशको भविष्यका लागि नेपालका युवाहरू सङ्घर्ष गर्दै आइरहेका छन् र आज पनि जारी छ । मलाई सम्झना छ । पञ्चायतका विरुद्ध काठमाडौँमा महेन्द्रको सालिकमा उक्लने युवाहरूले सोच्दै थिए होलान्, सायद उनीहरू सोच्दै थिए होलान्- म मरे पनि देश स्वाधीन बन्नेछ । त्यति बेला महेन्द्रको सालिक तोड्न उक्लने युवाहरूलाई प्रहरीले गोली हान्दै ढाल्दै गऱ्यो तर युवाहरू आत्मसमर्पण गरेनन् । तपाईंहरूले इतिहास सुन्नुभएको राणाविरोधी आन्दोलनमा संलग्न युवाहरूलाई कलेजबाट, क्लबबाट गिरफ्तार गरे । उनीहरूले आत्मसमर्पण गरेनन् । राणाहरूले आत्मसमर्पण गराउन खोज्दा युवाहरूले आफ्नो जीवन बलिदान गरे तर झुकेनन् । उनीहरूले देशको भविष्यको सपना बोकेका थिए र आफ्नो जीवन आहुति दिए । उनीहरू सोच्थे होलान्- हामी मरेर गए पनि देश तानाशाही शासनको चङ्गुलबाट मुक्त हुनेछ ।

हामी युवा हुँदा कहिलेकहीँ यो रातो ब्यानर ओढेर पनि सुत्ने गर्थ्यौं र सपना देख्थ्यौं । हामीसँग राम्रो खाने र लगाउने नै हुँदैनथ्यो । हामी काठमाडौँका गल्लीहरूमा बसेर सपना देख्थ्यौं- एक दिन नेपालका जनता मुक्त हुनेछन् र नेपालका जनताले नयाँ भविष्य पाउनेछन् । हामीले दुःख उठायौं भने नेपालका जनताले नयाँ भविष्य पाउँछन् भने हामी तयार हुनुपर्छ भन्ने कुरा सोच्थ्यौं । तपाईंहरूजस्तै युवा हुँदा हामी कलेज छोडेर जनयुद्धमा हामफालेका थियौं । हामीलाई प्रचण्ड, बाबुराम, किरण र बादलहरूले एउटा सपना भरिदिनुभएको थियो- हाम्रो जीवनभन्दा प्यारो हाम्रो मुक्ति हो । हामीले जनयुद्धमा हामफाल्दाखेरि हामीले आफ्नो जीवनका बारेमा कहिल्यै सोचेनौं । हामी मर्छौं कि बाँच्छौं, त्यो थाहा थिएन तर हाम्रो एउटै सपना थियो- जनताको सपनालाई पूरा गर्ने हाम्रो सपना थियो । तानाशाही सत्तालाई पराजित गरेर जनताको सपना स्थापित

... बाँकी पृष्ठ ७ मा

# सम्पादकीय

## जनसंस्कृति निर्माणमा सचेत पहल

राजनीतिमा आएको प्रतिक्रान्तिले सत्तासंस्कृति पनि अत्यन्त प्रतिक्रान्तिकारी भएको छ। सत्तासंस्कृति राष्ट्रियताविरुद्ध छ। जनतन्त्रविरुद्ध छ। जनजीविकाविरुद्ध छ। सत्तासंस्कृति अत्यन्त भद्दा र दलाल बन्दै गएको छ। आमूल परिवर्तनका लागि भएका वर्गसङ्घर्षहरूले नयाँ र जनसंस्कृतिका भ्रूणहरू निर्माण गरेका थिए तर वर्गसङ्घर्षको नेतृत्व गरेका नायकहरूकै नेतृत्वमा प्रतिक्रान्तिको पनि नेतृत्व भयो। निर्माण हुँदै गएको जनसंस्कृतिको भ्रूणहत्या भयो। फेरि अमानवीय, सामन्ती, पुँजीवादी, साम्राज्यवादी, दलाल संस्कृतिको दबदबा भयो। यो मुलुकको नकारात्मक पाटो हो तर सबै क्षेत्रमा नकारात्मक मात्र होइन, साकारात्मक कामहरु पनि भएका छन्। खराबका विरुद्ध, नयाँ निर्माणका लागि विद्रोह र बलिदानको संस्कृति निर्माण-आरम्भ भएको छ। २३ जना महान् योद्धाले वैज्ञानिक समाजवाद स्थापनाका लागि बलिदानको बाटो रोजेर नयाँ संस्कृतिको जग बसालेका छन्। हजारौँ योद्धाहरुले जेल मोर्चामा आफूलाई अब्बल साबित गरेका छन्। छिटफुट रूपमा आत्मसमर्पण र पलायन देखिए पनि मूल रूपमा विद्रोह र नयाँ निर्माणको संस्कृति आरम्भ हुँदा यसले क्रान्तिकारी आन्दोलनमा आशा जगाएको छ।

सत्तासंस्कृति अत्यन्त विद्रुप छ। आफूलाई वामपन्थी, अझ कम्युनिस्ट भन्न रुचाउने पार्टी र तिनका नेताहरूले आफू आबद्ध सत्ता-सरकार विगठन गर्दै दलाल पुँजीपति वर्गको नेतृत्व गर्ने नेपाली काङ्ग्रेसको नेतृत्वमा सरकार बनाएर आफू सहभागी भएको अवस्था छ। यो अवस्था उत्पन्न हुनु भनेको झापा विद्रोहको नेतृत्व गर्नेहरूको समूहबाट बनेको माधव नेपालको नेतृत्वको पार्टी एकीकृत समाजवादी, जनयुद्धको नेतृत्व गर्ने पुष्पकमल दाहालको नेतृत्वको नेकपा (माओवादी केन्द्र) देखि जनयुद्धको नेतृत्व गर्नेहरूमध्येकै एक तर बीचमा वर्गसङ्घर्षबाट विचलित भएका बाबुराम भट्टराई नेतृत्वको पार्टी जसपा हुँदै मोहनविक्रम सिंह-चित्रबहादुर केसी नेतृत्वका मसाल-राजमोसमेतले नाउँको कम्युनिस्ट केपी ओलीको नेतृत्व हटाएर नेपाली काङ्ग्रेसको शेरबहादुर देउवा नेतृत्वमा सरकार गठन गर्नुलाई अग्रगामी, लोकतान्त्रिक वा प्रगतिशील कदम रहेको निष्कर्ष निकाल्नुले अब सत्ताचरित्र पूरै प्रतिक्रान्तिकारी, प्रतिगामी भइसकेको हठर गर्नु कुनै अन्यथा हुनेछैन। यो अवस्थाले आमजनमानसमा जुन पार्टीलाई भोट हालेर पठाए पनि आखिरमा उस्तै त हुन् नि भन्ने नकारात्मक सन्देश गएको छ। जनतालाई वैज्ञानिक समाजवाद एक मात्र विकल्प हो रहेछ भन्ने सन्देश पनि गएको छ।

सत्तामा आएको प्रतिगामी परिघटनाको अवस्थाले विगतमा जहानियाँ राणाशासनविरुद्ध, निरङ्कुश राजतन्त्रविरुद्ध, आततायी पञ्चायती व्यवस्थाविरुद्ध, राजतन्त्रात्मक संसदीय व्यवस्था, फासिवादी शाही शासन र दलाल संसदीय व्यवस्थाविरुद्ध जनताले गरेको त्याग, शौर्य र बलिदानलाई अपमान गर्ने काम गरेको छ। यो अत्यन्त विद्रूप सत्ताचरित्र हो। नेपाली जनताले यो खिचडी, प्रतिगामी सत्ताचरित्रको पराकाष्टालाई निर्मम समीक्षा गर्नेछन्। यसले काङ्ग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाको एउटै वर्ग हो भन्ने प्रमाणित भएको छ। दाहाल नेतृत्वको कथित माओवादी केन्द्रको यो स्तरमा भएको स्खलनले २०५० को दशकमा कम्युनिस्ट नाउँधारी एमालेको पतनलाई पनि उछिनेको छ। आफूलाई प्रजातान्त्रिक भन्ने शक्तिहरूले सञ्चालन गरेको संसदीय व्यवस्थामा आएको चरम विकृति-विसङ्गतिले जनतालाई आजित पारेपछि नै जनताले जनयुद्धलाई बढी समर्थन र सहयोग गरेका थिए र त्याग, शौर्य, बलिदानका कारण त्यो क्रमशः महान् जनयुद्ध बनेको थियो। महान् जनयुद्धले सत्ताको उपरिसंरचनामा मात्र होइन, आन्तरिक संरचना र पुरातन सत्तासंस्कृतिमाथि पनि धावा बोलेको थियो। जनताको बलिदानको मात्रासँगै नयाँ संस्कृति, नयाँ पर्व, नयाँ संस्कारहरू निर्माण हुँदै समाज सभ्यताको शिखरतिर लम्किरहेको थियो। मानिसले रूढि, अन्धविश्वास, दलाली, ठगी, लुच्याइँ, गुन्डागर्दी, कुसंस्कार त्याग्दै बलिदानको जगमा नयाँ संस्कृति, जनवादी संस्कृति निर्माण आरम्भ गरेपछि त्यसले समाजवादी संस्कृतिको स्तर निर्माण हुने गति लिएको थियो।

सत्ताराजनीति र सत्तासंस्कृतिमा आएको प्रतिगमन, राष्ट्रघात र दलालीका विरुद्ध फेरि त्याग, शौर्य, विद्रोह र बलिदानको राजनीति आरम्भ भएको छ र त्यसको जगमा फेरि नयाँ, जनसंस्कृति, समाजवादी संस्कृति निर्माणका लागि सचेततापूर्वक पहल सुरु भएको छ। गाउँगाउँमा नयाँ संस्कृतिका भ्रूणहरू देखिएका छन्। नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव र पार्टीका अन्य नेताहरूले महान् सहिदका परिवार, बेपत्ता योद्धा र घाइते योद्धाका परिवारसमक्ष आफूहरू बलिदान हुन तयार रहेको तर सहिदका सपनामा तुसारापात हुन नदिने प्रतिबद्धता व्यक्त गरेर जनक्रान्तिले निर्माण गर्ने वैज्ञानिक समाजवादी सत्तासँगै समाजवादी संस्कृति निर्माणको आधार तयार पारिरहेका छन्। देशका विभिन्न भागमा पार्टी र सांस्कृतिक मोर्चाहरूको अगुवाइमा साम्राज्यवादी, पुँजीवादी, सामन्तवादी संस्कृतिका विरुद्ध जनसंस्कृति, नयाँ संस्कृति, वैज्ञानिक समाजवादी संस्कृति निर्माणका बहसहरू अघि बढेका छन्। यी सचेत पहलहरूले राजनीतिक र सांस्कृतिक प्रतिक्रान्तिका विरुद्ध धावा बोलेको छ र नयाँ, समाजवादी संस्कृतिको सचेततापूर्ण पहल लिएको अनुभूति भएको छ। अब गाउँगाउँबाट, टोलटोलबाट, सहरका कुनाकन्दरा र चोकचोकबाट राष्ट्रघाती, जनघाती, अत्याचारी, दलाल, गद्दार, पलायनवादी धोकेबाज संस्कृतिका विरुद्ध छलफल, बहस, गोष्ठीहरू हुनुपर्छ र क्रान्तिकारीहरूले आफूलाई पुराना सत्तासंस्कृतिका खराब आदतका अवशेषहरूबाट मुक्त गराउँदै नयाँ र समाजवादी संस्कृतिका बाहक, अवलम्बनकर्ता, ग्रहणकर्ता र नमुना बनाउनुपर्छ। समाजमा पुरानो सत्तासंस्कृतिको वर्चस्व रहेको समयमा नयाँ, क्रान्तिकारी संस्कृतिका भ्रूणहरू नै सांस्कृतिक क्रान्तिका दावानल बन्न सक्छन्, बन्छन् र बन्नुपर्छ। यसका लागि क्रान्तिकारीहरूले सचेततापूर्वक पहल गर्नुपर्छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# पार्टी स्कुलिङबारे



धर्मेन्द्र बास्तोला 'कञ्चन'

प्रशिक्षक र प्रशिक्षार्थी कमरेडहरू, सबैमा हार्दिक अभिवादन,

हाम्रो पार्टीको पश्चिम कमान्डको स्कुलिङ कार्यक्रम औपचारिक रूपमा सुरु भएको म घोषणा गर्दछु।

हामी पार्टीको स्कुलिङका लागि यहाँ उपस्थित भएका छौँ। हामीले कमरेडहरूलाई यहाँ उपस्थित गर्नुको तात्पर्य पार्टीको विचारलाई नेपाली क्रान्तिले माग गरेअनुसार, अहिलेको समाजलाई क्रान्तिकारी रूपान्तरण गर्नका लागि देश र जनताले माग गरेअनुसार, देशको परिस्थितिले माग गरेअनुसार हाम्रो बुझाइलाई माथि उठाउनका लागि हो।

स्कुलिङको तात्पर्य के हो ? हामीले हाम्रा भनाइहरूको सुरुआत यहाँबाट गर्नुपर्छ। हामीले कमरेडहरूलाई केही पनि नजान्ने भनेर यहाँ यो प्रशिक्षण कार्यक्रममा जम्मा गरेका होइनौँ। तपाईंहरू जुन ब्युरो समितिबाट यहाँ आउनुभएको छ, जुन जिल्ला समितिहरूबाट वा जुन एरिया समितिहरूबाट यहाँ आउनुभएको छ, निश्चित रूपमा तपाईंहरू सबै नेताहरू हुनुहुन्छ। तपाईंहरू सबै आआफ्नो स्थानमा प्रशिक्षक पनि हो। तपाईंहरूले हमेसा नेपालमा क्रान्ति आवश्यक भएको, नेपालको जनवादी क्रान्ति, जसलाई हामीले वैज्ञानिक समाजवादी क्रान्ति भनेका छौँ, त्यसको पथप्रदर्शक सिद्धान्त भनेको मार्क्सवाद-लेनिनवाद-माओवाद मानेका छौँ, त्यसलाई ग्रहण, प्रयोग र विकास गर्नुपर्ने तथ्यको प्रशिक्षण गर्दै आउनुभएको छ र त्यो क्रान्तिका लागि सामान्य कार्यदिशा एकीकृत जनक्रान्ति भएको विषयमा नेपाली जनतालाई प्रशिक्षित गर्दै आउनुभएको छ। त्यसैका आधारमा नेपाली जनतालाई, नेपालको सर्वहारा वर्गको पार्टीको वरिपरि सङ्गठित गर्दै र पुरानो प्रतिक्रियावादी सत्तालाई बदल्नका लागि सङ्घर्ष चलाउँदै पनि आउनुभएको छ। यति हुनु भनेको अहिलेको सापेक्षतामा कुशल प्रशिक्षक हुनु पनि हो। तपाईंहरू आफैँ कुशल प्रशिक्षक पनि हो। फेरि पनि, हामीले सिनियर कमरेडहरूको टिमलाई यहाँ उपस्थित गरेका छौँ र पार्टीको पहलकदमीमा स्कुलिङ विभागले आयोजना गरी यो स्कुलिङ कार्यक्रम सञ्चालन भइरहेको छ।

हामीले स्कुलिङ चलाउनुको तात्पर्य मैले अघि नै भनिसकेँ, तपाईंहरू केही पनि नजान्ने भएको कारण होइन, हामीले विगतको 'स्कुल अफ थट' बदल्न जरुरी छ। त्यसकारणले यो आवश्यक परेको हो। हामीसँग अहिले नयाँ पार्टी छ : नेपाल कम्युनिस्ट पार्टी। हामीसँग अहिले नयाँ कार्यदिशा छ : एकीकृत जनक्रान्तिको कार्यदिशा। हामीसँग अहिले नयाँ नेतृत्व छ : कमरेड विप्लवको नेतृत्वमा गोलबन्द भएको क्रान्तिकारी, जुझारु टिम। यसको 'स्कुल अफ थट' नयाँ बनेको छ। यसलाई हामीले विप्लव 'स्कुल अफ थट' अथवा एकीकृत जनक्रान्तिको 'स्कुल अफ थट' भन्दा सही होला, त्यस विषयमा राम्रो जनकारी गराउनुपर्छ। यही 'स्कुल अफ थट' लाई व्यवस्थित तरिकाले देशमा लैजानका लागि हामीले यो स्कुलिङ कार्यक्रम गरिरहेका छौँ र देशभर नै हामीले यसलाई चलाउनु आवश्यक भएको छ।

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा विभिन्न 'स्कुल अफ थट' देखापरेका छन्। नेपालमा धेरै पहिले कम्युनिस्ट 'स्कुल अफ थट' प्रवेश गरेको थियो। त्यसपछि यसमा विभिन्न समय, समाज र वर्गसङ्घर्षको गतिअनुसार विभिन्न रुझान देखापर्ने भयो। लेनिन र स्टालिनहरूको नेतृत्वमा रुसमा १९१७ भएको समाजवादी क्रान्तिले संसारभरि समाजवादको प्रचार गर्‍यो। यो क्रान्तिले विश्वभर नै एक प्रकारले नयाँ प्रकारको कम्युनिस्ट 'स्कुल अफ थट' पैदा गर्‍यो। नेपालमा पनि त्यसको प्रभाव नपर्ने कुरा थिएन। महाकवि लक्ष्मीप्रसाद देवकोटाले एक ठाउँमा भन्नुभएको थियो, 'म लेनिनजस्तो रौँचिरा बहस गर्ने मान्छे होइन।' यसको तात्पर्य के हो ? लक्ष्मीप्रसाद देवकोटामा समाजवादको गहिरो प्रभाव थियो तर उहाँमा त्यतिबेलाको नेपाली समाजको राजनीतिक अवस्था, जनताको चेतना र उत्पादन सम्बन्धको कारण हुनसक्छ। लेनिनको जस्तो रौँचिरा अध्ययन गर्ने नेतृत्वदायी सामर्थ्य थिएन। 'जयतु संस्कृतम्' अहिलेको चेतनाबाट हेर्दा धार्मिक नाराजस्तो देखिन्छ तर त्यतिबेलाको समाजको अवस्था हेर्‍यो भने त्यो नारा पनि कम्युनिस्ट 'स्कुल अफ थट' बाट प्रभावित थियो। त्यसले चरम रूपमा केन्द्रीकृत राणाहरूको सत्ताको भण्डाफोर गरेको थियो र न्यूनतम् जनतन्त्र वा लोकतन्त्रको माग गरेको थियो।

यही कम्युनिस्ट 'स्कुल अफ थट' देशमा रहेको कारण कमरेड पुष्पलालको नेतृत्वमा कम्युनिस्ट पार्टी गठन भयो। कम्युनिस्ट पार्टीको गठन गर्नु र त्यसले जनवादी सत्ता स्थापना गर्नकालागि सङ्घर्ष तय गर्नु पनि 'स्कुल अफ थट' ले नै काम गरेको हो। कम्युनिस्ट पार्टीको गठन भैसकेपछि नेपालको कम्युनिस्ट आन्दोलनमा विभिन्न प्रकारका 'स्कुल अफ थट' देखापरे। पुष्पलालको 'स्कुल अफ थट', तुलसीलालको 'स्कुल अफ थट', केशरजङ्ग रायमाझीको 'स्कुल अफ थट' नेपाली कम्युनिस्ट आन्दोलनको पहिलो पुस्ताको 'स्कुल अफ थट' भए। मनमोहनहरू केशरजङ्ग रायमाझीको 'स्कुल अफ थट' बाट प्रभावित थिए। यो 'स्कुल अफ थट' लाई दोस्रो पुस्ताको 'स्कुल अफ थट' ले विस्थापन गर्‍यो। त्यसमा मोहनविक्रमको 'स्कुल अफ थट', निर्मल लामाको 'स्कुल अफ थट' र झापा विद्रोहीहरूको 'स्कुल अफ थट' प्रमुख रहे। झापा विद्रोहको क्रान्तिकारी धार भारतीय कम्युनिस्ट आन्दोलनका क्रान्तिकारी नेता कमरेड चारु मजुमदारको 'स्कुल अफ थट' प्रभावित थियो। यो आफ्नै प्रकारको सोचविचार नभएर अर्काको अन्धानुकरण भएको कारण झापा विद्रोह सही भए पनि यो 'स्कुल अफ थट' पानीको फोकाजस्तै बिलाउन पुग्यो। त्यतिबेलाका नेताहरू बिस्तारै पञ्चायतमा प्रवेश गरे। पछि संसद्वादी बने र अहिले त्यो महान् झन्डा उठाएको इतिहासप्रति पश्चाताप गरिरहेका छन्। अहिले उनीहरू कुनै न कुनै तरिकाले आपसमा आफूलाई साम्राज्यवादको अब्बल दर्जाको चाकरका रूपमा देखाउन निर्लज्ज तरिकाले प्रतिस्पर्धा गर्दै आएका छन् र साम्राज्यवादको आशीर्वाद प्राप्त गरेकोमा गर्व गर्छन्। झापा विद्रोहका नेताहरू अन्ततः रायमाझी 'स्कुल अफ थट' मा विसर्जित भए। तर आफ्नै स्वत्वसहितको 'स्कुल अफ थट' निर्मल लामा र मोहनविक्रममा विकास भएको कारण त्यसले अहिले पनि समाजमा कुनै न कुनै प्रकारले प्रभाव पारी नै रहेको छ।

कम्युनिस्ट आन्दोलनको दोस्रो पिँढीको 'स्कुल अफ थट' लाई तेस्रो पिँढीको 'स्कुल अफ थट' ले विस्थापित गर्‍यो किनकि दोस्रो पिँढीको 'स्कुल अफ थट' ले क्रान्तिकारी आन्दोलनको गुणात्मक विकास गर्न सकेन। तेस्रो पिँढीमा पनि विभिन्न रुझानहरू देखापरे। नारायणमान बिजुक्छेको 'स्कुल अफ थट' एक प्रकारको रह्यो। रूपलाल विश्वकर्माको अर्को प्रकारको रह्यो। उनीहरूको सोचविचारअनुसार नेपालका प्रभावकारी सङ्घर्षहरू भए तर उनीहरूका सोचाइहरू सही र वैज्ञानिक प्रकारका रहेनन्। नेपाली समाजमा प्रचुर प्रभाव पारेको तेस्रो पिँढीको 'स्कुल अफ थट' भनेको प्रचण्डको हो। त्यसमा बाबुराम पनि जोडिन्छन् र यसलाई प्रचण्ड-बाबुराम 'स्कुल अफ थट' भन्दा सटिक हुन्छ। यो 'स्कुल अफ थट' ले नेपालमा एउटा सशक्त प्रभाव छाडेको छ। दुनियाँमा कतिसम्म यसले प्रभाव छाड्यो भने नेपाल भ्रमण गर्ने एकजना चिनियाँले हामीसँग भनेका थिए, 'नेपालमा दुईजना मानिसहरू विश्वव्यापी रूपमा चर्चित छन्। त्यसमा, एकजना प्रचण्ड हुन्।' मलाई कौतुहल जाग्यो। दोस्रो मानिस को होला ? भन्ने। मनमनमा बाबुराम वा मनमोहन होला भन्ने सोच्दै मैले सोधी पनि हालेँ, 'दोस्रो मानिस को हो त ?' भनेर। उसले भन्यो 'गौतम बुद्ध।' मेरो भनाइको तात्पर्य के हो भने प्रचण्ड 'स्कुल अफ थट' चानचुने थिएन। यो निकै प्रभावकारी थियो। सशक्त प्रकारको थियो। इतिहासको नियम नै भन्नुपर्छ 'बूढो पात झर्ने र नयाँ पात पलाउने'। प्रचण्ड-बाबुरामहरूको 'स्कुल अफ थट' पनि अन्ततः मनमोहनको बाटोमा विसर्जित भयो। एमालेमा विलीन हुन पुग्यो। फेरि पनि त्यसले समाजमा काम गरिरहेको छ। नेपालको कम्युनिस्ट आन्दोलनमा त्यसले प्रभाव पारिरहेको छ। त्यसले कम्युनिस्ट जीवनमा, कमरेडहरूको सोचविचारमा नकारात्मक प्रभावहरू छाडिरहेको छ। त्यसकारण हामीलाई स्कुलिङ चाहिएको छ र त्यो स्कुलिङ भनेको प्रचण्ड-बाबुराम 'स्कुल अफ थट' को विस्थापन र एकीकृत जनक्रान्तिको 'स्कुल अफ थट' वा विप्लव 'स्कुल अफ थट' को स्थापनाका लागि हो।

के हामीले कम्युनिस्ट आन्दोलनमा प्रचण्ड-बाबुराम 'स्कुल अफ थट' ले कसरी काम गरेको भन्ने थाहा पाउन सक्छौँ ? वा कसरी थाहा पाउँछौँ ? के तपाईंहरूले यसका बारेमा केही सोच्नुभएको छ ? म तपाईंहरूलाई एउटा सामान्य प्रश्न सोध्छु- तपाईंहरूले यो स्कुलिङ कार्यक्रममा आउँदा मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ, चारु, एभाकियन, अजित, गोन्जालो वा कुनै समकालीन कम्युनिस्टहरूका विचारहरू भएको समाजवादबारे बहस गरेको कुनै पुस्तक झोलामा हालेर ल्याउनुभएको छ ? मैलै दस सेकेन्ड रोकेर हेर्दा पनि कसैको सकारात्मक आवाज सुनिएन र कसैको हात पनि उठेन। यही हो प्रचण्ड 'स्कुल अफ थट' को प्रभाव भनेको। किनभने प्रचण्ड-बाबुराम 'स्कुल अफ थट' ले पछिल्लो चरणमा कार्यकर्ताहरूलाई चन्दा सङ्कलन गर्ने, रुपैयाँ पैसा जम्मा गर्ने, पद र प्रतिष्ठाका लागि झगडा गर्ने, बार्गेनिङ गर्ने, सिद्धान्त र नीतिबारे पूरै बेवास्ता गर्ने बनायो। सिद्धान्तले खान दिन्छ ? खानका लागि रुपैयाँ चाहिन्छ भन्ने बनायो ? जनता-सन्ता के मतलब, पहिले आफ्नो दुनो सोझो हुनुपर्छ भन्ने बनायो। हुन पनि किन नहोस्, त्यहाँ क्रान्तिको मुद्दा समाप्त भयो। देशको परिवर्तन, सामाजको आमूल रूपान्तरण समाप्त भयो। उनीहरू अहिले जनतालाई झुक्याउनका लागि विकास र निर्माणको रित्तो बाजा बजाउँदै हिँडेका छन्। नगराले बाजा, (ठाडो ढोलजस्तो देखिने पन्चे बाजा, अहिले लोप भैसकेको छ), हान्दा आवाज आउँछ, चर्को आवाज आउँछ तर भित्र केही हुँदैन, त्यस्तै प्रचण्ड-बाबुरामहरू, केपीहरूको मुखमा जनताको आवश्यकताको नगराले हान्दा आवाज आउँछ, विकास र निर्माणको तर भित्र पूरै खाली छ, ढोलको पेटजस्तै खाली छ। अझ उनीहरू त्यसलाई सैद्धान्तिकीकरण गर्न खोज्छन्। अहिले उनीहरू त्यही खाली आवाज लिएर हिँडिरहेका छन्। अनि त्यहाँ भएका कार्यकर्ताहरूले के गर्ने ? आर्थिक विकास त गर्ने तर देशका लागि आर्थिक विकास हुन देश स्वाधीन हुनुपर्‍यो, प्राकृतिक स्रोतहरू राज्यको हातमा हुनुपर्‍यो, राष्ट्रिय पुँजीको विकास गर्न राज्यले राष्ट्रिय पुँजीपतिहरूको संरक्षण गर्नुपर्‍यो, देशका सम्पूर्ण जनतालाई उत्पादनमा सहभागी बनाउनुपर्‍यो, बजेटको योजनाबद्ध खर्च र देखिने क्षेत्रमा लगानी हुनुपर्‍यो। त्यो कुनै पनि सम्भव हुने भएन। त्यसो भएपछि आर्थिक उन्नति केमा जाने भयो ? आफ्नो व्यक्तिगत आर्थिक उन्नतिमा जाने भयो। त्यो कसरी हुन्छ ? त्यो भ्रष्टाचारबाट, तस्करीबाट, चोरीडकैतीबाट, मान्छेको बेचबिखनबाट हुने भयो। तपाईंहरूले सुन्नुभएको छ नि, जति श्रममन्त्री हुन्छन् उनीहरूले युवकयुवती बिक्री गर्न करोडौँको कमिसन खाने गर्छन्। त्यसो भएपछि यो त के भयो ? हिजो काङ्ग्रेस, एमालेहरूले जे गरेका थिए त्यही भयो। त्योभन्दा केही फरक भएन। यो 'स्कुल अफ थट' ले उनीहरू त रसातलमा डुबे तर हाम्रो पार्टीलाई पनि छाडेन।

म भन्दै थिएँ, तपाईंको झोलामा कुनै किताब छ जसले दर्शनशास्त्रका बारेमा, राजनीतिक अर्थशास्त्रका बारेमा, वैज्ञानिक समाजवादका बारेमा वा अहिलेको प्रतिगामी राज्य व्यवस्थाका बारेमा नै लेखिएको किन नहोस्। छैन। किनकि प्रचण्ड-बाबुरामको 'स्कुल अफ थट' ले हामीलाई पनि के बनायो भने पढ्ने कामजति नेताहरूको नै हो। हाम्रो काम त पैसा उठाउने, पार्टीलाई दिने हो किनकि हामीलाई पार्टी चलाउन, कार्यकर्ताका समस्या समाधान गर्न र क्रान्ति गर्न पैसा चहिन्छ, रुपैयाँ चाहिन्छ भन्ने बुझिएको छ। यो सही पनि हो। गर्नु पनि परेको छ। तर मैले भनेको के हो भने यहाँ 'स्कुल अफ थट' को कुरा छ। यहाँ समाज बनाउन मैले पनि सोच्नुपर्छ भन्ने छैन। सबै नेताहरूले गर्छन् भन्ने छ। यो 'स्कुल अफ थट' भनेको प्रचण्ड-बाबुरामहरूको हो।

हामीले प्रचण्ड-बाबुरामहरूको 'स्कुल अफ थट' लाई खारेज गर्नुपरेको छ। त्यसलाई क्रान्तिकारी 'स्कुल अफ थट' ले विस्थापित गर्नुपरेको छ। त्यसलाई एकीकृत जनक्रान्तिको 'स्कुल अफ थट' ले विस्थापित गर्नुपरेको छ। कमरेडहरू, त्यसका लागि यो स्कुलिङको आवश्यकता पर्‍यो। किन आवश्यक छ पुरानो 'स्कुल अफ थट' को परिवर्तन ? हरेक नयाँ समाजलाई आफ्नो आवश्यकताअनुसारको 'स्कुल अफ थट' चाहिन्छ र विकास गर्नुपर्छ। प्रचण्ड-बाबुरामहरू एमालेहरूजस्तै रायमाझीको 'स्कुल अफ थट' मा किन पुगे ? किनकि सामाजको पश्चगमनका लागि उनीहरूलाई त्यही चाहिएको छ। क्रान्तिको विसर्जन र क्रान्तिकारी पार्टीको अवसानका लागि उनीहरूलाई त्यही चाहिएको छ। हामीलाई नयाँ चाहिएको छ। समाजको परिवर्तन गर्ने देशमा स्वाधीन, समृद्धि र सभ्य समाज निर्माण गर्ने वातावरण चाहिएको छ।

हरेक आवश्यकताले आफ्नोअनुसारको स्कुलिङको माग गर्छ। यो सन्दर्भमा मलाई एउटा घटनाको सम्झना हुन्छ। जतिबेला प्रचण्ड अध्यक्ष हुँदा म स्कुलिङ विभागको इन्चार्ज थिएँ र कृष्णदास श्रेष्ठ यही विभागका अध्यक्ष हुनुहुन्थ्यो। अहिलेका उपराष्ट्रपति त्यतिबलेका जनमुक्ति सेनाका सैन्य कमान्डर पासाङले ब्यारेकमा भएको सेनालाई स्कुलिङ गर्ने भनेर सातवटै डिभिजनमा सेड्युल तयार गरे। सातौँ डिभिजनको स्कुलिङ कृष्णदास र म भएर सञ्चालन गर्‍यौँ। त्यहाँको विषय मुख्य रूपमा प्रतिक्रान्तिलाई कसरी रोक्ने, जनमुक्ति सेनाको दायित्व के हुने भन्ने नै थियो। स्कुलिङ विभागले एउटा बुलेटिन पनि निकाल्यो। प्रचण्डले त्यो प्रशिक्षणको रिपोर्ट पाउने नै भए। तर प्रचण्डलाई त्यो मन परेको रहेनछ। काठमाडौँ पुगेपछि प्रचण्डले भने, 'देशको परिस्थिति र समाज एकातिर हुने, स्कुलिङ अर्कोतिर हुने भयो भने मेल

... बाँकी पृष्ठ ४ मा

# सरकार होइन, राज्यसत्ता बदल्नुपर्छ

नेपालमा यतिबेला राज्यसत्ता सङ्कटमा छ। युवा साथीहरूले सबभन्दा बढी राज्यसत्ता कस्तो हुनुपर्छ र के भइरहेको छ भन्ने कुरा जान्नुपर्छ। तपाईंहरूले यो जान्नुभएन भने हामीले जतिसुकै राम्रो आन्दोलन गरे पनि, जतिसुकै राम्रो काम गरे पनि यसको कुनै अर्थ हुँदैन। त्यसकारण म युवाहरूलाई के भन्न चाहन्छु भने २०५२ सालदेखि ०६३ सालसम्म हामीजस्तै दस हजार युवाले ज्यान गुमाए। नेपाली जनताका सर्वोत्तम छोराछोरीले ज्यान गुमाए। प्रतिपक्षबाट ७ हजार गरी १७ हजारले ज्यान गुमाए। यति ठूलो बलिदान भयो तर नेपालमा पुरानो राज्यसत्ता ढालिएन। नेपालमा नयाँ जनवादी क्रान्ति गर्ने र वैज्ञानिक समाजवाद ल्याउने भनेर जुन कसम खाएका थियौं हाम्रो मूल नेतृत्व विचलित भएपछि त्यो पूरा हुन सकेन र युवाहरूको रगत खेर गयो। आज युवाहरूलाई के स्मरण गराउन चाहन्छु भने जतिसुकै ठूला र ऐतिहासिक आन्दोलन भए पनि राज्यसत्तालाई बदल्न सकिएन भने फेरि उही ठाउँमा पुगिन्छ।

हामी हिजो शेरबहादुर नेतृत्वको सरकारका विरुद्ध लड्यौं र १७ हजार मानिसको रगत बगायौं तर आज त्यही देउवासँग मिलेर पुष्पकमल दाहालहरू, बाबुराम भट्टराईहरू घाँटी जोडेर फेरि पनि त्यतै लागेका छन्। त्यही सत्तामा फर्केका छन्। जुन सत्ताका विरुद्ध हामी लडेका थियौं उनीहरू आज त्यही सत्तामा फर्केका छन्। त्यसकारण युवाहरूले हामीभित्रको दुस्मनलाई, हामीभित्रको अवसरवादलाई चिन्ने होइन भने त्यसले फेरि त्यही ठाउँमा लैजान्छ। घुमिफिरी हामी रुन्जाटार पुग्छौं। हामी वैज्ञानिक समाजवादमा पुग्न सक्दैनौं।

म विशेष जोड दिएर भन्न चाहन्छु- मैले आजभन्दा २५ वर्ष अघिदेखि नै भन्ने गरेको छु- मैले ४० वर्षको कम्युनिस्ट आन्दोलनको अनुभवबाट लगातार सिकेको के हो भने कम्युनिस्टहरू क्रान्ति गर्न चाहन्छन् भने उनीहरूले पुरानो राज्यसत्ता ढाल्नैपर्छ। त्यो राज्यसत्तामा सरकार, सेना, प्रहरी, अदालत, कर्मचारी प्रशासन र जेल ६ वटा अङ्गलाई



हेमन्तप्रकाश ओली 'सुदर्शन'

बिर्सेर क्रान्ति गरियो भने, कि त एकाध मौका छोपेर सरकारमा मात्र गइयो भने के हालत हुन्छ भन्ने कुरा हाम्रो आँखाअगाडि नै छ। हामीले कुनै सेना परिवर्तन गरेनौं र सेनाको बानी पनि परिवर्तन नगरी प्रचण्ड गणतन्त्र नेपालका पहिलो प्रधानमन्त्री भएको बेला एउटा मात्र परिवर्तन गर्न खोजे, प्रधानसेनापति फालेर अर्को सेनापति ल्याउन खोजे तर प्रधानसेनापति बदलिएन। प्रधानमन्त्री बदलियो किनकि हामीले राज्यसत्ता परिवर्तन गरेका थिएनौं।

अर्को ताजा घटना सुनाउँछु। प्रधानमन्त्री केपी ओलीले यो सरकार पाँच वर्ष चलाउँछु भने तर अदालतले शेरबहादुर देउवालाई प्रधानमन्त्री चुनेर पठाइदियो। पुरानो अदालत नबदलेपछि त्यही केपी र प्रचण्डको दसा हुने हो। म के पनि सचेत गराउन चाहन्छु भने हाम्रो पार्टीको महासचिव पनि यही सत्तामा पुरानै तानाबाना राखेर यो देशको प्रधानमन्त्री हुनुभयो भने पनि हुने त्यही नै हो। म मन्त्री भएँ भने पनि मैले गर्ने त्यही नै हो। यहाँ तपाईंहरूले पनि विशेष रूपमा के बुझ्न जरुरी छ भने राज्यसत्ताका ६ वटै अङ्ग बदल्नुभएन भने अथवा यसलाई परिवर्तन गर्नुभएन भने समस्याको समाधान हुँदैन र वैज्ञानिक समाजवाद कहिल्यै पनि आउँदैन। वैज्ञानिक समाजवाद ल्याउनका लागि यो गर्न जरुरी छ। यसका साथै म के भन्न चाहन्छु भने राज्यसत्ता बदलेर मात्र हुँदैन, मान्छेको दिमागमा पनि परिवर्तन हुन आवश्यक छ। मान्छेको दिमाग भनेको आदतको सत्ता हो। यो पनि परिवर्तन हुन आवश्यक छ। आदतको सत्ता परिवर्तन भएन भने पनि हालत त्यस्तै हुन्छ। त्यसकारण हामीले आदतको सत्तासँगै राजनीतिक सत्ता पनि परिवर्तन गर्नुपर्ने हुन्छ। हामीले श्रम गर्ने र सामूहिक कार्य गर्नेतिर आदतको सत्ता बनाउनुपर्छ। मेहनत गर्ने र पढ्नेतिर हाम्रो आदत हुनुपर्छ। हाम्रो आदत भनेको नपढेर पास गर्ने र जसरी पनि कुनै पनि तरिकाबाट पैसा कसरी कमाउने भन्ने आदत छ भने हामी सत्ता परिवर्तन गर्दैनौं र आदत परिवर्तन हुँदैन।

म सबै युवा साथीहरूलाई के भन्न चाहन्छु भने क्रान्ति गर्न अन्यत्र कतै नजानुहोस्, आफ्नो परिवार र आफू बसेको पार्टी समितिलाई समाजवादको एकाइ बनाउनुहोस्। यो संसदीय व्यवस्था भनेको मर्न लागेको, कोमामा रहेको मान्छेजस्तै हो। यसलाई वरिपरिबाट साम्राज्यवादीहरूले प्राण फुकिरहेका छन्। यसलाई बचाउन अनेक खेल गरिरहेका छन्। यसलाई छिटो बिदाइ गर्नका लागि आज युवाहरु अग्रमोर्चामा लाग्नुपरेको छ।

आज अदालतको अवस्था बेहाल छ। कर्मचारीतन्त्र पूरै भ्रष्टाचारमा डुबेको छ। आज गाउँपालिकाहरू मन्दिर बनाउने योजना बनाउँछन् र देवताका नाममा पनि ठगिरहेका छन्। कोरोना नियन्त्रणका नाममा एउटा गाउँपालिकाले १४ करोडसम्म भ्रष्टाचार गरेको प्रमाण प्राप्त भएको छ। त्यसकारण युवा साथीहरूलाई यो पुरानो, कोमामा पुगेको राज्यव्यवस्थाको मलामी जान तयार हुन आग्रह गर्न चाहन्छु। पुरानो सत्तालाई अन्त्य गरी नयाँ, वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नका लागि सबै युवाहरूलाई तयार हौं भन्न चाहन्छु।

*(नेकपाको केन्द्रीय सचिवालय सदस्य सुदर्शनको यो विचार हामीले यही कात्तिक १३ गते दाङको घोराहीमा आयोजित युवा सङ्गठन नेपालको राष्ट्रिय सम्मेलन उद्घाटनका अवसरमा अतिथिका रूपमा व्यक्त शुभकामना मन्तव्यबाट लिएका हौं- सम्पादक।)*

# कमरेड वीरजङ्गप्रति श्रद्धासुमन : कञ्चन

कमरेड वीरजङ्गको असामयिक निधनले नेपालको क्रान्तिकारी आन्दोलनलाई अपूरणीय क्षति पुग्यो। वीरजङ्ग एउटा जुझारु, इमानदार र सच्चा माओवादी नेता हुनुहुन्थ्यो।

कमरेड वीरजङ्गले आफ्नो जीवनकालमा समाजका सबै क्षेत्रमा अतुलनीय काम गर्नुभयो। पार्टी निर्माण गर्नेदेखि जनताका दुस्मनहरूलाई नियन्त्रणमा राख्ने, सङ्गठनमा अनुशासन कायम राख्नेदेखि दिन-प्रतिदिनका जनताका कामहरूमा सहभागी हुने, समाज सुधारका काम गर्नेदेखि क्रान्तिको वैज्ञानिक तयारी गर्ने सबै क्षेत्रमा वीरजङ्गको विशिष्ट योगदान रहेको छ।

नेपाली क्रान्तिमा तत्कालीन माओवादी क्रान्तिकारी विचार, राजनीति र आदर्शविपरीत संसदवेदमा पतन भएपछि संशोधनवादसँग सम्बन्धविच्छेद गर्न कमरेड वीरजङ्गको विशिष्ट अग्रसरता थियो। त्यस्तैगरी किरणको नेतृत्वमा रहेको पार्टी अकर्मण्यताको सिकार हुने देखेपछि त्यसबाट अलग गर्न पनि उहाँको ठूलो अग्रसरता रह्यो। यसबाट प्रस्ट हुन्छ- कमरेड वीरजङ्ग आधारभूत वैचारिक, राजनीतिक रूपले प्रस्ट मात्र होइन, एउटा दूरदृष्टि भएका नेता हुनुहुन्थ्यो।

पार्टी सञ्चालनका क्रममा कमरेड वीरजङ्ग पार्टीको केन्द्रीय समितिबाट पोलिटब्युरो सदस्य हुनुभयो। उहाँको क्षमता र क्रान्तिकारी आदर्शले पार्टी कामका क्षेत्रमा स्थायी समितिले गर्ने जिम्मेवारीसमेत बहन गर्नुभयो। जतिबेला कमरेड वीरजङ्ग राज्यबाट गिरफ्तार पर्नुभयो त्यो समयमा ब्युरोको इन्चार्ज मात्र होइन, कमान्डको इन्चार्जसमेत हुनुहुन्थ्यो। त्यो समयमा कमान्ड इन्चार्ज केवल स्थायी समिति सदस्य रहने व्यवस्था थियो।

सामाजिक दलाल पुँजीवादी राज्यले वीरजङ्गको गिरफ्तारीलाई नेपाल कम्युनिस्ट पार्टीको हेडक्वार्टरमाथिको दबाबका रूपमा लियो। जुन प्रकारको प्रतिशोधको राजनीति राज्यले अपनायो त्यसको परिणाम वीरजङ्गले लामो हिरासत र जेल जीवन बिताउनुपर्‍यो। महान् जनयुद्धको समयमा गरेको मेहनत, सङ्घर्ष र शारीरिक अवस्थाले लामो समयको जेलजीवन खप्ने अवस्था थिएन। विभिन्न प्रकारका शारीरिक समस्याहरू थिए। औषधी सेवनको प्रक्रिया चलेकै थियो। बन्दी जीवनभित्र त्यसप्रकारको रेखदेखको अभाव रहनु बन्दीका लागि बाध्यता नै हुन्थ्यो तर सरकार र संसद्वादका मसिहा हाम्रो बाध्यतालाई क्रान्तिकारीविरुद्ध यातनाका रूपमा प्रयोग गरिरहेका हुन्थे।

विद्यमान शारीरिक समस्याका बीचमा कमरेड वीरजङ्ग कोरोना भाइरस सङ्क्रमणबाट ग्रसित हुन पुग्नुभयो। त्यसले थिल्थिलिएको शरीर हुँदाहुँदै पनि राज्यले रिहा गरेन। शारीरिक अवस्था कति कमजोर भयो भने अस्पताल र नेपाली डाक्टरहरूले समेत समस्याको भेउ पाउन सकेनन्। सायद त्यतिञ्जेल अत्यन्त ढिलो भैसकेको थियो। दिल्ली अस्पतालमा पुऱ्याउनेबित्तिकै मुटुको शल्यक्रिया गरियो। बाहिरबाट तन्दुरुस्त देखिए पनि भित्री शरीर कमजोर भएको देखियो।

अस्पतालमा बस्दाखेरि 'अब बाँच्दिन कि !' भन्ने, खाना राम्रसँग खाए पनि 'पार्टी र क्रान्तिप्रति चिन्ता छ' भन्ने जुन अभिव्यक्ति वीरजङ्गले दिनुभएको भन्ने सहयोगी कमरेडले सुनाउनुभयो, त्यसले के स्पष्ट गर्छ भने वीरजङ्ग कमरेडको दिल, दिमाग र स्नायुप्रणालीमा नेपाली जनता, नेपाली क्रान्ति र नेपाली स्वाधीनताबाहेक केही थिएन।

कमरेड वीरजङ्ग एउटा सच्चा क्रान्तिकारी, सच्चा माओवादी र नेपाली कम्युनिस्ट आन्दोलनको अनुकरणीय नेता हुनुहुन्थ्यो। उहाँ हामीबीच नरहे पनि उहाँका विचार, भावना, योगदान र व्यवहारहरू समाजको धरातलमा तरङ्गित रहेका छन्। नेपाली क्रान्तिकारी आन्दोलनको इतिहासमा कमरेड वीरजङ्गको योगदान आकाशका ताराझैं निरन्तर चम्किरहनेछ। उहाँको जीवन र जीवनका कठिन यात्राहरूले नेपाली सन्ततिलाई क्रान्तिको प्रेरणा प्रदान गरिरहनेछ। कमरेड वीरजङ्गप्रति श्रद्धासुमन !!!

१४ कात्तिक, २०७८

# नेता वीरजङ्गको निधन बलिदान र सहादत स्तरको हो : हितमान

ललितपुर : नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर/ललितपुर जिल्ला इन्चार्ज नवीन विश्वकर्मा 'हितमान' ले नेता चन्द्रबहादुर चन्द 'वीरजङ्ग' को निधन बलिदान र सहादत स्तरको रहेको बताएका छन्।

नेकपा ललितपुरले बुधबार पुल्चोक पाटनढोकामा आयोजना गरेको श्रद्धाञ्जलीसभामा मन्तव्य राख्दै उनले भने, 'नेकपामाथि प्रतिबन्ध लगाए, झुट्टा मुद्दा लगाए, नेताहरूलाई जेल हालेर उपचार नगराई मारिएको छ। जेलबाट उपचारका लागि सीधै अस्पताल लगिएका नेता वीरजङ्गको निधन स्वाभाविक मृत्यु नभएर राज्यले उपचार नगरेर र यातना दिएर गरेको हत्या हो। यो सहादत स्तरको निधन हो।' देश, जनता, आफ्नो वर्ग र क्रान्तिका पक्षमा निरन्तर लागिरहने नेता वीरजङ्ग अनुकरणीय चरित्र र स्वभाव भएका व्यक्तित्व भएकाले उनीबाट क्रान्तिकारीहरूले पाठ सिक्नुपर्ने नेता हितमानले बताए।

इमानदार र क्रान्तिकारी कम्युनिस्ट नेता वीरजङ्गको निधनले घरपरिवार र पार्टी परिवार दुवै शोकसन्तप्त रहेको भन्दै उनले मर्माहत सबैलाई शोकलाई शक्तिमा रूपान्तरण गर्न र वीरजङ्गहरूको हत्या गर्ने राज्यसत्ताका विरुद्ध विस्फोट हुने वातावरण निर्माण गर्न आवश्यक रहेको बताए। समाजका लागि, आमूल परिवर्तन र क्रान्तिका लागि व्यक्तिगत स्वार्थ त्यागेर हिँडेकाहरू नै महान् बन्ने उदाहरण प्रस्तुत गर्दै नेता हितमानले हामी सबैले गौरवशाली जीवन, गौरवपूर्ण मृत्यु र अमर बन्ने यात्रामा लामबद्ध हुनुपर्ने धारणा राखे।

नेता वीरजङ्गको जीवनी र सङ्घर्षको इतिहास प्रस्तुत गर्दै नेकपा ललितपुर जिल्ला सेक्रेटरी रमेश डङ्गोलले योद्धाहरूको मृत्यु पहाडभन्दा गह्रौं र कायरहरूको मृत्यु प्वाँखभन्दा हलुका हुने माओको उद्धरण नेता वीरजङ्गको जीवनमा लागू हुने बताए।

नेकपा ललितपुरका सेक्रेटरी रमेश डङ्गोलको अध्यक्षता र सञ्चालन नेकपा ललितपुर जिल्ला सदस्य एवम् महालक्ष्मी नगरपालिका सेक्रेटरी प्रतिबद्धले गरेका थिए। श्रद्धाञ्जलीसभामा नेकपाका पूर्वसेक्रेटरी रूपसिंह बोहरा, विभिन्न जवस मोर्चाका संयोजक, जिल्ला पार्टीका सदस्य र जवस मोर्चाका सदस्यहरू सहभागी थिए।

# वीरजङ्गको निधन सगरमाथाझैं उच्च छ : प्रवीण

**चरीकोट (दोलखा)** : नेकपा दोलखाले नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य वीरजङ्गको सम्मान र स्मृतिमा चरीकोटमा श्रद्धाञ्जलीसभा सम्पन्न गरेको छ।

सभाका प्रमुख अतिथि, पार्टीका केन्द्रीय सदस्य नेकपा दोलखा-सिन्धुपाल्चोक इन्चार्ज पूर्णबहादुर सिंह 'प्रवीण' ले श्रद्धाञ्जली मन्तव्य राख्दै वीरजङ्गले देखाएको महान् क्रान्तिकारी बाटोमा निरन्तर लागिरहने र वैज्ञानिक समाजवाद प्राप्त गर्ने बताए। उनले भने, 'नेपाली अनुहारका सिदेमान र ज्योति बसुहरूले सुनियोजित ढङ्गले वीरजङ्गलाई बन्दी बनाए, मानसिक यातना दिए, शारीरिक कष्ट दिए। अन्ततः उपचारसमेत गर्न नदिएर वीरजङ्गको हत्या गरे।' उनले वीरजङ्गको निधन सगरमाथाझैं उच्च रहेकोसमेत बताए।

श्रद्धाञ्जलीसभामा नेपाली काङ्ग्रेसका जिल्ला सभापति बर्मा लामा, नेपाली काङ्ग्रेसका महाधिवेशन प्रतिनिधि बाबुकाजी बस्नेत, पत्रकार महासङ्घ दोलखाका सचिव दिलसागर केसीले श्रद्धाञ्जली मन्तव्य राखेका थिए।

उक्त सभाको सञ्चालन विशेष समिति सदस्य अर्जुन योगीले गरेका थिए भने अध्यक्षता दोलखा जिल्ला सेक्रेटरी माधव गौतमले गरेका थिए।

# नेकपा चितवनद्वारा नेता वीरजङ्गको स्मृतिमा सभा

**चितवन** : नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य वीरजङ्गको सम्मान र स्मृतिमा नेकपा चितवनले भरतपुरमा श्रद्धाञ्जलीसभा सम्पन्न गरेको छ।

सभाका प्रमुख अतिथि पार्टीका केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज सन्देश पौडेलले श्रद्धाञ्जली मन्तव्य राख्दै वीरजङ्गले देखाएको महान् क्रान्तिकारी बाटोमा निरन्तर लागिरहने र वैज्ञानिक समाजवाद प्राप्त गर्ने बताए। उनले भने, 'नेपाली अनुहारका सिदेमान र ज्योति बसुहरूले सुनियोजित ढङ्गले वीरजङ्गलाई बन्दी बनाए। मानसिक यातना दिए। शारीरिक कष्ट दिए। अन्ततः उपचारसमेत गर्न नदिएर वीरजङ्गको हत्या गरे।' उनले वीरजङ्गको निधन सगरमाथाझैं उच्च रहेकोसमेत बताए।

पौडेलले नेता वीरजङ्गको मृत्युको कारण अमानवीय व्यवहार भएको र राज्यसत्ता र शासकहरू पनि दोषी भएको बताए। करिब साढे २ वर्षसम्म बिताएको जेलजीवनमा समयमा उपचार नपाएकाले उनको निधन भएको पौडेलले बताए।

उक्त सभाको सञ्चालन नेकपा चितवन जिल्ला सेक्रेटरी मीनप्रसाद सापकोटाले गरेका थिए भने सभाको अध्यक्षता नेता वीरजङ्गका परिवारका सदस्य तथा जनस्वास्थ्यकर्मी महासङ्घका केन्द्रीय महासचिव डा. प्रकाश चन्दले गरेका थिए।

# कालीकोटमा नेता वीरजङ्गको श्रद्धाञ्जलीसभा सम्पन्न

**कालीकोट** : कालीकोटको माल्कोटमा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चन्द्रबहादुर चन्द 'वीरजङ्ग' को श्रद्धाञ्जलीसभा सम्पन्न गरिएको छ। नेकपाको केन्द्रीय कार्यक्रमअनुसार बुधबार नेकपा कालीकोटले माल्कोटमा श्रद्धाञ्जलीसभा सम्पन्न गरेको हो। वीरजङ्गको फोटोमा सहभागीहरूले माल्यार्पण गर्दै उनका सपना पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

श्रद्धाञ्जलीसभाका प्रमुख अतिथि नेकपाका केन्द्रीय सदस्य एटमले वीरजङ्गको बाँकी अभिभारा अब नेकपा र यसका नेता-कार्यकर्ताले पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे। यस्तै पार्टी केन्द्रीय सदस्य बिराट, बलवान, सङ्गम, मुगु जिल्ला सेक्रेटरी समाज, हुम्ला सेक्रेटरी सिद्धान्त, जिल्ला सल्लाहकार संयोजक छत्रबहादुर बमलगायत नेताहरूले पनि वीरजङ्गको फोटोमा माल्यार्पण गरेका थिए।

सभाका वक्ताहरूले वीरजङ्गको निधनले पार्टीलाई अपूरणीय क्षति पुगेको बताए। उनीहरूले वीरजङ्ग क्रान्तिको आदर्श पुँजी भएको पनि बताएका छन्। पार्टी प्रशिक्षणमा भाग लिन आएका कर्णालीका साबिकका पाँचवटै जिल्लाबाट सहभागी नेता-कार्यकर्ताले वीरजङ्गको फोटोमा माल्यार्पण गरेका थिए।

सभामा भेरी-कर्णाली जनकलाकारले श्रद्धाञ्जली गीतसमेत प्रस्तुत गरेका थिए। जिल्ला सेक्रेटरी रणदीपको अध्यक्षतामा भएको श्रद्धाञ्जलीसभाको सञ्चालन रमेशले गरेका थिए।

# नेकपा मकवानपुरद्वारा नेता वीरजङ्गप्रति श्रद्धाञ्जली व्यक्त

मकवानपुर : नेपाल कम्युनिस्ट पार्टी मकवानपुरले पार्टीका केन्द्रीय सदस्य एवम् क्रान्तिकारी योद्धा चन्द्रबहादुर चन्द 'वीरजङ्ग' को सम्मानमा स्मृति तथा श्रद्धाञ्जलीसभा सम्पन्न गरेको छ। कार्यक्रम नेपाल कम्युनिस्ट पार्टी मकवानपुरको पार्टी कार्यालय हेटौंडामा भएको हो।

२०१७ साल फागुन ७ गते रोल्पाको इरिबाङमा जन्मेका चन्द्रबहादुर चन्दको स्वास्थ्य उपचारकै क्रममा २०७८ साल असोज २८ गते निधन भएको थियो।

आफ्नो जीवनकालमा भएका नेपाली क्रान्तिका विभिन्न चरणहरू पार गर्ने क्रममा महत्वपूर्ण योगदान दिँदै आएका वीरजङ्गको असामयिक निधनले चन्द परिवार, समग्र पार्टीपङ्क्ति स्तब्ध हुनुका साथै क्रान्तिमा अतुलनीय क्षति पुगेको स्मरण गराउँदै पार्टीका केन्द्रीय सदस्य मकवानपुर जिल्ला इन्चार्ज एवम् श्रद्धाञ्जलीसभाका प्रमुख अतिथि इन्द्रबहादुर परियार 'नयन' ले शोकलाई शक्तिमा परिणत गरी क्रान्तिमा निरन्तर अघि बढ्न सम्पूर्ण पार्टी कार्यकर्ताका साथै आमजनसमुदायलाई आग्रह गरेका छन्।

कार्यक्रममा सहभागी सम्पूर्ण पार्टी कार्यकर्ता तथा जनसमुदायले कार्यक्रमको सुरुआतमा वीरजङ्गप्रति एक मिनेट शिर झुकाएर श्रद्धाञ्जली अर्पण गरेका थिए। सबै सबैले पालैपालो उनको फोटोमा अबिर र फूलमाला चढाई श्रद्धा अर्पण गरेका थिए।

जिल्ला सेक्रेटरी वाटरको अध्यक्षतामा बुधबार दिउँसो पार्टी कार्यालय हेटौंडामा सम्पन्न श्रद्धाञ्जलीसभाको सञ्चालन हेटौंडा नगर सेक्रेटरी तथा जिल्ला सचिवालय सदस्य सूर्य अर्यालले गरेका थिए।

# नेकपा गुल्मीद्वारा वीरजङ्गको स्मृतिमा श्रद्धाञ्जलीसभा

**गुल्मी** : नेपाल कम्युनिस्ट पार्टी गुल्मीले पार्टी केन्द्रीय नेता वीरजङ्गको स्मृतिमा श्रद्धाञ्जलीसभा सम्पन्न गरेको छ। सभामा गुल्मी/पाल्पा इन्चार्ज अपेक्षाले वीरजङ्गको निधनले पार्टीलाई अपूरणीय क्षति पुऱ्याएको बताइन्।

जिल्लाको पीपलधारामा आयोजित सभालाई सम्बोधन गर्दै नेत्री अपेक्षाले वीरजङ्ग पार्टी र क्रान्तिको अभिभावक भएकाले उनले देखेका क्रान्तिका पूरा हुन बाँकी सपना पूरा गर्ने बताइन्। उनले जनयुद्धकालदेखि एकीकृत जनक्रान्तिसम्म वीरजङ्गको योगदानको चर्चा गर्दै क्रान्तिको सपनामा धोका नहुने बताइन्।

कार्यक्रममा बुद्धिजीवी भीमकान्त खनाल, विमललगायतले बोलेका थिए। कार्यक्रममा वीरजङ्गको जीवनी वाचन तारा, सञ्चालन विनोद र अध्यक्षता वसन्तले गरेका थिए।

## पार्टी स्कुलिङबारे ....

खाँदैन ।' पछि सबै कार्यक्रमहरू रद्द गरिए । यो पहिलो संविधानसभाको चुनाब हुनुभन्दा पहिलेको कुरा थियो । यसले के पुष्टि गर्छ ? प्रचण्डका लागि जनमुक्ति सेनालाई विसर्जन गर्ने स्कुलिङ आवश्यक थियो । हाम्रा लागि प्रतिक्रान्ति रोक्ने । टक्कर परिहाल्यो । अथवा हरेकलाई आफ्नो अनुसारको स्कुलिङ चाहिन्छ ।

अब एकीकृत जनक्रान्तिको 'स्कुल अफ थट' के हो त ? त्यसकाबारे विस्तृत रूपमा, सम्भव भएसम्मको विस्तृत रूपमा भनौँ, प्रशिक्षक कमरेडहरूले राख्नु हुनेछ । तपाईंहरूलाई प्रशिक्षित गर्नुहुनेछ तर यो प्रशिक्षण कार्यक्रमको उद्घाटन मन्तव्यका क्रममा केही भन्न चाहन्छु । यो प्रशिक्षणको उद्देश्य हामीले हाम्रा सोचाइहरूलाई बदल्ने बनाउनु हो । हामीसँग क्रान्तिकारी सोच छ, विचार छ, लगनशीलता छ, विश्वदृष्टिकोण पनि छ, तर त्यहा केही न केही अपुग छ । अपुग भएकै त कारण नेपालको क्रान्ति सम्पन्न हुन सकेन । फेरि पनि उही कुरा आउँछ, के प्रचण्ड र बाबुरामहरूले मार्क्सवाद नबुझेको कारण या नजानेको कारण आन्दोलन पराजित भएको हो ? सम्भवतः नेपालको कम्युनिस्ट आन्दोलनमा धेरै किताबहरू पढ्ने, लेख्ने, विकासका बारेमा धेरै सोच्ने मानिसहरू पनि प्रचण्ड-बाबुरामहरू नै होलान् । म त भन्छु , सम्भवतः उनीहरूको घोडा चढेर साम्राज्यवादले हद्-हद् गर्दा काङ्ग्रेस-एमालेका नेताहरू खुसी हुँदाहुन्, तर आफ्नो लक्ष्य र उद्देश्य बाटोमै बिलाउँदा दुःखी भएर दिनमा एकपटक आफ्नो हविगतप्रति पश्चाताप गर्ने पनि प्रचण्ड-बाबुरामहरू नै होलान् । उनीहरू के गर्दै होलान् ? यो विगतको इतिहासलाई हेरेर अहिले अनुमान गर्ने कुरा भयो । सुन्नुभयो ? प्रचण्डले एउटा अन्तरवार्तामै भने, 'विप्लवहरूले क्रान्ति गरे भने त्यसलाई म पनि पछ्याउनेछु' । यसबाट स्पष्ट हुन्छ- त्यहाँ गहिरो पीडा छ । भीषण बाध्यता छन् । तर के गर्ने ? 'स्कुल अफ थट' त खराब भयो नि । हामीले प्रचण्ड-बाबुरामको 'स्कुल अफ थट' बदल्नुपर्‍यो ।

त्यो 'स्कुल अफ थट' बदलेर हामीले एकीकृत जनक्रान्तिको 'स्कुल अफ थट' स्थापित गर्नुपर्‍यो । यो दर्शनलाई जनतामा लैजानुपर्‍यो । माओले भन्नुभएको थियो,'दर्शनलाई पुस्तकालयबाट झिकेर जनताको हातमा पुर्‍याऊ ।' आज हामीले त्यही गर्नुपर्ने भएको छ । हाम्रो दर्शनलाई, हाम्रो राजनीतिलाई, हाम्रो अर्थशास्त्रलाई, जो अहिलेको मार्क्सवादी-लेनिनवादी-माओवादी हो, जो प्रचण्ड 'स्कुल अफ थट' बाट सम्बन्धविच्छेद गरेको हो, जसले नेपालको क्रान्ति सम्पन्न गर्ने, देशलाई स्वाधीन, स्वतन्त्र, समृद्ध र नितान्त नयाँ, उन्नत र विकसित सभ्य समाजमा रूपान्तरण गर्नेछ त्यसमा लैजानुपर्‍यो । त्यसका लागि यो प्रशिक्षण आवश्यक पर्‍यो ।

हामीले देखौँ समाजवादी समाजको अभ्यास गरेका जनताले सही र खराबको बीचको विभेद किन छुट्याउन सकेनन् ? सन् १९१७ देखि ५३ सम्म करिब ४४ बर्ष समाजवादको अभ्यास गरेका रुसी जनताले स्टालिन र ख्रुस्चेभका बीच किन फरक देख्न सकेनन् ? चीनमा १९४९ देखि ७६ सम्म करिब २६ वर्षसम्म समाजवादमा रहेका चिनियाँ जनताले समाजवाद र पुँजीवादका बीचको विभेद किन छुट्याउन सकेनन् ? क्रान्तिकारी आन्दोलनको विकासले विजयको नजिक पुगेको समयमा प्रचण्ड-बाबुरामहरूले किन साम्राज्यवाद, विस्तारवादका अगाडि घुँडा टेक्न पुगे ? आन्दोलनको समयमा केही पनि नभएको जनताले सत्ताको नजिक पुगेर किन पराजित हुन्छ ? किन कम्युनिस्ट पार्टीले शून्यबाट सुरु गरेर सत्ता प्राप्त गर्छ र सत्ता प्राप्त गरिसकेपछि पराजित हुन्छ ? माओले भन्नुभएको थियो, 'कोदोको ढिँडोबाट बनेको गोली अमेरिकी आणविक बमभन्दा शक्तिशाली हुन्छ ।' चीनमा माओले भनेजस्तै नेपालमा भैँसीको मासुबाट बनेको सस्तो म:म:का डल्लाबाट बनेको तागतले प्रतिक्रियावादी सत्ताका गगनभेदी तोपगोलाहरू नष्ट गरेको थियो । तर त्यो आन्दोलन, त्यो युद्ध, जनताको त्यो तागत जब सत्ताको नजिक पुग्ने अवस्था आयो त्यही बेला किन बच्चाहरूले खेलाउने बुलबुलको फोकाजस्तो फिस्स फुट्ने भयो ? यी र यस्ता अहम् प्रश्नहरू छन् । यसको जबाफ हामीले खोज्नु छ ।

यी विषयहरूमा एकीकृत जनक्रान्तिको कार्यदिशाले महत्वपूर्ण सम्बोधन गरेको छ । यो नै नेपालमा जनवादी अथवा वैज्ञानिक समाजवादी क्रान्ति पूरा गर्ने र प्रतिक्रान्ति रोक्नका लागि पर्याप्त छ र यसले मात्रै साम्यवादमा पुऱ्याउँछ भनेको होइन । तर न्यूनतम् रूपमा हामीले द्वन्द्वात्मक भौतिकवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र वैज्ञानिक समाजवादका क्षेत्रमा केही त गरेका छौँ । त्यसले नेपालमा क्रान्ति सम्पन्न गर्ने, नेपाली जनतालाई गोलबन्द गर्ने र महान् उद्देश्यका लागि आमरूपमा मानिसलाई एकताबद्ध गर्ने काम त निश्चित रूपले गर्छ । यो तथ्य त स्थापित भैसक्यो नि त । हामीले भन्यौँ, विपरीतहरूको एकत्वलाई यान्त्रिक रूपमा प्रयोग गर्ने मोहनविक्रम 'स्कुल अफ थट' र मोहनविक्रमको प्रयोगभन्दा विपरीत देखिने गरी प्रयोग गर्ने प्रचण्ड-बाबुराम 'स्कुल अफ थट' सारमा एउटै हो । त्यसको विपरीत यसलाई वैज्ञानिक तरिकाले वस्तुको व्युत्पत्ति, त्यसको गति र विनासको सम्पूर्णतामा बुझ्नुपर्छ भन्ने हाम्रो खोज अलि नयाँ होइन त ? यो द्वन्द्वात्मक भौतिकवादी दर्शनको कुरा भयो । मार्क्सवादी अर्थशास्त्रमा हामीले भन्यौँ, 'समाजवादमा जनता र नेताहरूको आर्थिक नियम फरक हुनुपर्छ । यसमा जनताको अर्थतन्त्र समाजवादी र नेताको अर्थतन्त्र साम्यवादी नियमअनुसार हुनुपर्छ किनभने माओले भनेजस्तै हरेक समाजमा दुई प्रकारका मानिस हुन्छन् : एउटा अग्रगामी हुन्छ र अर्को पश्चगामी हुन्छ । उसको सोचाइ, विचार, व्यवहार सबै त्यसको चरित्रले निर्धारण गर्छ । पश्चगामीमाथि अग्रगामीको प्रभुत्व हुनुपर्छ । अब समाजवादमा सबै जनता साम्यवादका लागि तयार भैसकेको हुँदैन र विश्वको कुनै कुनामा पुँजीवाद रहुन्जेलसम्म त्यो सम्भव पनि हुँदैन । अथवा विश्वमा पुँजीवादी एउटा मात्र देश रहँदासम्म साम्यवादको घोषणा भयो भने त्यो असफल हुने अवस्था आउन सक्छ । त्यो परि स्थितिले समाजवादी कालमा नेता हुने मानिसहरू निश्चित रूपमा अग्रगामी सोचाइ र चेतना भएकै हुन्छन् । जब जनता समाजवादमा हुन्छ त्यतिबेला नेताहरू साम्यवादी नीतिमा हुनुपर्छ । जब जनता समाजवादी अर्थव्यवस्था, 'क्षमताअनुसारको काम र कामअनुसारको दाम' भन्ने नीतिमा हुन्छन् नेताहरू 'क्षमताअनुसारको काम र आवश्यकताअनुसारको दाम' को नीतिमा हुनुपर्छ । के यो समाजवादी अर्थशास्त्र अथवा मार्क्सवादी अर्थशास्त्रमा हाम्रो पार्टीले नयाँ गरेको होइन ? यो अर्थनीति अहिले नेपालमा वा भारतमा प्रयोग गर्ने हो भने यहाँका ९० प्रतिशत समस्या, एक प्रकारले, स्वतः समाधान हुन्छन् । भारतमा नोटबन्दी गर्नु पर्दैन । नेपालका कुनै पनि हाकिम र कर्मचारीहरूले भ्रष्टाचारको मुद्दा खेप्ने र बदनाम हुनु पर्दैन । एमालेका भ्रष्टहरूले जस्तै कुनै पनि नेताहरूले प्लास्टिकको थैलोमा रुपैयाँ बेरेर घरको छतमा भएको पानी ट्याङ्कीभित्र लुकाउनु पर्दैन । जनताले क्षमताअनुसारको काम पाउने र कामअनुसारको व्यक्तिगत कमाइ गर्न पाउने तर नेताहरूले क्षमताअनुसारको काम गर्नुपर्ने तर व्यक्तिगत सम्पत्ति राख्न नपाउने नीति, नियम, कानुन संविधान भयो भने जनताले राम्रो नेता र नराम्रो नेताबारे छुट्याउन गाह्रो हुन्छ ? हुँदैन । देश चलाउने नेताहरू भनेको पार्टीका नेताको मात्र कुरा होइन, राज्यका तीन अङ्गहरू, कार्यपालिका, व्यवस्थापिका, न्यायपलिकासँग सम्बन्धित नीतिनिर्माताहरू देशका नेताहरू हुन् जसमा कार्यपालिकामा सचिवभन्दा माथिका कर्मचारीहरू, संस्थानका हाकिमहरू, बैङ्क तथा प्रतिष्ठानका प्रमुखहरू, सेना, प्रहरीका वरिष्ठ अधिकृतभन्दा माथिका पदाधिकारीहरू, व्यवस्थापिकामा काङ्ग्रेसप्रतिनिधि (जसलाई अहिले सभासद्/सांसद भनिन्छ) मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति आदि, न्यायपलिकामा सर्वोच्च अदालतदेखि प्रादेशिक अदालतका न्यायमूर्तिहरू सबै नीतिनिर्माताहरू पर्छन् । मानिलिऊँ, उनीहरूले देशको नीति निर्माण गर्ने, देशको उन्नति गर्ने विश्वलाई कसरी सभ्य समाजमा बदल्न सकिन्छ भनेर खोजअनुसन्धान गर्ने तर व्यक्तिगत सम्पत्तिको पछि लाग्न नपाउने हो भने देशको स्थिति के हुन्छ ? के यो हामीले नयाँ गरेको होइन ? त्यस्तै वैज्ञानिक समाजवादका बारेमा हामीले भन्यौँ, 'दुनियाँलाई बुझ्ने र बदल्ने कुरा मात्र प्रमुख होइन, बदलेकोलाई रक्षा गर्नु पनि प्रमुख हो ।' मार्क्सले भन्नुभएको थियो, 'दुनियाँलाई बुझ्ने काम त बुर्जुवाहरूले पनि गरेका छन् । तर बदल्नु प्रमुख हो ।' हामीले देख्यौँ, 'दुनियाँ रुसमा बदलियो, चीनमा बदलियो तर रक्षा भएन । अब नारा दिनुपर्ने भयो, दुनियाँ बुझ्ने र बदल्ने काम भयो तर बदलेर मात्र भएन, त्यसको रक्षा पनि गर्नुपर्‍यो । के यो कुरा नयाँ होइन ?

कमरेडहरू, हामीले धेरै नयाँ कुरा गरेका छौँ । यी त सामान्य हाम्रा सोचाइहरूलाई नयाँ दिशामा सोझ्याएका कुराहरू मात्र भए । हाम्रो एकीकृत जनक्रान्तिको 'स्कुल अफ थट' का रूपमा यसलाई विकास गर्न अझै हामीले धेरै मेहनत गर्नुपर्छ । त्यसैले त हामीलाई यो प्रशिक्षण चाहियो, स्कुलिङ चाहियो ।

हामीलाई के विश्वास छ भने यो स्कुलिङ हाम्रा उद्देश्य पूरा गर्न अथवा त्यो दिशामा कमरेडहरूलाई उन्मुख गर्न सफल हुनेछ र पार्टीलाई नयाँ गति दिनेछ ।

## युवा संगठन नेपालको ....

दीपक बुढाथोकी, प्रेरणा रोकाया, तिलक पौडेल, गोविन्द बुढा, मिनेश एडी, सागर शाही, कल्पना मल्ल, मनोज परियार, हरि बस्नेत, जीवनी चौधरी, विवेक विक, प्रकाश गिरी, डिल्लीरमण वली, मनमोहन जोशी, लोकेश धामी, हर्कबहादुर कुँवर, सुशील साउद, कविता कार्की, मकर गुरुङ, प्रमोद सिंह, प्रशान्त, वसन्त र जस्मान निर्वाचित भएका छन् ।

सम्मेलनमा प्रशिक्षणात्मक मन्तव्य राख्दै प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले विश्वभरि संसदीय व्यवस्था चरम सङ्कटमा पुगेको भन्दै सङ्कट समाधानको निर्विकल्प बाटो जनमतसङ्ग्रहमार्फत वैज्ञानिक समाजवाद भएको बताए । महासचिव विप्लवले सरकार र आफ्नो पार्टीबीच भएको तीनबुँदे सहमति अक्षरशः लागू नगरिए चरणबद्ध सङ्घर्ष गर्ने उद्घोष गरे । उनले भने, 'हामीसँग हतियार छैन । कहाँ छ हतियार हामीसँग ? आशङ्कामा बोल्न मिल्छ ?'

महासचिव विप्लवले आफूहरू सांसद र मन्त्री बन्न नचाहेको बरु नेपाली जनतालाई मुक्त गर्न चाहेको बताए । तीनबुँदे सहमति एकीकृत जनक्रान्तिको विजयका कारणले भएको भन्दै उनले कोही दलालहरूसँग झुकेर सहमतिमा गएको भन्ने कुतर्क गर्नेहरू प्रतिक्रियावादी रहेको बताए । 'नेपालमा युवाहरूले लडन नसकेको नभएर नेताहरूले खुट्टा कमाएका हुन्', महासचिव विप्लवले भने । विज्ञान र प्रविधिलाई क्रान्तिको हतियार बनाउन सकिने भन्दै उनले एकीकृत जनक्रान्तिको कार्यदिशा क्रान्तिको विज्ञान भएको प्रस्ट पारे ।

शरीरमा गोली बोकेका जनमुक्ति सेनाहरू प्रचण्ड-बाबुरामको गद्दारीका कारणले विदेश र मरुभूमिमा जान बाध्य भएको पनि उनले बताए । एउटा सुन्दर सपना देखाउँदै युवाहरूलाई युद्ध र आन्दोलनमा होमेर जनता र युवालाई सडकमै छोडी प्रचण्ड-बाबुरामहरू पुँजीवादका ठेकेदार भएको उनको भनाइ थियो । समाजमा युवाहरूलाई लागूपदार्थमा लट्ठ बनाएर दलाल सत्ताका प्रतिनिधिहरूले सम्भावित सचेत विद्रोह रोक्ने षड्यन्त्रका साथ समाजमा अपराधी उत्पादन गरिरहेको महासचिव विप्लवले बताए ।

'केही अवसरवादीहरूले कम्युनिस्ट आन्दोलनका लाखौँ युवाहरूको व्यापार गरेको तर युवा भनेको आँट, साहस, विद्रोह र रूपान्तरण हो', महासचिव विप्लवले भने ।

चौथो राष्ट्रिय सम्मेलनमा मन्तव्य राख्दै नेकपाका केन्द्रीय सचिवालय सदस्य तथा स्कुलिङ विभाग प्रमुख सुदर्शनले पुरानो आदतको सत्ता ढालेर नयाँ विचार र संस्कृति निर्माण गर्नुपर्ने धारणा राखे । नेता सुदर्शनले नेपालमा केही कम्युनिस्ट नामधारीले मन्दिर बनाउन थालेको, भैँसी पूजा गर्न थालेको भन्दै कम्युनिस्टहरूको आधारभूत मूल्यमान्यताबाट पतीत भएको प्रस्ट पारे । उनले आफूहरूले एकीकृत जनक्रान्ति सफल गरेरै छाड्ने, जनताको न्यायपूर्ण आन्दोलनमा दमन गर्न खोजे परिणाम भयानक हुने उद्घोष गरे ।

केन्द्रीय सचिवालय सदस्य विषमले युवाहरूले राष्ट्रिय स्वाधीनताका पक्षमा अनवरत सङ्घर्ष गर्नुपर्ने बाए । उनले अहिले नेपालका दलालहरू एमसीसीजस्तो राष्ट्रघाती सम्झौता पास गर्न कम्मर कसिरहेका बेला युवाहरूले सङ्घर्षको मैदानबाट विदेशी दलालहरूलाई लखेट्नुपर्ने धारणा राखे ।

कार्यक्रममा युवा सङ्गठन नेपालका प्रयाक्सन इन्चार्ज तथा पार्टी केन्द्रीयसदस्य कृति, पार्टीका केन्द्रीय सदस्यहरू शीतल, असल, सविन, बेपत्ता योद्धा समाजका केन्द्रीय अध्यक्ष सुन्दर, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका कोषाध्यक्ष आरोह अतिथिका रुपमा सहभागी थिए ।

नेकपाका केन्द्रीय सदस्य तथा दाङ जिल्ला इन्चार्ज शीतलले नवनिर्वाचित समितिलाई बधाई दिएका थिए । ऐतिहासिक चौथो राष्ट्रिय सम्मेलनबाट सङ्गठनले तीनजना सदस्यहरूलाई बिदाइ गरेको छ । चौथो राष्ट्रिय सम्मेलन आयोजक समितिका सदस्यहरू सागर, सन्जीव र चट्टानलाई सम्मानपत्र सहित बिदाइ गरिएको हो ।

सङ्गठनको ऐतिहासिक चौथो राष्ट्रिय सम्मेलनको बन्द सत्रमा सामना परिवारले जनवादी सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो ।

## राकम कर्णालीमा वीरजङ्गको सम्मानमा श्रद्धाञ्जलीसभा

**दैलेख** : नेपाल कम्युनिस्ट पार्टी दैलेखले गत असोज २८ गते निधन भएका पार्टीका केन्द्रीय सदस्य वीरजङ्गको श्रद्धाञ्जलीसभा सम्पन्न गरेको छ । बुधबार आठबीस नगरपालिकाको राकम कर्णाली बजारमा श्रद्धाञ्जलीसभा सम्पन्न भएको हो ।

श्रद्धाञ्जली कार्यक्रममा जिल्ला सेक्रेटरी दीपेन्द्रले नेता वीरजङ्गको तस्बिरमा माला र अबिर लगाएर श्रद्धाञ्जली अर्पण गरेका थिए । उनले श्रद्धाञ्जली मन्तव्यमा वीरजङ्गको निधनले पार्टीलाई अपूरणीय क्षति भएको बताए । पार्टीका नेता वीरजङ्गको निधनले सिङ्गो पार्टी शोकमा डुबेको उल्लेख गर्दै उनले शोकलाई शक्तिमा बदल्न र उनको सपना पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले वीरजंगप्रति श्रद्धाञ्जली र सम्पूर्ण परिवारमा समवेदना प्रकट गरे ।

कुशलको सञ्चालनमा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता जिल्ला सदस्य क्रान्तिले गरेका थिए ।

## नेता वीरजङ्गको सम्मानमा डोटीमा श्रद्धाञ्जलीसभा

**डोटी** : नेपाल कम्युनिस्ट पार्टी डोटीको आयोजनामा वडी केदार ५ अतरकाँडा बजार डोटीमा नेकपा नेता चन्द्रबहादुर चन्द 'वीरजङ्ग' को सम्मानमा श्रद्धाञ्जलीसभा सम्पन्न भएको छ ।

सभामा सम्बोधन गर्दै नेकपा जिल्ला सचिवालय सदस्य कृष्णबहादुर बोहराले वीरजङ्गले देखाएको बाटोमा निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गर्दै एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गरेरै छोड्ने उद्घोष गरे ।

जिल्ला सदस्य धनबहादुर बोहराको अध्यक्षतामा सम्पन्न सभामा प्रमुख अतिथि जिल्ला सचिवालय सदस्य कृष्ण बोहरा, अतिथिहरूमा जनपत्रकार सङ्गठन नेपाल सुदूरपश्चिम अध्यक्ष प्रकाश थापा, नेकपा (एमाले) प्रतिनिधि विमल बोहरा, नेपाली काङ्ग्रेस प्रतिनिधि वीरबहादुर बोहरालगायतको उपस्थिति थियो भने कार्यक्रमको सञ्चालन जिल्ला सदस्य लक्ष्मण ताडीले गरेका थिए ।

## तुवाचुङ नगरपालिकाले भ्रष्ट कर्मचारीलाई बचाएको भन्दै नेकपा खोटाङ आन्दोलित

**खोटाङ ।** नेकपा खोटाङले जिल्लाको हलेसी तुवाचुङ नगरपालिकाका स्वास्थ्य संयोजक रामकुमार भगतले गरेको भ्रष्टाचार सम्बन्धमा सम्बन्धित क्षेत्रको ध्यानाकर्षण गराउँदै यथार्थ सार्वजनिक गरी दोषीलाई कारबाही नगरिए सङ्घर्ष गर्ने चेतावनी दिएको छ ।

जिल्ला सेक्रेटरी जीवनले विज्ञप्ति जारी गरी स्वास्थ्य शाखामा भएको भ्रष्टाचार र अनियमितताका विरुद्ध पार्टीले सम्बन्धित निकायसँग छलफल, सोधपुछ र अनुसन्धान गर्दा दोषी स्वास्थ्य शाखा प्रमुखलाई हटाएर अर्को संयोजक नियुक्त गरेको भन्दै भ्रष्टाचार गर्ने व्यक्तिलाई हटाएर अर्को संयोजक नियुक्त गर्नु समस्याको समाधान नभएको जनाएका छन् ।

उक्त भ्रष्टाचारकाण्डमाथि आवश्यक छानबिन गरी पारदर्शी बनाइयोस् भन्ने आमजनसमुदायको मागमा पार्टीको समर्थन रहेको र समस्या समाधान नगरी टालटुल पार्ने खोजिएमा पार्टीले सञ्चालन गर्ने निर्मम सङ्घर्षको परिणामको जबाफदेही नगरपालिका नै हुने चेतावनी पनि विज्ञप्तिमा दिइएको छ ।

जिल्ला पार्टी स्रोतका अनुसार २०७५/२०७६ सालबाटै उक्त निकायमा आर्थिक भ्रष्टाचार भएको प्रमाणित भएको, साथसाथै महिलाकाण्डहरू मच्चिएका, नेकपाले लगातार भ्रष्टाचारीमाथि छानबिन गरेर प्रमाणित भएपछि नगरप्रमुखको जिम्मेवारीबाट निष्कासन गरिएको, नगरपालिकाका सबै कर्मचारी भगतका विरुद्ध केन्द्रीकृत रहेको, भगतले हलेसीस्थित होटेल रोयलका मालिकसँगसमेत मिलेर नक्कली बिल बनाई ठगी गरेको प्रमाणित भएको, कोरोनाको बजेटसमेत भ्रष्टाचार गरेको पाइएको छ ।

त्यसैगरी होटेलका कुकले समेत काम गरेको पैसा नपाएको, पैसा माग्दा उल्टै धम्की दिएकोलगायत घटनाहरू सार्वजनिक भइसक्दा पनि कारबाही गर्नुको सट्टा घटना गुपचुप राखी प्रमुखमा सुटुक्क अर्को कर्मचारी नियुक्त गरिएकोमा आपत्ति प्रकट गर्दै नेकपाले यथार्थ सार्वजनिक गरेर दोषीमाथि कारबाही नभएसम्म सङ्घर्ष जारी राख्ने पनि जनाएको छ ।

## दलित मुक्ति मोर्चा भक्तपुरको पाँचौँ सम्मेलन सम्पन्न

**भक्तपुर** : 'आधुनिक जातीय विभेदका विरुद्ध जनमतसङ्ग्रहमार्फत वैज्ञानिक समाजवाद स्थापना गरौँ ! दलित मुक्ति मोर्चा नेपालको पाँचौँ जिल्ला सम्मेलन सफल पारौँ !' भन्ने नाराका साथ दलित मुक्ति मोर्चा नेपाल भक्तपुरको पाँचौं जिल्ला सम्मेलन सम्पन्न भएको छ ।

दलित मुक्ति मोर्चा नेपाल भक्तपुरको पाँचौं जिल्ला सम्मेलनले नयाँ कार्यसमिति चयन गरेको छ । दलित मुक्ति मोर्चाका ज्येष्ठ सदस्य भाइराजाबाबु नेपालीको अध्यक्षतामा बसेको बैठकले नयाँ पदाधिकारी चयन गरेको हो । अध्यक्षमा भाइराजाबाबु नेपाली, उपाध्यक्ष दीपक नेपाली, सचिव कृष्ण नेपाली, कोषाध्यक्ष नक्कलबहादुर नेपाली, सचिव लीला नेपाली, सदस्यहरू सुनीता सुनार, नर विक, कुमार नेपाली, शङ्कर नेपाली, बद्री नेपाली र कल्पना बयलकोटी चयन भएका छन् ।

दीपक नेपालीले सञ्चालन गरेको कार्यक्रममा भाइराजाबाबु नेपालीले अध्यक्षता गरेका थिए । बैठकमा दलित मुक्ति मोर्चा नेपालका महासचिव तथा पार्टी केन्द्रीय सदस्य रामलाल विक प्रमुख अतिथि, भक्तपुर जिल्ला सेक्रेटरी विजयसिंह, दलित मुक्ति मोर्चाका ब्युरो संयोजक गोपाल परियार, अनेर स्ववियु क्रान्तिकारीका केन्द्रीय सदस्य प्रवेश रुम्बा, अनेमसङ्घ क्रान्तिकारी भक्तपुर संयोजक सुस्मिता नेपाली, ट्रेड युनियन महासङ्घ भक्तपुर जिल्ला अध्यक्ष सुमन बस्नेत, जनपत्रकार सङ्गठन भक्तपुर जिल्ला अध्यक्ष नरेन्द्र रौले लगायतको उपस्थिति थियो ।

सम्मेलनमा भाइराजाबाबु नेपालीले प्रगति प्रतिवेदन पेस गरेका थिए । रामलाल विकले प्रशिक्षण चलाएका थिए । नेपालमा नयाँ खालको क्रान्तिको कुरा उठ्दै आएको र त्यो क्रान्ति नेपाल कम्युनिस्ट पार्टीले मात्र पूरा गर्न सक्ने विकले बताए । 'राज्यका अन्य निकाय त निकम्मा थिए नै, न्यायालय पनि भद्रगोल भएको प्रमाणित भयो', उनले भने ।

भक्तपुर जिल्ला सेक्रेटरी विजयसिंहले भक्तपुरमा ठूला धनाढ्य, भूमाफियाका कारण दलितको उठीबास भएको बताए । 'नियतबस, योजनाबद्ध रूपमा दलितको उठीबास गर्न खोजिँदैछ', सिंहले भने, 'मागेर अधिकार प्राप्त हुँदैन । खोसेर लिनुपर्छ ।' दलित मुक्ति मोर्चा नेपालको नयाँ कार्यसमितिलाई बधाई तथा शुभकामना दिँदै उनले पार्टीले सहयोग दिने वचन पनि दिए ।

## नेकपा कञ्चनपुरको २२ औँ बैठक सम्पन्न

कञ्चनपुर : नेपाल कम्युनिस्ट पार्टी कञ्चनपुरको २२ औँ पूर्ण बैठक सम्पन्न भएको छ ।

उक्त बैठकबाट आउँदो मङ्सिर ८ गते काठमाडौँमा हुने पार्टी पुनर्गठन दिवसका अवसरमा नेकपाका महासचिव विप्लवले सम्बोधन गर्ने विशाल जनसभालाई भव्य तरिकाले सम्पन्न गर्ने तयारीमा जुट्ने र यही कात्तिक २७, २८ र २९ गते कैलालीको धनगढीमा हुने नेकपाको भ्रातृ सङ्गठन दलित मुक्ति मोर्चा नेपालको राष्ट्रिय सम्मेलनलाई महासचिव विप्लवले उद्घाटन गर्ने कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न सिङ्गो जिल्ला पार्टी पूर्ण तयारीमा खटिने जिल्ला इन्चार्ज रामबहादुर चौधरी 'महान' ले बताए ।

त्यसैगरी दलाल पुँजीवादी व्यवस्थाले नेपाली जनतामाथि लादेको उत्पीडन, दमन, शोषण, भ्रमलाई चिर्ने गरी आफ्नो अभियानलाई अगाडि बढाएर छिटै जनताको व्यवस्था वैज्ञानिक समाजवाद स्थापना गर्न पार्टीको कार्यनीति जनमतसङ्ग्रहमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने पार्टीको महान् आकाङ्क्षा पूरा गर्न प्रतिबद्ध भएर दृढताका साथ लागिपर्नेलगायत निर्णयहरू गरेर बैठक सम्पन्न भएको इन्चार्ज चौधरीले बताए ।

जिल्ला सेक्रेटरी जीवनको अध्यक्षतामा बसेको उक्त बैठकमा प्रमुख अतिथि नेकपा केन्दीय सदस्य ओमप्रकाश पुन, अतिथिमा जिल्ला इन्चार्ज रामबहादुर चौधरी 'महान', राष्ट्रिय समाजवादी मञ्चका अध्यक्ष देवीदत्त पाण्डे, अखिल क्रान्तिकारीका केन्द्रीय सचिव वीरेन्द्र शाह, अखिल क्रान्तिकारी सुदूरपश्चिम क्षेत्रीय समन्वय समिति इन्चार्ज प्रकाश जप्रेल र साधारण शाखा सेक्रेटरी कमल विकको उपस्थिति थियो ।

# मङ्सिर ८ को कार्यक्रम भव्य बनाउने नेकपा रामेछापको निर्णय

**मन्थली (रामेछाप)**

आगामी मङ्सिर ८ गते काठमाडौँमा आयोजना हुने पार्टी पुनर्गठन दिवस भव्य रूपमा सफल पार्ने निर्णय गर्दै नेकपा रामेछापको पन्धौँ पूर्ण बैठक बुधबार सम्पन्न भएको छ।

बैठकमा नेकपा केन्द्रीय सदस्य एवम् रामेछाप-सिन्धुली इन्चार्ज रणवीरले तीन लाल (पुष्पलाल-गङ्गालाल-कृष्णलाल) को गौरवशाली बलिदानको इतिहास बोकेको रामेछापले एकीकृत जनक्रान्तिको कार्यदिशामा जारी वर्गसङ्घर्ष र वैज्ञानिक समाजवाद प्राप्तिको अभियानमा अग्रणी र सफल भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

'हामी महान् इतिहास निर्माण गर्ने प्रक्रियामा छौँ । निराशा र पलायनले होइन, कृष्णलाल, गङ्गालाल र पुष्पलालको त्याग र बलिदानको स्पिरिटले मात्र यो सम्भव छ', नेकपा नेता रणवीरले भने, 'पुरानो सत्ता र शासक असफल भइसकेका छन् । सत्ता सञ्चालन गर्नुपर्ने भविष्य र सपना बोकेको हाम्रो पार्टी क्रोध र प्रतिशोधमा नभएर संयमपूर्वक आफ्नो जिम्मेवारी र दायित्वबोध गरिरहेको छ। जनमतसङ्ग्रहबाट वैज्ञानिक समाजवाद स्थापनाको कार्यक्रम त्यसैको एउटा परिणाम हो ।'

वैज्ञानिक समाजवाद नेपाली जनताको हातबाट धेरै टाढा नरहेको प्रस्ट पार्दै नेता रणवीरले वर्गसङ्घर्षबाट थाकेका, भागेका, गलेका र दलाली र गद्दारीको बाटोमा पलायन भइसकेकाहरूले आफ्नो पार्टीले सरकारसँग तीनबुँदे सहमति गरेपछि आफ्नो भाग खोसिदिने भयले नेकपामाथि दुष्प्रचार गर्दै हिँडेको भए पनि जनक्रान्तिले त्यसलाई असफल सिद्ध गरिदिने बताए । एकीकृत जनक्रान्ति नयाँ कम्युनिस्ट बनाउने नयाँ स्कुल रहेको भन्दै नेता रणवीरले यसअघि कम्युनिस्ट बनिसकेको दाबी गर्नेहरू त्यसलाई आफ्नो बपौती बनाउँदै साँढेभैँ बाटो छेकेर बसेको तर नेकपाले त्यो अवरोध हटाएर एक्काईसौँ शताब्दीको विज्ञानप्रविधि र नयाँ कार्यदिशासहितको कम्युनिस्ट पार्टी निर्माण गरेर वैज्ञानिक समाजवाद स्थापना हुने सुनिश्चित गरेपछि तिल्मिलाउँदै दुष्प्रचारमा उत्रिएको प्रस्ट पारे ।

बैठकमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीले रामेछापले दोरम्बाको बलिदानमा भएको क्षतिपछि नयाँ नेतृत्व विकास गरेको र यसले रामेछापको कम्युनिस्ट आन्दोलनलाई वैज्ञानिक समाजवादसम्म पुऱ्याउने विश्वास व्यक्त गरे । नेपालको राजनीतिक-सांस्कृतिक कुनै पनि इतिहास रामेछापबाटै सुरु हुने तथ्यहरू प्रस्तुत गर्दै उनले नेपालका प्रथम साहित्यिक सहिद कृष्णलाल, नेपालका प्रथम विद्यार्थी सहिद गङ्गालाल, नेकपाका संस्थापक महासचिव पुष्पलाल र जनयुद्धको प्रथम सफल फौजी मोर्चा बेथानमा बलिदान प्राप्त गर्ने प्रथम सांस्कृतिक-छापामार-महिला-विद्यार्थी सहिद दिलमाया बम्जनको त्याग, शौर्य र बलिदानका कारण एकीकृत जनक्रान्ति सफल पार्न रामेछापको इतिहास र वर्तमान ऊर्जाशील बन्ने धारणा राखे । एकीकृत जनक्रान्तिका आठौँ सहिद रामकुमार श्रेष्ठ निरन्तर क्रान्तिकै उत्कर्ष रहेको उनको भनाइ थियो ।

बैठकको अध्यक्षता गरेका नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठले दलाल र गद्दारहरूले रक्तपानमा फ्याँकेको क्रान्तिको रक्तिम भन्डा उठाएर यहाँसम्म ल्याइपुऱ्याउन केही समय लागे पनि क्रान्ति विजयको शिखरतर्फ लम्किँदै गएको धारणा राखे ।

बैठकमा जिल्लाका निवर्तमान इन्चार्ज-सेक्रेटरी तीर्थ कार्की, गुन्जन, अभिलाषलगायतले जिल्लाको राजनीतिक, आर्थिक, सांस्कृतिक अवस्था र आफ्नो पार्टीले सञ्चालन गरिरहेको आन्दोलनका विषयमा बोलेका थिए । बैठकमा जिल्ला सदस्यहरूले क्रान्ति सम्पन्न गर्न आफूले निर्वाह गर्नुपर्ने भूमिका बढिरहेको बताएका थिए।

यसैबीच नेकपा रामेछापले आज जिल्ला सदरमुकाम मन्थलीमा विभिन्न राजनीतिक पार्टी, सरकारी निकाय, सङ्घसंस्था र जनसमुदायको उपस्थितिमा 'समाजवादको भविष्य र राजनीतिक पार्टीहरूको भूमिका' विषयक अन्तरक्रिया गोष्ठी आयोजना गरेको छ।

# तीनबुँदे सहमती कार्यान्वयनका लागि नेकपा रामेछापको दबाब ऱ्याली

**बद्री बोहरा/रामेछाप**

नेपाल कम्युनिस्ट पार्टी रामेछापले तीन बुँदे सहमती कार्यान्वयन गर्न सरकारलाई दबाब दिएको छ । रामेछापको बसपार्कबाट सुरु भएको विरोध ऱ्याली नारा जुलुससहित जिल्ला प्रशासन कार्यालय अगाडि पुगेर धर्नामा बसेको थियो भने धर्ना कार्यक्रमको सञ्चालन विशेष कमिटी सदस्य कुलदीप थापा मगर (क. अभिलास) ले गर्नुभएको थियो भने कार्यक्रमका प्रमुख अथिति तथा कार्यक्रमका प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी रामेछापका जिल्ला सेक्रेटरी इन्द्र श्रेष्ठ (क. पवन) ले कार्यक्रम लाई सम्बोधन गर्दै महत्वपूर्ण भनाइ राखेका थिए। कार्यक्रममा बोल्दै क. पबनले भन्नुभयो "नेपाल सरकारले नेपाल कम्युनिस्ट पार्टीसँग गरिएको तीन बुँदे सहमति अक्षरस पालना गर्नुपर्ने बताउनु भयो । पाटी सहमती पालना गर्दै अगाडि बढेपनि सरकारले सहमति कार्यान्वयन नगरेको आस्थाका बन्दीहरुलाई नछाडेको मुद्दा खारेज नगरेको उहाले बताउनु भयो। नेपाल कम्युनिस्ट पाटीले एकीकृत जनक्रान्ति मार्फत् वैज्ञानिक समाजवाद लागू हुने बताउँदै दलाल संसदीय व्यवस्थाका विरुद्ध प्रगतिशील संयुक्त सरकार र जनमतसंग्रह मार्फत् वैज्ञानिक समाजवाद कि दलाल संसदीय ब्यवस्था छान्ने अधिकार नेपाली जनतालाई दिनुपर्ने बताउनु भयो। धर्ना कार्यक्रममा उपस्थित हुनु भएका नेता कर्याकर्ता जनता प्रशिक्षणमा सहभागी हुनुभएको थियो । प्रशिक्षण कार्यक्रमलाई यमन बस्नेत (क.गुन्जन) ले सञ्चालन गर्नुभएको थियो भने कार्यक्रमका प्रमुख अतिथी क. पबनले गर्नु भएको थियो । सहभागी साथीहरुलाई प्रशिक्षण दिदै भन्नुभयो । गाँस बास कपास शिक्षा स्वास्थ्य रोजगारको निम्ति र वैज्ञानिक समाजवादको लागि निरन्तर सङ्घर्ष गर्नु पर्ने बताउनु भयो ।

# जनसांस्कृतिक महासङ्घ रामेछापमा ७९ वर्षीय पुष्पराज पौडेल

## एकैसाथ गठन भए युवा, किसान, विद्यार्थी र सांस्कृतिक मोर्चा

**मन्थली (रामेछाप)।**

अब बल प्रयोगबाट परिवर्तन र क्रान्ति सम्पन्न गर्न सम्भव छैन भनेर पलायनवादीहरूले आत्मसमर्पण गरेकै समयमा रामेछापमा ७९ वर्षीय क्रान्तिकारी नेता पुष्पराज पौडेलले सांस्कृतिक मोर्चाको नेतृत्व समालेका छन्। आफ्नो ७९ औं जन्मदिनकै दिन कात्तिक ९ गते जिल्ला सदरमुकाम मन्थलीमा आयोजित भेलाबाट संयोजकमा निर्वाचित भएपछि नेकपा रामेछापका सदस्यसमेत रहेका पौडेलले भने, 'कम्युनिस्ट आन्दोलनमा लागेका धेरै नेताहरू मेरै आँखाअघिल्तिर बिग्रिए । आन्दोलनलाई कमजोर बनाएर व्यक्तिगत वैभवमा लागे । नेपाल कम्युनिस्ट पार्टीलाई बिग्रिन नदिन र क्रान्ति सम्पन्न गर्न सांस्कृतिक मोर्चा समालेको हुँ । यो पार्टी पनि बिग्रियो भने आन्दोलन उठ्न धेरै समय लाग्छ ।'

पौडेलको नेतृत्वमा नवगठित १३ सदस्यीय अखिल नेपाल जनसांस्कृतिक महासङ्घ रामेछापमा पार्टीका पूर्वसेक्रेटरीहरू यमन बस्नेत गुन्जन, कुलदीप मगर 'अभिलाष' का साथै रमेश भण्डारी, रेजिना भण्डारी, केदार भुजेल, मनोज भुजेल, राम राई 'सञ्जीव', तेजबहादुर तामाङ, हीरा घिसिङ, विनोद सुवेदीलगायत छन्।

यसैक्रममा युवाहरूको भेलाले शङ्कर भुजेलको संयोजकत्वमा १२ सदस्यीय युवा सङ्गठन नेपाल रामेछाप गठन गरेको छ। नेकपाको सहायक सङ्गठन युवा सङ्गठन नेपाल रामेछापका अन्य सदस्यहरूमा सञ्जीव राई, मोहन भुजेल, विशाल लामा, अम्बिका भुजेल, परशुराम बस्नेत, तेजबहादुर तामाङ, रेजना भण्डारी, रामकृष्ण गिरी, राज मगर, केदार भुजेललायत रहेका छन्।

यसैगरी मनीषा भुजेलको संयोजकत्वमा लक्ष्मी श्रेष्ठ, कविता शाही, विक्रम भुजेल, सिर्जना भुजेल, सुनील श्रेष्ठलगायत सदस्य रहेको अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) रामेछाप पनि गठन भएको छ। त्यसैगरी श्याम घिमिरेको संयोजकत्वमा केशव पाण्डे, श्याम श्रेष्ठ, भरत श्रेष्ठ, शुक्रराज तामाङ, धनप्रसाद बखेल, उदयकुमार घर्ती, दीपक मगर सदस्य रहेको ११ सदस्यीय अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घ रामेछाप पनि गठन भएको छ।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ रामेछापको घोषणा महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीले गरेका थिए । नेकपा रामेछापका जिल्ला सेक्रेटरी इन्द्र श्रेष्ठले युवा सङ्गठन रामेछाप र अखिल क्रान्तिकारी रामेछापको घोषणा गरेका थिए भने किसान महासङ्घका संयोजक हरि श्रेष्ठले किसान महासङ्घ रामेछाप घोषणा गरेका थिए।

जवसका नवनिर्वाचित संयोजक र समितिहरूलाई बधाई तथा शुभकामना दिँदै नेकपाका केन्द्रीय सदस्य तथा नेकपा रामेछाप-सिन्धुली इन्चार्ज भरत बम 'रणवीर' ले एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादलाई अर्जुनदृष्टि बनाएर क्रान्तिमार्गमा लामबद्ध हुन निर्देशन दिएका थिए। नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठ र अखिल नेपाल जनसांस्कृतिक महासङ्घका सचिव अशोक सुवेदीले नवनिर्वाचित जवसलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएका थिए।

# नेकपा रामेछापले चलायो समाजवादसम्बन्धी बहस

## वैज्ञानिक समाजवादबाट नेपालले संसारको नेतृत्व गर्न सक्छ : रणवीर

**मन्थली (रामेछाप)।**

नेपाल कम्युनिस्ट पार्टी रामेछापले समाजवादसम्बन्धी बहस आरम्भ गरेको छ। नेकपा रामेछापले बुधबार जिल्ला सदरमुकाम मन्थलीमा विभिन्न राजनीतिक पार्टी र सङ्घसंस्थाहरूलाई सहभागी गराएर 'समाजवादको भविष्य र राजनीतिक पार्टीहरूको भूमिका' विषयमा अन्तरक्रिया गोष्ठी सम्पन्न गरेको हो।

अन्तरक्रिया गोष्ठीका प्रमुख अतिथि नेकपाका केन्द्रीय सदस्य तथा रामेछाप-सिन्धुली इन्चार्ज भरत बम 'रणवीर' ले अब जीवनमा लागू हुने समाजवाद चाहिएको धारणा व्यक्त गरे । समाजमा निराशा रहेको, रूप मात्रको समाजवाद रहेको र समाजवादका नाउँमा नवउदारवाद/संसद्वाद लागू भइरहेको कुरा सत्य रहेको बताउँदै नेकपा नेता रणवीरले नेपालमा नेपाली काङ्ग्रेस, एमाले हुँदै माओवादी केन्द्रसम्मले समाजवादका कुरा गरेर पनि समाजवाद लागू गर्न नसकेकाले नेकपाले एकीकृत जनक्रान्तिका माध्यमबाट वैज्ञानिक समाजवाद लागू गर्न पहल गरेको प्रस्ट पारे। उनले भने, 'विगतमा राजनीतिक पार्टीहरू एउटा कुरा भन्ने र अर्को काम गरेकाले समाजवाद लागू नभएको हो । पुरानो र पार्टी र व्यवस्थाहरू असफल भइसकेका छन्। वैज्ञानिक समाजवाद एक मात्र विकल्प हो र त्यो सम्भव छ। त्यसका लागि हामीले जनमतसङ्ग्रह प्रस्ताव गरेका छौँ । समाजवादका पक्षधर सबै शक्ति नेकपाले प्रस्ताव गरेको प्रक्रियामा लामबद्ध बनौँ । समाजवाद अपरिहार्य र अवश्यम्भावी छ।'

दलाल पुँजीवादी संसदीय व्यवस्था उत्पादनबेगर कमिसन र दलालीमा आधारित प्रणाली रहेको र आफ्नै मानिसलाई निषेध गरेर अगाडि बढ्ने व्यवस्था भएकाले यो व्यवस्था संसारबाटै असफल भएका उदाहरणहरू प्रस्तुत गर्दै नेता रणवीरले भने, 'वैज्ञानिक समाजवादको भविष्य उज्ज्वल छ । नेपालले वैज्ञानिक समाजवाद स्थापना र लागू गरेर संसारको नेतृत्व गर्न सक्छ ।'

अन्तरक्रिया गोष्ठीमा अतिथिका रूपमा धारणा राख्दै अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीले समाजवादी हौँ भनेर समाजवादको बहस गर्नसमात डराउने संसद्वादी शक्तिहरूलाई नारा नचोर्न खबरदारी गर्दै बहसमा भाग लिन चुनौती दिए । रुस, चीन, जनगणतन्त्र कोरिया, जर्मनी हुँदै संसारको दुई तिहाइ भूगोलमा विस्तार भएको समाजवादी व्यवस्था साम्राज्यवादको इसारामा अवसरवाद र संशोधनवादले नष्ट पारेकाले क्रान्तिका धोकेबाज र संशोधनवादीहरू बेलैमा चिनेर निर्मम सङ्घर्ष नगरे फेरि श्रमजीवी वर्गलाई धोका हुनसक्ने आशङ्का उनले व्यक्त गरे । राजा त्रिभुवन-मातृका कोइरालादेखि महेन्द्र-वीरेन्द्रकालीन पञ्चायती व्यवस्थाकै सिको गरेर संसद्वादी काङ्ग्रेस-एमाले, ज्ञानेन्द्रको शासन हुँदै केपी वली-पुष्पकमल दाहालसम्मले समाजवादका पक्षधरलाई प्रतिबन्ध लगाएको भन्दै उनले फेरि षड्यन्त्र भए बल प्रयोगमा जान जनता बाध्य हुने बताए।

नेकपा (क्रान्तिकारी माओवादी) का जिल्ला अध्यक्ष गणेश खड्गी 'गगन' ले नवउदारवादी संसद्वादीहरूले समाजवाद भनेर नवउदारवाद लागू गरिरहेको बताए। उनले नयाँ जनवादी क्रान्ति पूरा गरेर वैज्ञानिक समाजवाद लागू गर्नुपर्ने धारणा राख्दै यो व्यवस्थाबाट उत्पीडितहरू सबै वैज्ञानिक समाजवाद प्राप्तिको जारी आन्दोलनमा लामबद्ध हुनुपर्ने बताए।

नेकपा (माओवादी केन्द्र) का जिल्ला सदस्य दीपक प्रसाईंले सबै कम्युनिस्ट पार्टी र शक्तिहरू मिलेर समाजवाद स्थापना गर्नुपर्ने बताए । उनले जनयुद्धका सहिद परिवार र घाइते योद्धाका समस्याहरू ज्यूँका त्यूँ रहेको पनि बताए। कम्युनिस्ट पार्टीहरू सत्ताबाहिर हुँदा समाजवादको नारा लगाए पनि सत्तामा पुगेर बिग्रिएको उनको गुनासो थियो।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ रामेछापका अध्यक्ष बद्री नयाँघरेले कम्युनिस्टहरूले लामो त्याग, शौर्य र बलिदान गरेर पनि घोषणापत्रअनुसार समाजवाद लागू गर्न नसक्दा यो व्यवस्थाप्रति मानिसको निराशा बढिरहेको बताए।

नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अतिथिहरूलाई पार्टीका जिल्ला नेता गुन्जनले स्वागत गरेका थिए। कार्यक्रममा पत्रकार महासङ्घ रामेछापका पूर्वअध्यक्ष हिमाल डुङ्गेल, राप्पा प्रतिनिधि, पुस्तक व्यवसायी सङ्घका प्रतिनिधि, वातावरण संरक्षण मञ्चका प्रतिनिधि, जिल्लास्थित विभिन्न एमएम तथा पत्रपत्रिकामा आबद्ध सञ्चारकर्मी, नेकपा रामेछापका जिल्ला सदस्य र विभिन्न जवस मोर्चाका प्रतिनिधिहरूको सहभागिता थियो।

# रूपन्देहीमा नेकपाद्वारा वीरजङ्गको सम्मानमा श्रद्धाञ्जलीसभा

**बुटवल** : नेपाल कम्युनिस्ट पार्टी रूपन्देहीले वीरजङ्गको सम्मान र सम्भनामा बुधबार बुटवलमा श्रद्धाञ्जलीसभा गरेको छ।

श्रद्धाञ्जलीसभालाई सम्बोधन गर्दै नेकपा केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज कृतिले वीरजङ्ग योजना, बिचार, क्रान्तिप्रतिको निष्ठा र दृढताको प्रतीक रहेको बताए । उनले जनतासित उनको नङ र मासुको जस्तो सम्बन्ध रहेको पनि बताए। नेता कृतिले वीरजङ्गका सपनाहरूलाई पूरा गर्नु नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुने प्रस्ट पारे।

श्रद्धाञ्जलीसभामा नेकपाका जिल्ला सेक्रेटरी विश्वासले वीरजङ्गलाई चुनौती र सम्भावना दुवैमा सम्भने बताउँदै भौतिक रूपमा जनक्रान्तिको यात्रामा छोडिए पनि विचार, योजना र देखेका सपनाहरू पूरा गर्न बलिदानी भावसहित लाग्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा नेकपा माओवादी केन्द्र समाजवादीका नेता विनोद उपाध्याय, नवीन थारू, श्याम सेन्चुरी, सागर, जया, गुणाखर भट्टराई, ज्योतिलाल विकललगायतले बोलेका थिए। सेक्रेटरी विश्वासको अध्यक्षता, वीरेन्द्र विकको सञ्चालनमा कार्यक्रम भएको थियो । कार्यक्रममा प्रकाशसिंह रानाले वीरजङ्गको जीवनसित सम्बन्धित कविता वाचन गरेका थिए भने शिशिरले वीरजङ्गको जीवनी वाचन गरेका थिए।

# नेकपा बारा/पर्साद्वारा नेता वीरजङ्गप्रति सम्मानसहित श्रद्धाञ्जली अर्पण

**सिमरा** : नेपाल कम्युनिस्ट पार्टी बारा/पर्साले संयुक्त रूपमा पार्टीका केन्द्रीय सदस्य एवम् क्रान्तिकारी योद्धा चन्द्रबहादुर चन्द 'वीरजङ्ग' को सम्मानमा स्मृति तथा श्रद्धाञ्जलीसभा सम्पन्न गरेको छ। उक्त कार्यक्रम बुधबार बाराको सिमरामा भएको हो।

कार्यक्रमका प्रमुख अतिथि तथा बारा-जिल्ला सेक्रेटरी रक्तिमले कार्यक्रममा सम्बोधन गर्दै शोक मन्तव्य राखेका थिए । उनले आफ्नो जीवनकालमा भएका नेपाली क्रान्तिका विभिन्न चरणहरू पार गर्ने क्रममा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका वीरजङ्गको असामयिक निधनले उनको परिवार तथा समग्र पार्टीपङ्क्ति स्तब्ध हुनुका साथै क्रान्तिमा अतुलनीय क्षति पुगेको स्मरण गराएका थिए । शोकलाई शक्तिमा परिणत गरी क्रान्तिमा निरन्तर अघि बढ्न सम्पूर्ण पार्टी कार्यकर्ताका साथै आमजनसमुदायलाई रक्तिमले आग्रह गरे।

कार्यक्रममा सहभागी सम्पूर्ण पार्टी कार्यकर्ता तथा जनसमुदायले कार्यक्रमको सुरुआतमा एक मिनेट शिर भुकाएर वीरजङ्गप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए। त्यस्तै सबैले पालैपालो उनको फोटोमा अबिर र फूलमाला चढाई श्रद्धा अर्पण गरेका थिए।

पर्सा जिल्ला सेक्रेटरी गणेशको अध्यक्षतामा सम्पन्न श्रद्धाञ्जलीसभाको सञ्चालन युवा सङ्गठन नेपाल बाराका अध्यक्ष निरोज अब्दुल 'सङ्घर्ष' ले गरेका थिए । कार्यक्रममा जनपत्रकार सङ्गठन नेपालका केन्द्रीय सदस्य सुदर्शनराज पाण्डे पनि अतिथिका रूपमा सहभागी थिए।

# धनुषामा नेता वीरजङ्गको स्मृतिमा भावपूर्ण श्रद्धाञ्जलीसभा

धनुषा : नेपाल कम्युनिस्ट पार्टी धनुषाले केन्द्रीय सदस्य वीरजङ्गप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ।

नेकपा धनुषा जिल्ला सेक्रेटरी सन्तोषको सञ्चालन र महोत्तरी जिल्ला सेक्रेटरी भमानसिंह बलम्पाकीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि पार्टी केन्द्रीय समिति सदस्य तथा धनुषा/महोत्तरी इन्चार्ज देवनारायण रहेका थिए।

इन्चार्ज देवनारायणले वीरजङ्ग कम्युनिस्ट आन्दोलनका महान् र प्रखर नेता रहेको बताए। उनले भने, 'उहाँ जनताका दुस्मनका सामु कहिल्यै भुक्नुभएन । उहाँको महान् उद्देश्यलाई पूरा गर्न एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत जनताका दुस्मन तमाम दलाल संसदीय व्यवस्थालाई खरानी बनाई जनमतसङ्ग्रह र सशस्त्र जनसङ्घर्षमार्फत वैज्ञानिक समाजवादको व्यवस्था कायम गरी जनतालाई दास, नोकर र गुलाम होइन, मालिक बनाइछाड्छौँ ।'

# महासङ्घद्वारा काठमाडौँमा शोकसभा सम्पन्न

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले बुधबार पार्टीका नेता वीरजङ्गप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेको छ। नेकपाका केन्द्रीय सदस्य वीरजङ्गको गत असोज २८ गते निधन भएको थियो। पार्टीको पूर्वघोषित कार्यक्रमअनुरूप नेता वीरजङ्गप्रति ससम्मान भावपूर्ण श्रद्धाञ्जली दिन देशैभर पार्टी समितिहरूले शोकसभा आयोजना गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि महासङ्घका अध्यक्ष विनोद थापाले क्रान्तिकारी योद्धा एवम् कुशल, आदर्श नेता वीरजङ्गले देखेको सपना पूरा गरिछाड्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

उक्त कार्यक्रममा महासङ्घका केन्द्रीय उपाध्यक्ष शिशिर थापामगर र कोषाध्यक्ष ईश्वर बुढाथोकी पनि अतिथिका रूपमा सहभागी थिए। अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घको उपत्यकामा उपलब्ध केन्द्रीय सदस्य तथा पेसागत घटक सङ्घका पदाधिकारीहरू सहभागी थिए।

नेपाल कम्युनिस्ट पार्टीमाथि गैरन्यायिक रूपमा राज्यले लगाएको प्रतिबन्धको समयमा नेता वीरजंगमाथि राज्यले पटकपटक धरपकड र गिरफ्तारीको हर्कतमार्फत नियन्त्रणमा लिएका कारण उनको स्वास्थ्य अवस्था निकै कमजोर भैसक्दा पनि सम्मानपूर्वक रिहा गरेको थिएन। पछिल्लो चरणमा तीनबुँदे सहमतिपछि रिहा भएका नेता वीरजङ्गको उपचार भारतको म्याक्स अस्पतालमा भइरहेको थियो । नेता वीरजंगको निधनबाट सिङ्गो पार्टी र क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा अपूरणीय क्षति पुगेको सन्दर्भमा कार्यक्रममा उनीप्रति ससम्मान भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरिएको थियो।

# नेकपा कञ्चनपुरद्वारा वीरजङ्गको स्मृतिमा श्रद्धाञ्जलीसभा

**कञ्चनपुर** : नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य वीरजङ्गको स्मृति र सम्मानमा कञ्चनपुरको महेन्द्रनगरमा श्रद्धाञ्जलीसभा सम्पन्न गरिएको छ।

जिल्ला समिति कञ्चनपुरको आयोजनामा भएको श्रद्धाञ्जलीसभामा शोक मन्तव्य राख्दै नेकपा केन्द्रीय सदस्य तथा सभाका प्रमुख अतिथि डबल शाह 'भगत' ले वीरजङ्ग समग्र कम्युनिस्ट आन्दोलनको अविचलित नेता रहेको बताए। उनले वर्गीय मुक्ति, अन्याय, अत्याचार र उत्पीडनका विरुद्ध सधैँ अडिग भई दृढतापूर्वक लागेर नेतृत्वदायी भूमिका निर्वाह गरी एउटा जनप्रिय पार्टी निर्माण गर्नुमा उनको अतुलनीय योगदान रहेको पनि बताए।

नेता वीरजंगले देखाएको त्यो अविचलित वैचारिक इमानदारी, त्याग, समर्पण, बलिदानसहितको स्वच्छ धरातलमा टेकेर एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्न अनवरत यात्रीका रूपमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दै भगतले सबै नेता-कार्यकर्तालाई सोही बाटोमा इमानदारीसाथ खटिन आग्रह गरे।

यसैगरी पार्टी केन्द्रीय सदस्य तथा कञ्चनपुर जिल्ला इन्चार्ज महानले वीरजङ्ग सधैँ इमानदार भएर सच्चा क्रान्तिकारी पार्टी निर्माण र कम्युनिस्ट आन्दोलनका प्रिय नेता मात्र नभई पार्टीमा एउटा अभिभावकको भूमिका पनि निर्वाह गरेको बताए। यस्तै उक्त श्रद्धाञ्जलीसभामा राष्ट्रिय समाजवादी मञ्चका केन्द्रीय अध्यक्ष देवीदत्त पाण्डे, साधारण शाखा सेक्रेटरी कमल विकललगायतले शोक मन्तव्य राखेका थिए।

नेकपा कञ्चनपुर जिल्ला सचिव रमेश परियारको अध्यक्षतामा सम्पन्न कार्यक्रम युवा सङ्गठन कञ्चनपुरका उपाध्यक्ष दीपेन्द्र ऐरीले सञ्चालन गरेका थिए । उक्त सभामा जिल्लाका अन्य नेता-कार्यकर्ताको प्रतिनिधित्व रहेको थियो।

# किन राष्ट्रघाती छ एमसीसी सम्झौता ?


खम्बु चन्द

देशमा लामो समयदेखि अमेरिकी एजेन्सी एमसीसीसंग सरकारले गरेको सम्झौताको विषय सर्वाधिक चर्चा र वहसमा छ । आजभन्दा ४ वर्षअघि अर्थात् २०७४ भदौ २९ गते सरकारद्वारा गुपचुप रुपमै हस्ताक्षर गरिएको एमसीसी कम्प्याक्ट गुपचुपमै कार्यान्वयन सुरु गरिएको छ । उक्त सम्झौता संसद्बाट अनुमोदन गराउन खोजिएसँगै यो विषय छताछुल्ल भएको हो । यसलाई स्वीकार गर्नु राष्ट्रको हितमा छ र छैन भन्ने विषयमा सत्तारूढ गठबन्धनसमेत विभाजित छ । क्रान्तिकारीहरू, देशभक्त शक्तिहरूका साथै देशव्यापी जनमत भने एमसीसीविरुद्ध रहेको छ ।

संयुक्त राज्यअमेरिकाले विगत केही वर्षदेखि कयौँ देशहरूमा प्रयोग गरिसकेको एमसीसी रणनीति पछिल्लो समय नेपालमा आइपुगेको छ । विश्वका कयौँ देशहरू यो रणनीतिको पासोमा परेर चौपट भएको पृष्ठभूमिमा नेपाल एमसीसी कम्प्याक्टमा प्रवेश गर्नु आफैँमा आत्मघाती कुरा हो भन्ने विज्ञहरूको दाबी छ । नेपालमाथि लादिएका यो कम्प्याक्टका सर्तहरू हाम्रो असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तप्रतिकूल मात्र छैनन्, राष्ट्रिय स्वाधीनता, अखण्डता र सार्वभौमिकतामाथि नै धावा बोल्ने उद्देश्यमा आधारित देखिन्छन् ।

**के हो एमसीसी ?**

मिलिनियम च्यालेन्ज कर्पोरेसन (MCC) अमेरिकी एजेन्सी हो । यो एजेन्सी सन् २००४ मा स्थापना भएको हो । एमसीसीको प्रयोग र परिणाम हेर्दा चीनको बढ्दो प्रभाव र लगानी विस्तार भएका क्षेत्रहरू छनोट गरी त्यसलाई रोक्ने रणनीतिक योजनाअन्तर्गत यो परिलक्षित रहँदै आएको पाइन्छ ।

विगत केही वर्षयता अमेरिकी अर्थतन्त्र खस्कँदो हालतमा छ । सन् असीको दशकभरि आफूलाई एकध्रुवीय विश्वको नाइके सम्झने सं. रा. अमेरिकामा सन् १९९०-९१ र सन् २००१ मा आर्थिक मन्दी देखापर्‍यो । यसरी दुईपटक भोगपरेको चर्को आर्थिक मन्दीले सन् २००२ सम्म आउँदा आर्थिक वृद्धिदर २ प्रतिशतमा खुम्चिन पुगेपछि डामाडोल भएको अमेरिकी अर्थतन्त्रले रक्षात्मक रणनीति अखितयार गर्‍यो । अमेरिकी एजेन्सी मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) यसै रणनीतिको उपज हो ।

**अन्तरनिहित उद्देश्य**

खासगरी अफ्रिका, एसिया र ल्याटिन अमेरिकी देशहरूमा विकास तथा पूर्वाधार निर्माणमा चिनियाँ लागानी व्यापक रूपले विस्तार हुन थालेपछि चिनियाँ प्रभावलाई रोक्न अमेरिकाले रक्षात्मक रणनीति अघि सारेको हो । विश्वमै प्रतिस्पर्धी शक्तिका रूपमा तीव्र गतिमा उदाइरहेको चिनियाँ प्रभाव रोकेर मात्र आफ्नो एकल बर्चस्वलाई सुरक्षित गर्न सकिने अमेरिकी बुझाइ रहेको देखिन्छ । लक्षित क्षेत्रमा विकास र पूर्वाधार निर्माण सहायताका नाममा सियो बनेर पस्ने र ती क्षेत्रहरूलाई आफ्ना रणनीतिक सर्तहरूमा बाँधेर सैन्य अखडामा बदल्ने अमेरिकी उद्देश्यको अभिन्न अङ्गका रूपमा एमसीसी आएको हो भन्ने कुरा उसकै अभिव्यक्तिहरूले प्रस्ट गरेका छन् ।

एमसीसीका बर्तमान सीईओ Sean Cairncross ले NTDTV सँगको अन्तर्वार्तामा भनेका छन्, एमसीसी बेल्ट एन्ड रोडका बिरुद्धको महान् विकल्प र महान् नमुना हो । उनको यो भनाइबाट नै एमसीसी चीनका बिरुद्ध ल्याइएको रणनीतिक परियोजना हो भन्ने कुरा छर्लङ्ग हुन्छ । 'बेल्ट एन्ड रोड इनिसिएटिभ (BRI)' आर्थिक विकास र समृद्धिको चिनियाँ अवधारणा हो । २०७४ वैशाख २९ गते नेपालले बीआरआइमा औपचारिक रूपमा हस्ताक्षर गरेको ठीक ४ महिनापछि भदौ २९ गते अमेरिकाले नेपाललाई एमसीसी कम्प्याक्टमा हस्ताक्षर गराएको थियो । यसले एमसीसी राणनीति बीआरआइका बिरुद्ध ल्याइएको भन्ने पुष्टि मात्र गरेको छैन, नेपाली शासकहरूको अदूरदर्शिता, नालायकीपन र आत्मसमर्पणवादी रवैयासमेत प्रकट गरिदिएको छ ।

**इन्डो-प्यासिफिक रणनीतिको अभिन्न अङ्ग एमसीसी**

अमेरिकी अर्थतन्त्रको मेरुदण्ड युद्ध उद्योग हो । युद्ध र हतियारको ब्यापारमा टिकेको अमेरिकी अर्थतन्त्र इराक, अफगानिस्तान, सिरियालगायत देशमा फसेपछि नै ओरालो लागेको हो । यो सङ्कटबाट अमेरिका अझै मुक्त हुनसकेको छैन । पछिल्लो समय अमेरिका शर्मनाक ढङ्गले पराजित भएर अफगानिस्तानबाट भाग्नुपरेको परिघटना सबैका सामु छर्लङ्ग छ । अमेरिका यसबाट मुक्त हुने उपायको खोजीमा उसले हिन्द-प्रशान्त क्षेत्रमा युद्धको ब्यापार गर्ने रणनीति विकास गर्‍यो । हिन्द-प्रशान्त रणनीति (इन्डो-प्यासिफिक स्ट्राटेजी IPS) यसै अवधारणाको उपज हो । आईपीएस मूलतः सैन्य रणनीति हो ।

आजको विश्वमा एसिया-प्रशान्त र हिन्द महासागरीय क्षेत्र सापेक्षिक रूपमा शान्त क्षेत्र हुन् । प्राकृतिक स्रोतसाधन र जनसङ्ख्याको हिसाबले सम्पन्न मानिने यी क्षेत्रलाई ब्यापारिक तथा सामरिक दृष्टिले समेत रणनीतिक महत्वका रूपमा हेर्ने गरिन्छ । अब विश्वको नाभीकै रूपमा यो क्षेत्र विकसित हुने बिश्लेषण पनि भइरहेका छन् ।

यही क्षेत्रमा विकसित भएर अघि बढिहेको विकास र साझा समृद्धिको चिनियाँ अवधारणा 'बीआरआई' लाई अमेरिकाले ठूलो चुनौतीका रूपमा लियो । बीआरआईका बिरुद्ध यस क्षेत्रमा भारतलाई आफ्नो बलियो 'पार्टनर' का रूपमा उभ्याउँदै अमेरिकाले हिन्द-प्रशान्त रणनीति ल्याएको हो । यस क्षेत्रमा युद्ध भड्काउनु, अशान्ति पैदा गर्नु, युद्ध र हतियारको ब्यापार गर्नु, आफ्नो अनुकूलको शासनप्रणाली र पिट्ठुहरू खडा गरेर प्राकृतिक स्रोतसाधनमाथि कब्जा जमाउनु यो रणनीतिको उद्देश्य रहेको बुझ्न सकिन्छ ।

एसिया प्रशान्त क्षेत्र र हिन्द महासागर क्षेत्रमा पर्ने पूर्वी अफ्रिका, दक्षिणएसिया, दक्षिण-पूर्वी एसिया, पूर्वी एसियालाई रणनीतिक रूपमा समेटेर अमेरिकाले इन्डो-प्यासिफिक रणनीति तयार गरेको छ । यो रणनीतिको उद्देश्य बीआरआईलाई रोक्नु र चीनलाई घेराबन्दी गर्नु हो । यो उद्देश्य हासिल गर्न अमेरिकाले सामरिक र रणनीतिक महत्वको क्षेत्रका रूपमा नेपाली भूमिलाई छनोट गरेको छ ।

'एमसीसीअन्तर्गत नेपाललाई दिइएको अनुदान इन्डो-प्यासिफिक रणनीतिकै अङ्ग हो' भनेर अमेरिकी दूतावासले प्रस्ट पारिसकेको छ । त्यसैगरी संयुक्त राज्य अमेरिकाको रक्षा विभागले आफ्नो रिपोर्टमा इन्डो-प्यासिफिक रणनीति चिनियाँ विस्तार रोक्न र स्वतन्त्र एवम् खुला इन्डो-प्यासिफिक क्षेत्र निर्माणका लागि सङ्गठित गरिएको आर्थिक, शासनप्रणाली र सुरक्षा रणनीति हो भनेर स्पष्ट गरिसकेको छ । मई १४, २०१९ मा नेपाल भ्रमणमा आएका अमेरिकाको स्टेट डिपार्टमेन्टका दक्षिणएसियाका लागि निमित्त उपसहायकमन्त्री (सेक्रेटरी) डेभिड जे रान्ज David J Ranzn ले 'नेपालका लागि एमसीसी कार्यक्रम इन्डो-प्यासिफिक रणनीतिको अत्यन्त महत्वपूर्ण थालनी हो' भनेका थिए । अर्का अमेरिकी विदेश सहायक राज्यमन्त्री एलिस वेल्स (Alice Wells) ले भियतनाम भ्रमणका क्रममा 'मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गत नेपाललाई प्रदान गरिने ५०० मिलियन डलरको अनुदान समग्र हिन्द-प्रशान्त रणनीतिको भाग हो' भनेका थिए ।

अमेरिकी भनाइले स्पष्ट गरेको छ- यो रणनीति चिनियाँ प्रभाव रोक्न मात्र होइन, चीनका बिरुद्ध हिन्द-प्रशान्त क्षेत्रलाई अमेरिकी ध्रुवका रूपमा विकास गर्न खोजिँदैछ । यो अवधारणाभित्र इन्डो-प्यासिफिक क्षेत्रलाई अमेरिकी सुरक्षा छाताभित्र राखेर उसकै स्वार्थअनुकूलको अर्थतन्त्र र शासनप्रणाली लाद्ने रणनीतिक उद्देश्य रहेको कुरा छर्लङ्ग छ ।

इन्डो-प्यासिफिक रणनीतिमा नेपाललाई फसाउने गरी केही समयपहिले ओली सरकारले अमेरिकासँग गुपचुप सम्झौता गरेको थियो । राष्ट्रहितविपरीत गरिएको उक्त सम्झौताको चौतर्फी बिरोध भए पनि सरकार भने त्यसको बचाउमा लागिरह्यो । इन्डो-प्यासिफिक रणनीतिमा नेपाललाई प्रवेश गराउनुअघि नै देउवा सरकारले एमसीसीमा हस्ताक्षर गरेको थियो । तात्कालीन समयमा बाहिर आर्थिक तथा पूर्वाधार विकास सहायताको परियोजना भनेर 'हरियो घाँस' का रूपमा देखाइएको एमसीसी तब मात्र विवादित बन्न पुग्यो जब त्यसको पछाडि लुकाइएको इन्डो-प्यासिफिक रणनीतिको खतरनाक तरवार स्वयम् अमेरिकी अधिकारीहरूले 'एक्सपोज' गरे । नेपालले तरवारमुनि गर्धन थापेर हरियो घाँस खानु उपयुक्त हुन्छ कि हुँदैन ? अहिले एमसीसी स्वीकार गर्ने कि नगर्ने भन्ने प्रश्न ठीक यही हो ।

इन्डो-प्यासिफिक रणनीतिकै अभिन्न अङ्गका रूपमा रहेको एमसीसीलाई संसदीय स्वीकृति प्रदान गर्ने उद्देश्यले बिगतमै संसद्को दर्ता फाँटमा दर्ता गरिएको भए पनि तत्कालीन सभामुख कृष्णबहादुर महराले यसलाई रोकेर राखेको भन्ने चर्चा थियो । यही चर्चाकै पृष्ठभूमिमा 'महराकाण्ड' गराइएको थियो । त्यस 'काण्ड' पछि महराले एमसीसी राष्ट्रहितविपरीत देखिएकाले आफूले रोकेको बताइसकेका छन् । स्मरणीय छ, 'महराकाण्ड' लगत्तै कान्तिपुरलाई अन्तर्वार्ता दिँदै प्रधानमन्त्री ओलीले एमसीसी कम्प्याक्ट संसदीय प्रक्रियामा अघि नबढाएको भन्दै 'महराले गम्भीर गल्ती गरेको, आफ्नो पदीय मर्यादा र जिम्मेवारी पूरा गर्न नसकेको' जस्ता गम्भीर आरोप लगाएका थिए ।

एमसीसी सदनबाट पारित गराउने बाटो खोल्नकै लागि तत्कालीन सभामुख महरालाई सुनियोजित रूपले फसाएर 'महराकाण्ड' घटित गरिएको हो भन्ने कुरा प्रधानमन्त्रीकै भनाइले पुष्टि गरेको छ । त्यति मात्र होइन, महरामाथिको अनुसन्धान प्रक्रियामा अपनाइएको प्रतिशोधपूर्ण रवैयासमेतले 'महराकाण्ड' को व्यूहरचना नेपाललाई एमसीसीको पासोमा फसाउन खोज्ने राष्ट्रिय आत्मसमर्पणवादी षड्यन्त्रकै उपज हो भन्ने कुरा पुष्टि गर्दछ ।

**के छ एमसीसीमा ?**

एमसीसी सम्झौतामा उल्लिखित सर्तहरू पूर्णतः अमेरिकी स्वार्थमा आधारित रहेका छन् । उक्त सम्झौताका सर्तहरूले हाम्रो राष्ट्रिय स्वाधीनतामाथि धावा मात्र बोलेका छैनन्, नेपाललाई अमेरिकी स्वार्थको अधीनस्थ राख्ने खतरनाक उद्देश्यसमेत बोकेका छन् । यस्ता सर्तहरू कुनै पनि स्वाभिमानी नेपालीका लागि स्वीकार्य हुनै सक्तैनन् । एमसीसी सम्झौताका प्रत्येक बुँदाहरू नेपालको राष्ट्रिय हितविपरित रहेका छन् भन्ने कुरा त्यसका सर्तहरू आफैँ बोल्छन् ।

**एमसीसी : सहायताका नाममा हस्तक्षेप**

कुनै पनि दातृ राष्ट्र वा निकायद्वारा प्रदान गरिने निःसर्त अनुदानलाई आर्थिक सहायता भनेर बुझिन्छ । यस्तो सहायता सार्वभौम राष्ट्रहरूबीच सम्मानजनक तथा मैत्रीपूर्ण सम्बन्धका आधारमा दिने-लिने परम्परा रहँदै आएको पाइन्छ । यस्तो सहायता सर्तबद्ध हुँदैन वा द्विपक्षीय हितअनुकूल हुने गर्छ । सहायता कार्यान्वयनका प्राथमिकताहरूसमेत दातृ राष्ट्र वा निकायले निर्धारण गरेको हुँदैन । पछिल्लो समय चिनियाँ राष्ट्रपति सी जिन पिङले नेपाल भ्रमणका क्रममा नेपाललाई ५६ अर्बको आर्थिक सहायता दिने भनेर गरेको घोषणा यसै कोटीमा पर्छ ।

तर सहायताका नाममा अनुचित सर्तहरू थोपरेर अर्को राष्ट्रमाथि आफ्नो बर्चस्व कायम गर्न खोज्नु हस्तक्षेप हो । यस्तो हस्तक्षेप साम्राज्यवादी शक्तिहरूले कमजोर देशका शासकहरूलाई आफ्नो प्रभावमा लिएर वा काबुमा पारेर गर्दै आएका छन् । आर्थिक सहायताकै लागि च्याल चुहाउँदै शक्तिराष्ट्रहरूको पिट्ठु बन्ने होडबाजीमा कयौँ मुलुकहरूका भिखारी शासकहरूले आफ्नो देशको सार्वभौमिकता गुमाएका थुप्रै उदाहरण छन् । एमसीसी कम्प्याक्टका अनुचित सर्तहरूले आज नेपाललाई यसै दिशातर्फ धकेल्ने खतरा बढेको छ किनकि यो सहायता होइन, सहायताका नाममा आएको अमेरिकी हस्तक्षेप हो ।

यहाँका दलाल शासकहरूले कसम खाएअनुसार एमसीसी सदनबाट पारित गराउन नसकेपछि त्यसका लागि दबाब दिन एमसीसीकी उपाध्यक्ष फतिमा सुमारको टोली नेपाल आएर फर्किएको छ । टोलीले यहाँका संसदवादी नेताहरूलाई भेटेर धम्क्याएपछि उनीहरूले फलानाले गर्दा रोकिएको भनेर मालिकका प्रतिनिधिसामु एक अर्काबारे चुक्ली लगाउँदै सम्झौताप्रति आफू बफादार रहेको कसम दोहोर्‍याएका छन् ।

नेपालले सम्झौता अनुमोदन नगरे सम्पूर्ण आर्थिक सहायता रोकेर नाकाबन्दी गरिदिने भनेर भ्रमणकै क्रममा फतिमाले धम्की दिएको कुरा सार्वजनिक भएको छ । यसबाट थप प्रस्ट हुन्छ, एमसीसी परियोजना कुनै सहायता होइन, हस्तक्षेप नै हो । अनुदान सहायता हो भने यति धेरै जोर जबर्जस्ती किन ? अनुदान दिन र लिनका लागि संसद्बाटै अनुमोदनको जरुरी किन ? अनि संसद्बाट अनुमोदन नगरे अनुदान फिर्ता लिने र नाकाबन्दी लगाउनेसम्मको धम्की किन ?

**एमसीसी पक्षधरहरूको चरित्र**

एमसीसी सम्झौताका पक्षमा केही इनेगिनेका भ्रष्ट र अनैतिक पात्रहरू मात्र खुलेर देखिएको अवस्था छ । यस्ता पात्रहरू केही साम्राज्यवादका डलरवादी एजेन्टहरू छन् । केही बहुराष्ट्रिय कम्पनी र वित्तीय बजारका कारिन्दाहरू छन् । केही आफूलाई बुद्धिजीवी भनाउन रहर गर्ने तर दुई कौडीको बुद्धि नभएका बुद्धुजीवीहरू छन् भने केही आफ्नो विवेक प्रयोग गर्न नसक्ने राजनीतिक झोलेहरू छन् ।

यसबाहेक केही यस्ता पात्रहरू पनि छन् जसले यता लोकलाजको डरले एमसीसीको खुलेर समर्थन गर्न सक्तैनन् र उता मालिकको डरले त्यसका विरुद्ध मुख खोल्न पनि सक्तैनन् । यस्ता पात्रहरूले आफ्नो अस्तित्वलाई सुरक्षित गर्न सम्झौताका केही बुँदा संशोधन गरेर पारित गर्नुपर्ने भन्दै काइते भाष्यको सहारा लिन खोजिरहेको देखिन्छ । आफ्नो सारतत्वमा यी दुवैथरीको उद्देश्य एउटै हो, सत्तास्वार्थका लागि मालिकलाई दाहिना पार्नु । यी दुवैथरी राष्ट्रघाती प्रवृत्ति देशका लागि घातक छन् ।

**विरोधको भुमरीमा एमसीसी**

राष्ट्रघाती एमसीसी सम्झौताका विरुद्ध देशैभरि नागरिकहरू खबरदारीमा उत्रिँदै आएका छन् । नेपाल कम्युनिस्ट पार्टीले दलाल पुँजीवादी शासकहरूको राष्ट्रिय आत्मसमर्पणवादी रवैयाका विरुद्ध सङ्घर्षमा उत्रिन नागरिकहरूलाई आह्वान गर्दै राष्ट्रघाती एमसीसी सम्झौताका विरुद्ध शृ‌ङ्खलाबद्ध सङ्घर्षका कार्यक्रम गर्दै आएको छ । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेकपा (माले), नेपाल मजदुर किसान पार्टी, ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, नेकपा (माओवादी केन्द्र समाजवादी), वैज्ञानिक समाजवादी पार्टी नेपाल, राष्ट्रिय जागरण मञ्च, नेपालका लागि नेपाली पार्टीलगायत शक्तिहरूले एमसीसी खारेजीको माग गर्दै सङ्घर्ष गरिरहेका छन् ।

माओवादी केन्द्रबाट विद्रोह गरेका पुराना वामपन्थी नेता नारायण शर्मा, नेकपा एमालेका भीम रावल, मणि थापालगायत कतिपय नेता र नेकपा (माओवादी केन्द्र) का नेताहरू कृष्णबहादुर महरा, देव गुरुङ, लीलामणि पोखेललगायत नेताहरूले एमसीसी सम्झौताको विरोध गर्दै आएका छन् । त्यस्तै राष्ट्रहितबिरुद्धको एमसीसी सम्झौताको विरोधमा देशभक्त नागरिकहरूले स्वतःस्फूर्त प्रदर्शन गर्दै आएका छन् । हजारौं युवाहरूले माइतीघरमण्डलामा विरोध प्रदर्शन गर्दै नेपाललाई 'इराक र अफगानिस्तान बनाउन खोज्ने शासकहरूलाई खबरदारी' गरेका छन । यस्तै प्रदर्शन देशका विभिन्न भागमा भइरहेका छन् भने सामाजिक सञ्जालमा समेत एमसीसीविरुद्धको जनमत 'भाइरल' भइरहेको छ । बुद्धिजीवीहरू, लेखकहरू, राजनीतिक विश्लेषकहरूले एमसीसी देशका लागि घातक रहेको भनिरहेका छन् । देशभक्तहरूको यही दबाबका कारण एमसीसी सम्झौता संसदीय अनुमोदन हुनबाट अहिलेसम्म रोकिएको हो ।

उक्त सम्झौताको संसदीय अनुमोदन हुन नसके पनि ओली सरकारद्वारा प्रस्तुत आ.व. ०७७/०७८ को बजेटमा एमसीसी परियोजना लक्षित कार्यक्रम समेटिएको छ । देउवा सरकारका अर्थमन्त्रीले बजेटमा संशोधन गरे पनि एमसीसी परिलक्षित उक्त कार्यक्रम हटाएका छैनन् । यसले के देखाउँछ भने एमसीसी सम्झौता कार्यान्वयनलाई निरन्तरता दिँदै जाने र मौका छोपेर संसद्बाट अनुमोदन गर्ने दाउमा दलाल शासकहरू रहेका छन् ।

हाम्रा शासकहरूको मति सुध्रिएन भने यसले नेपाललाई इन्डो-अमेरिकन गुलाम बन्नुपर्ने दुर्भाग्यपूर्ण नियतितर्फ त धकेल्ने छ नै, साम्राज्यवादी मालिकहरूको स्वार्थसिद्ध गरिदिन आफ्नै मातृभूमीको बली चलाउन तयार हुने हुतिहारा दलाल शासकहरूका लागि पनि पश्चाताप गर्ने कुनै सुविधा बाँकी रहनेछैन । त्यतिबेला राष्ट्रिय राजनीतिले अर्को अध्याय चुन्ने वा अबको पुस्तामाथि खराब भविष्य हस्तान्तरण गर्ने भन्ने विकल्प मात्र बाँकी रहनेछ ।

---

## नेकपा जाजरकोटद्वारा अन्तरक्रिया कार्यक्रम सम्पन्न

**जाजरकोट** : नेपाल कम्युनिस्ट पार्टी जाजरकोटले गाउँगाउँमा जनतासँग वैज्ञानिक समाजवाद, जनमतसङ्ग्रह, एकीकृत जनक्रान्तिबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

नेकपाका केन्द्रीय सदस्य तथा जाजरकोट जिल्ला इन्चार्ज राजकुमार राई 'सङ्ग्राम', जाजरकोट जिल्ला सचिवालय सदस्य एवम् एरिया नं. १ का इन्चार्ज महान्लगायतको टोलीले मङ्गलबार जाजरकोट जिल्ला नलगाड नगरपालिका वडा नं. आठ मैदेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो ।

अन्तरक्रिया कार्यक्रममा केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज राईले गाउँगाउँमा सिंहदरबार आयो र सिंहदरबारसँगै जनतालाई लुट्ने प्रक्रिया मिसिएको सिंहदरबार आएको स्पष्ट पारे । उनले जनतालाई वैज्ञानिक समाजवाद कि संसदीय व्यवस्था ठीक भनेर व्यवस्था रोज्ने अधिकार जनतालाई दिनुपर्ने, संसदीय व्यवस्थाबाट निर्वाचित भएर सिंहदरबारमा गएकाहरूले जनताको अधिकारलाई कुण्ठित, दमन, हस्तक्षेप, राजनीतिक आक्रमण गरेर नेपालीहरूलाई खाडी मुलुकमा जाने बाध्यता गराएको बताए । राईले भने, 'वैज्ञानिक समाजवादी व्यवस्था सबै श्रमजीवीको व्यवस्था हो । संसदीयजस्तो होइन । संसदीय व्यवस्थामा काङ्ग्रेसले जित्यो भने काङ्ग्रेसका नेता-कार्यकर्ताले मात्र रोजगारी पाउँछन् । माओवादी केन्द्रले जित्यो भने माओवादीका नेता-कार्यकर्ताले मात्र रोजगारी पाउँछन् । एमालेले जित्यो भने एमालेका नेता-कार्यकर्ताले मात्र रोजगार पाउँछन् ।' साथै उनले संसदीय व्यवस्थाले दल, पार्टी, मन्त्री, प्रधानमन्त्री, माथिल्लो दर्जाका कर्मचारीहरू र पुँजीवादी वर्गहरू मात्र परिवर्तन भएको प्रस्ट पारे ।

अन्तरक्रिया कार्यक्रममा शिक्षक, बुद्धिजीवी, नेता-कार्यकर्ता, किसान, मजदुर, सर्वसाधारण, सुरक्षाकर्मीलगायतको बाक्लो उपस्थिति थियो ।

## नेकपा सर्लाहीको ....

सरकारको नेतत्व जनमतसङ्ग्रहका बारेमा व्यापक जनतामा लैजाने निर्णय गरेको छ ।

बैठकको अध्यक्षता सेक्रेटरी कमल सुस्लिङ्ले गरेका थिए ।

## नेता वीरजङ्गको निधन ....

राखे ।

नेता वीरजङ्गको जीवनी र सङ्घर्षको इतिहास प्रस्तुत गर्दै अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीले योद्धाहरूको मृत्यु पहाडभन्दा गह्रौं र कायरहरूको मृत्यु प्वाँखभन्दा हलुका हुने माओको उद्धरण नेता वीरजङ्गको जीवनमा लागू हुने बताए । इमानदारी, जुझारूपन, लगनशील र क्रान्तिकारिताका पर्याय वीरजङ्गको निधन सहादतको स्तरमा रहेको र निधनको प्रकृति कृष्णलाल, गोन्जालो र ग्राम्सीहरूकै स्तरको रहेकाले सहिद घोषणा गर्नुपर्ने धारणा राखे ।

निजी जीवनलाई त्यागेर सिङ्गो परिवारलाई नै क्रान्तिकारीकरण गर्ने नेकपाका नेता वीरजङ्गबाट सबैले पाठ सिक्नुपर्ने उनको भनाइ थियो । क्रान्तिका दलाल र गद्दारहरूलाई ललकार्दै हरेक विद्रोहमा क्रान्तिकारीहरूको साथ दिने नेता वीरजङ्ग दुर्लभ त्यागी नेताहरूको कोटीमा अग्रभागमा रहेको उनले सुनाए ।

अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घका संयोजक हरि श्रेष्ठले वीरजङ्गको मृत्यु स्वाभाविक नभएर विष ख्वाएर गरिएको हत्या भएको आशङ्का व्यक्त गरे । उनले पार्टीका अरू नेताहरूलाई पनि यसप्रकारको षड्यन्त्रबाट बचेर क्रान्ति अघि बढाउन सुझाव दिए ।

नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठको अध्यक्षता र सञ्चालनमा सम्पन्न श्रद्धाञ्जलीसभामा नेकपा रामेछापका पूर्वइन्चार्ज तथा सेक्रेटरीहरू तीर्थ कार्की, यमन बस्नेत 'गुन्जन', कुलदीप मगर 'अभिलाष', विभिन्न जवस मोर्चाका संयोजक, जिल्ला पार्टीका सदस्य र जवस मोर्चाका सदस्यहरू सहभागी थिए ।

## समाजवाद प्राप्तिको ....

परिणाम भएको टिप्पणी गरे ।

प्रशिक्षण कार्यक्रममा डोल्पाबाहेक हुम्ला, जुम्ला, मुगु, कालीकोट र दैलेख जिल्लाका करिब दुई सय जिल्लास्तरीय नेता-कार्यकर्ताको सहभागिता थियो ।

शनिबारै हुम्ला, जुम्ला, मुगु र दैलेख जिल्ला समितिको बैठक पनि सम्पन्न भएको छ । बैठकमा प्रवक्ताले सम्बोधन गर्दै पार्टी योजनामा इमानदार भएर खटिन निर्देशन दिएका थिए ।

## मूल्यवृद्धि फिर्ता नलिइए ....

नहुने भएको छ । त्यसैले सरकारको मातहतमा रहेको नेपाल आयल निगमलाई तुरुन्त मूल्य घटाउन हाम्रो मञ्च जोडदार माग गर्दछ । अन्यथा चाडपर्वको समयमा पनि सडकमा उत्रिन बाध्य हुनेछौं । सबै क्षेत्रबाट जनतामा निराशा मात्र परिकरहेको सत्ता र सरकारको समयमा नै ध्यान जाओस् ।'

## पुरानो सत्तामा ....

गर्ने हाम्रो सपना थियो । हामी हजारौँ युवा त्यो अभियानामा लामबद्ध बनेका थियौँ । हामीलाई थाहा छ- हजारौँ कमैयाहरू जमिनदारको घरबाट विद्रोह गरेर हाम्रो पार्टीमा आउनुभएको थियो । हामी सोच्थ्यौँ- जनताको शासन व्यवस्था स्थापना भएको खण्डमा यहाँ कोही कमलहरी हुनुपर्ने छैन । युवाहरू विदेशीको गुलाम बन्नुपर्ने छैन । यहाँका जमिनदार र तानाशाहहरूलाई धुलोमा मिलाइनेछ र जनताको व्यवस्था स्थापना हुनेछ भन्ने सपना देख्थ्यौँ । तर त्यो आजसम्म पूरा भएको छैन । म युवाहरूलाई भन्ने गर्छु- त्यो सङ्घर्षमा आज तपाईंहरू आइपुग्नुभएको छ। सायद युवाहरूको पनि त्यो सपना छ, यो देशलाई मुक्त गर्ने र स्वाधीन बनाउने सपना ।

विगत ७० बर्षदेखि चलेको आन्दोलन आज तपाईंहरूसँग पनि मिसिएको छ। नेपालमा गाउँगाउँमा जरा गाडेर बसेको सामन्तवाद ध्वस्त भएको छ । विदेशीको इसारामा चल्ने विदेशी दलालहरू, लुटेराहरूलाई गाउँगाउँबाट लखेट्नु पर्छ । नेपालका युवाहरूलाई विदेशमा बेचिएको छ । युवाहरूको ठूलो शक्ति विदेश पलायन भएको छ । युवाहरू विदेशीको खेलौना बनेका छन् । २१ औँ शताब्दीमा पनि १८ औँ र सत्रौँ शताब्दीको जस्तो हालत भोग्नु परिरेहेको छ । हाम्रा युवाहरूलाई जङ्गलको बाटो अमेरिका पुऱ्याउने र किनबेच गर्ने काम भइरहेको छ। नेपालका दिदीबहिनीहरूलाई विदेशका सडकमा उभ्याएर मोलमोलाइ गरी बेच्ने काम भएको छ जसरी १८ औँ शताब्दीमा अमेरिकामा काला जातिहरूलाई सिक्रीले बाँधेर गोराहरूले बेच्ने गर्दथे र वस्तुको जस्तै व्यापार गर्ने गर्दथे ।

हामी देशमा समाजवाद ल्याउन चाहने यो देशका क्रान्तिकारी युवाहरू, हरेकपल्ट विद्रोह गरेर तानाशाहरूलाई पछार्न सफल युवाहरूले आज १८ औँ शताब्दीको जस्तो अवस्था भोग्न बाध्य हुनुपरेको छ। हाम्रा युवाहरू बेचिँदा राज्य टुलुटुलु हेरेर बस्छ। सरकारको काम भनेको युवाहरूलाई विदेशमा बेच्नु हो । कुनै बेला अफ्रिकाका शासकहरू युवाहरूलाई बेचेर खान्थे । आज नेपालका हरेक शासकहरू युवकयुवतीहरूलाई बेचेर महल बनाउनेहरू प्रजातन्त्रको डिङ हाँक्दैछन् । नेपालमा यहीँ भएका मात्र होइन, विदेशमा बेचिएका ६०-७० लाख युवाले तपाईंहरूलाई हेरिरहेका छन् । देश र विदेशमा छरिएर रहेका युवकयुवतीहरूलाई तपाईंहरूले विश्वास दिलाउनुपर्छ । युवा सङ्गठनले अपिल गर्नुपर्छ- देश लुट्न नदिने हामी छौँ र देश लुट्नबाट बचाउने हामी छौँ भनेर । जसरी अग्रजहरूले बलिदान गरेका थिए त्यसरी हामी बलिदान गर्छौँ भनेर विश्वास दिलाउनुपर्छ। जसरी अग्रजहरूले जेल, नेल र यातना भोगेका थिए, जसरी घरबार त्यागेका थिए, देशलाई मुक्त गर्नका लागि होमिएका थिए । म राता टिसर्ट लगाएका युवालाई अपिल गर्न चाहन्छु- तपाईंहरूले यो देशलाई मुक्त गर्न तयार छौँ भनेर आमयुवालाई आह्वान गर्नुपर्ने हुन्छ।

नेपालमा विजयको नजिक पुगेको माओवादी पछारियो र अब उठेर धुलो टकटक्याएर उठ्नुपर्छ । केही समस्या आए पनि हामी फेरि उठेका छौँ । म दाङबासी जनतालाई भन्न चाहन्छु- हामी रगत पुछेर उठेका मान्छेहरू हौँ । रणमैदानमा साथी ढल्दा रगत र आँसु पुछेर हिँडेका मान्छे हौँ । हामी जनताको विजयका निम्ति सबैखाले दुःखकष्ट खपेर उठेका मान्छे हौँ । आकाशमा कतै कालो बादल मडारिन सक्छ । कतै अविश्वास आउन सक्छ तर तपाईंले विश्वास गर्नुपर्छ । दलालहरूले काठमाडौँमा केही हल्लीखल्ली मच्चाउन खोज्दैछन् तर त्यो केही दिनका लागि मात्र हो । हामी निराश हुनु हुँदैन । हामी निरास भयौँ भने वैरीहरूले त्यसको फाइदा उठाउनेछन् । निरास भइयो भने फेरि जनताका लुटेरा हाबी हुनेछन् । शासकहरू हाम्रो टाउकोमा टेक्न आइपुग्नेछन् । हामी एउटा सपना, एउटा आशा र एउटा विश्वासका साथ जुट्नुपर्छ।

आदरणीय जनसमुदाय र कमरेडहरू, हामी हाम्रो पार्टीको मात्र कुरा गर्न यहाँ आएको होइन । जनयुद्धमा पनि हामीले देश र जनताका कुरा गरेका थियौँ । हामीले माओवादीको मात्र कुरा गरेका थियौँ भने जित्ने थिएनौँ । जनयुद्ध माओवादी पार्टीको मात्र थिएन । जनयुद्ध नेपालका श्रमिक जनताको युद्ध थियो। माओवादी पार्टीले साहसका साथ युद्ध गरेको हो । यतिबेला पनि हामीले हाम्रो पार्टीको मात्र कुरा गरेका होइनौँ । यसलाई कैयौँ मानिस सिध्याइदिने कुरा गर्छन् । हामी रोल्पा र दाङ हुँदै काठमाडौँ पुगेका थियौँ र भनेको थियौँ- हामी जनताको विजय नहुँदासम्म आराम गर्नेछैनौँ । हाम्रा नेताहरूले पनि त्यो भनेका थिए । हामीले उनीहरूलाई साथ पनि दिएका थियौँ तर पछि हाम्रा नेताहरू जनताको विश्वासबाट बाहिरिन थाले । जनता र देशको मुद्दाबाट पछि फर्किन थालेको जस्तो महसुस भएपछि हाम्रो बहस भयो । त्यही बेला हामीले भनेका थियौँ- माओवादीले लडेको कुरा केवल कुर्सीका लागि होइन । माओवादी प्रधानमन्त्री र मन्त्री हुनका लागि लडेको थिएन । प्रधानमन्त्री पनि हुने हो तर त्यसका लागि मात्रै लडेको थिएन । पैसाको अभाव भएर तलब खानका लागि मात्रै पनि लडेको थिएन । काङ्ग्रेस-एमालेले सरकारमा बसेर पैसा खाए भनेर हामी पनि पैसा खानका लागि जनयुद्ध लडेको होइन । हामीले रातीराती पहाडहरू उक्लेको, दुःख-कष्ट भोगेको कुरा मन्त्री हुनका लागि वा कुर्सी पाउनका लागि मात्र थिएन । जब माओवादी पार्टीभित्र समस्या आउन थाल्यो, हामीले भन्यौँ- काङ्ग्रेसले पनि इतिहासमा भुल गरेको छ । काङ्ग्रेसका साथीहरूले यही व्यवस्था ठीक भन्नुहुन्छ तर यो व्यवस्था पनि काङ्ग्रेसले ल्याएको होइन । यो व्यवस्था ल्याउने बेला सबैभन्दा बढी बलिदान माओवादी नेता-कार्यकर्ता र जनताको भएको छ । कुनै समय थियो- काङ्ग्रेसले पनि बन्दुक उठायो र लड्यो। सङ्कटकालमा हामी हिँड्दा पनि काङ्ग्रेसले खनेका ट्रेन्चहरूमा पनि हामी पुगेका थियौँ । काङ्ग्रेसले खनेका खाल्डाहरू अहिले पनि बाँकी छन् । काङ्ग्रेसका मान्छेहरूलाई गोलीले उडाइएको थियो र भिरबाट खसालिएको थियो । काङ्ग्रेसले पनि दुःख गरेको छ तर काङ्ग्रेस जब सत्तामा पुग्यो, जनतालाई बिर्स्यो । काङ्ग्रेसले धेरैपटक सत्ता चलायो तर काङ्ग्रेसले कहिल्यै पनि सत्ता जनतामा फर्काउन मानेन । आजसम्मको रोग भनेको जनताको शक्तिबाट सत्तामा पुग्ने र सत्तामा पुगेपछि लुट्ने प्रवृत्ति देखियो । यो प्रवृत्ति लगातार दोहोरियो र काङ्ग्रेस त्यसको सिकार भयो । तर नेपाली जनता मुक्ति चाहन्थे । झापा आन्दोलनसम्म आउँदा एमालेले पनि दुःख गऱ्यो केपीजीहरूले पनि दुःख गर्नुभयो । एमाले पनि सत्तामा पुग्यो तर एमालेले पनि सत्तालाई जनताको सत्तामा बदल्न सकेन । एमाले पनि कतै गएर भुल्यो र जनताको मतबाट त्यो पनि पूरा हुन सकेन । एमालेले नेपालको सत्तालाई जनताको सत्तामा बदल्न सकेन । माओवादी पनि सत्तामा आयो तर फेरि पनि त्यतैतिर घुम्यो । माओवादीले अकल्पनीय जनमत पनि पायो । कुनै बेला यस्तो समय थियो- हामीसँग हजारौँहजार पूर्णकालीनहरू थिए । ५० हजार त पूर्णकालीन कार्यकर्ताहरू थिए । ३५ हजार हाम्रा सेना थिए र प्रमाणित गरेकै पनि हाम्रा २० हजार सेना थिए । लाखौँ युवकयुवतीहरू माओवादीले भनेको बेलामा जऱ्याकजुरुक उठ्न तयार भएको शक्ति नेपालमा थियो ।

नेपालमा बुद्धिजीवीहरूले आफ्नो क्षमता आफ्नै देशमा लागू गर्न पाउने हो भने उद्योगीव्यवसायीहरूले आफ्नो क्षमता आफ्नो देशमा प्रयोग गर्न पाउने हो भने पैसाले केही परिवर्तन गर्छ तर सारा कुरा पैसा हो भनेर नेताहरू पैसाको पछि लाग्छन् भने, किनबेच चल्छ भने विदेशीको अगाडि लम्पसार पर्छन् भने पैसाका निम्ति विदेशीसँग लम्पसार पर्छन् भने पैसा हाम्रा लागि केही पनि होइन । नेपालमा अहिलेसम्म पैसा र कुर्सीका लागि देशको स्वाधीनता दाउमा राखियो । आज त्यसको मार भोग्नुपरेको छ । पैसाका लागी विदेशी मालिकहरूलाई लुटाउने काम भयो । जब माओवादी सत्तामा पुग्यो फेरि त्यही कुरा दोहोरिएपछि हामीले नयाँ पार्टी बनायौँ र सम्बन्धविच्छेद गऱ्यौँ । हामीलाई आरोप थियो- तिनीहरूले पद नपाएर, सुविधा नपाएर हो, तिनीहरू केही पनि होइनन् भनियो र २० बर्ष हामीलाई कसैले हल्लाउन सक्दैन भनियो । हाम्रा आधारइलाका र सेना बेचिएको हो । हामीले प्रचण्ड-बाबुरामहरूलाई विश्वास गऱ्यौँ । तर प्रचण्डहरूले धोका दिए । प्रचण्डले हामीलाई काडमाडौँमा लगेर बेच्न खोजे पनि हामीले नेपाली जनताको स्वाभिमानका लागि विद्रोह गऱ्यौँ । आज देशका ६० लाख युवाहरू विदेशमा छन् । युवाहरू गाउँगाउँमा ड्रग्स खाएर बस्ने अवस्था छ । आज गाउँगाउँमा पनि युवाहरूले ड्रग्स खाने अवस्था छ । युवाहरूलाई ड्रग्स खुवाउने काम पनि सत्तामा बसेका दलालहरूको हो । काठमाडौँमा बस्ने दलालहरूका गाउँका एजेन्टहरूको हो । सबैभन्दा बढी खट्नुपर्ने युवाहरूको हातमा काम छैन । राम्रो शिक्षा छैन । जनवादी शिक्षा छैन । २०४६ सालपछि शिक्षामा यस्तो व्यापार आयो । आज गरिबले त पढ्न नसक्ने अवस्था आएको छ । धनी र गरिबले पढ्ने दुईखाले शिक्षा छ । जुनसुकै पार्टीको व्यक्ति शिक्षामन्त्री भयो भने पनि शैक्षिक माफियाको चङ्गुलमा पर्ने गरेका छन् । मन्त्रीले कमिसन खाएर शिक्षामा व्यापार गर्ने कानुन बनाउने काम गर्छन् र माफियाहरूलाई सुम्पन्छन् । नेपालमा कम्युनिस्ट सरकार बन्छ तर कुनै पनि सरकारले युवाहरूको रोजगारीको सुनिश्चितता गर्न सक्दैन । सत्तामा बसेका मानिसहरू दिनदिनै लड्ने र झगडा गर्ने काम गर्छन् । केपीजीले काम गरेको तथ्याङ्क पेस गर्नुहुन्छ तर जनताका समस्या उही छन् । ३ महिनासम्म ५ जना मन्त्रीले सरकार चलाउँछन् । उद्योगीव्यवसायीहरूले हामीसँग भन्नुहुन्छ- हामीलाई काम गर्ने वातावरण नै छैन । कतै कर बढाउने, कतै व्यापारका लागि अवरोध गर्ने गरिन्छ तर विदेशी उद्योगपति आएपछि काठमाडौँमा मन्त्रालयमा स्वागत-सम्मान गरिन्छ तर स्वदेशी उद्योगीहरूलाई कुनै सहयोग गरिँदैन । नेपाल अस्तव्यस्त छ । नेपाल भाँडिएको छ जसको कारण राजनीतिमा मानिसहरूको वितृष्णा छ । आज राजनीतिबाट भाग्ने र घृणा गर्ने गरेको खण्डमा, निराश भएको खण्डमा झन् समस्या आउनेवाला छ । आज सत्तामा सङ्कट छ । सत्ताको सङ्कट भनेको यहाँका दलालहरूको सङ्कट हो । आज राजनीतिमा जे सङ्कट आएको छ, त्यो सत्तामा बसेको वर्ग र नेताहरूका कारणले आएको हो । अस्तिसम्म संसद्मा थियो, अहिले त अदालततिर सरेको छ । पहिले संसद् भवनमा हुने कुटाकुट चोलेन्द्रशमशेरको आँगनतिर सरेको छ । त्यो पनि सत्ताको सङ्कट हो । यो दलाल संसदीय व्यवस्थाको परिणाम हो । संसदीय व्यवस्था भनेको लुटेर खाने वर्गको व्यवस्था हो । नेपाली जनताले अधिकार चाहेका छन्, परिवर्तन चाहेका छन् । लेनिनले भनेझैँ जब सत्तामा सङ्कट पैदा हुन्छ, जनताले बुझ्नुपर्छ हामीले सत्ता चलाउने बेला आएछ । देशको कुल बजेटभन्दा बढी १७ खर्बभन्दा बढी बेरुजू छ । यो भनेको सत्तामा आएको सङ्कट हो । बेरुजू भनेको कर्मचारीले हिसाब मिलाउँदामिलाउँदै पनि मिलाउन नसकेको हो । जनताको १७ खर्ब पैसा हिनामिना भएको छ । पालिका बनेको ३ वर्ष पुगेको छैन तर पालिकामा मात्र १ खर्बभन्दा बढी बेरुजू छ । एउटै पालिकाले ६ करोडभन्दा बढी बेरुजू निकोलेको छ । त्यो हामीले होइन, महालेखा परीक्षकले निकालेको बेरुजू हो । भित्र झन् कति होला ! उदाहरणका लागि दाङकै एकजना माओवादी केन्द्रकै साथीले भन्नुभयो- मैले ७० लाख बजेट ल्याएँ तर विकासम १५ लाख खर्च भयो अरू सबै मिलेर खाए । यसरी खाने साथीहरू यहाँ पनि आउनुभएको होला, यो तपाईंहरूको समस्या होइन, यो त राज्यसत्ताको समस्या हो । आजभोलि पैसा देखेपछि वडाध्यक्षको दिमाग पनि ३ फन्का घुम्न थाल्छ । सुडानकाण्डमा रमेश चन्दले जेल जानुपऱ्यो । ७ प्रहरी अधिकारीलाई मुद्दा लाग्यो तर त्यसमा संलग्न त्यतिबेलाका गृहमन्त्री त उम्किए नि । अहिले सबैतिर बेथिति जुन छ त्यो राज्यको असफलता हो । जनताको सत्ता नहुनुको परिणाम हो यो । कुनै दिन राज्यका सबै क्षेत्रमा यो सङ्कट पैदा हुनेवाला छ । नेपालका दलाल र नेताहरूले नेपालमा राख्न नसकेको पैसा स्विट्जरल्यान्डको बैङ्कमा राखेका छन् । आज सत्तामा अर्थतन्त्रमा झन् ठूलो सङ्कट छ । व्यापारघाटा ठूलो छ । महँगी र मूल्यवृद्धि आकासिँदो छ । जनताको जीवन दिन-प्रतिदिन कष्टकर बन्दै गएको छ । हामीले देशमा भ्रष्टाचार नगर, देश बेच्ने काम नगर भन्दा, सामाजिक विभेद नगर, महँगी नबढाउन भन्दा हामीमाथि प्रतिबन्ध लगाइयो । हामीलाई प्रतिबन्ध लगाएको मुख्य घटना एनसेल हो । एनसेलका बारेमा तपाईंहरूलाई थाहा नै छ । एउटै एनसेलले नेपालको बजेटको १० प्रतिशत वरिपरिको पैसा हिनामिना गऱ्यो । १० खर्बभन्दा बढी पैसा एउटै कार्यालयले हिनामिना गऱ्यो । सर्वोच्च अदालतले नै ७२ अर्बको कर छली गरेको तथ्याङ्क पेस गऱ्यो । सरकारले कर उठाएन । यो वर्ष पनि हामी के सुन्दैछौँ भने यो वर्ष पनि ६२ अर्ब पैसा एनसेलले तिरेको छैन । सत्तामा बसेका दलालहरूले एनसेलसँग साँठगाँठ गरेर २२ अर्ब मात्र तिराएर अरू मिनाहा गरिदिए । कर उठाउने होइन, छूट दिने काम गरे । जनताले हामीसँग गरेको मागबमोजिम हामीले एनसेलमाथि कारबाही गऱ्यौँ । त्यो हामीले गरेको कारबाही होइन नि, नेपाली जनताले गरेको विद्रोह थियो । कारबाही गरेपछि सरकारले नगरेको काम देशभक्तहरूले गरे भनेर हामीलाई धन्यवाद दिनुको सट्टा केपी ओली सरकारले हामीलाई प्रतिबन्ध लगायो । हामीलाई प्रतिबन्ध लगाएर आतङ्ककारी र देशद्रोही भनियो । नेपालमा भएको भ्रष्टाचार, करछली र लुटपाटका विरुद्ध लड्दा हामीलाई प्रतिबन्ध लगाइयो र देशद्रोही भनियो । एकजना नेपाली सेनाका जनरलले हामीलाई भने- नेपाल कम्युनिस्ट पार्टी देशद्रोही होइन । हामीलाई खुसी लाग्यो । यो कुरा त एउटै बिस्तरामा सुतेर गएको नेता प्रचण्डले भन्नुपर्थ्यो । तर उहाँले हामीलाई प्रतिबन्ध लगाउँदा ताली पिट्नुभयो । पछि त उहाँहरूबीचमै भनाभन भयो ।

हामीले भनेका थियौँ- हामी राष्ट्रियताका पक्षमा लड्ने हो, भ्रष्टाचारका विरुद्ध लड्ने हो । हाम्रा साथीहरू कुमार र राजुहरूलाई, झोला बोकेर हिँडेका मान्छेहरूलाई मारियो । यसको उद्देश्य थियो- हामीलाई उत्तेजित बनाउने र युद्ध निम्त्याउने । हामीले सेना र प्रहरीलाई पनि भन्यौँ- हामीले जनयुद्धमा पनि युद्ध तपाईंहरूको पनि हो भनेर अपिल गर्दा सयौँ साथीहरू हतियार बोकेर आउनुभयो । भिडन्तमा परेकाबाहेक जनयुद्धमा सेना र प्रहरीलाईसमेत ससम्मान हिँडाउने मान्छे हौँ हामी । हामीले सेना र प्रहरीलाई पनि अपिल गरेका थियौँ । हामीलाई प्रतिबन्ध लगाए पनि, नलगाए पनि त्यही कुरा भनिरहन्छौँ ।

हामीलाई भारत र अमेरिकाले गिद्दे आँखा लगाएका छन् । भारतले सीमा क्षेत्र फिर्ता गरेन भने हामीले प्रतिरोध गर्नुपर्छ र त्यसको नेतृत्व हामी गर्न तयार छौँ । अमेरिकाले हामीलाई बाहिर ५० अर्ब देखाउने तर टुप्पी समातेर उठबस बनाउने काम गर्छ भने हामीले लड्नुपर्छ ।

आज नेपालमा यहाँको सत्ताबाट कोही पनि सन्तुष्ट छैनन् । सामाजिक विभेद छ । जघन्य अपराधहरू बढिरहेका छन् । हामीलाई खोज्न प्रहरी भाइहरूलाई डाँडाकाँडा चढाउने ! हत्यारालाई खोज्न नसक्ने, देशबेचुवाहरूलाई नसमात्ने तर क्रान्तिकारीहरूलाई खोज्दै हिँड्ने यो राज्यसत्ता र यहाँका शासकहरू । हिजोका जालीफटाहा र शासकहरूले आफ्नो सत्ता बचाउनका लागि बनाइदिएको जात, भात र सीमाको कलङ्क मेट्न जरुरी छ । हामी लड्दैछौँ । नेपालको सत्ता असफल भएको छ । जनतालाई सुरक्षा दिन सकेको छैन । युवाहरूलाई रोजगारी र शिक्षा दिनसकेको छैन । सुकुमबासीहरूलाई घरबास दिन सकेको छैन । बुद्धिजीवी र वैज्ञानिकहरूले आफ्नो क्षमता प्रयोग गर्न पाएका छैनन् । उद्योगीव्यवसायीहरूले आफ्नो उद्योगधन्दा निस्फिक्री चलाउन पाएका छैनन् । यो देशमा भएका सबैखाले समस्याहरूको समाधान गर्न र राज्यसत्ताको सङ्कटको समाधान गर्न हामीले भनेका छौँ- जनमतसङ्ग्रह गरौँ भनेका छौँ । उहाँहरू हामीलाई हतियार बोकेर हिँड्ने पार्टी, हिंसाको बाटोमा हिँड्ने पार्टी भनेर आरोप लगाउनुहुन्छ । यो गलत हो । एउटा कुरा के हो भने हामीलाई बन्दुकद्वारा दमन गर्न खोजियो भने हामी त्यो सहँदैनौँ । जनताको न्यायपूर्ण आवाजलाई बन्दुकले दबाउन खोजियो भने हामी चुप लागेर बस्दैनौँ तर हामी बन्दुक बोकेर हिँड्दैनौँ । यो व्यवस्था फेल खाएपछि साँच्चिकै प्रजातन्त्रवादी हुनुहुन्छ भने काङ्ग्रेसका साथीहरू पनि, एमालेका साथीहरू पनि प्रजातन्त्रवादी हौँ भने एकपटक चुनाव गर्न चाहन्छौँ तर संसदीय व्यवस्थाको चुनाव होइन जनमतसङ्ग्रहको चुनाव हो । यसपटक जनमतसङ्ग्रहको चुनाव गराइयोस्, हामी लड्न तयार छौँ । हामी शान्तिपूर्ण तरिकाले जनमतसङ्ग्रह गर्न तयार छौँ । वैज्ञानिक समाजवाद रोज्ने कि दलाल संसदीय व्यवस्था रोज्ने भन्ने विषयमा हामी एकपटक जनतामा जान तयार छौँ । हामी महिला, आदिवासी, जनजाति, दलित, मुस्लिम, मधेसी सबैलाई सोध्छौँ र भन्छौँ- तपाईंहरू परिवर्तनका पक्षमा जाने कि के गर्ने ? हामी भन्छौँ- नेपाललाई एकपटक परिवर्तन गर्नुपर्छ । हाम्रो प्रस्ताव यो छ । हामी प्रचण्डलाई पनि भन्छौँ- पार्टी ठूलो बनाउनका लागि होइन, जनमतसङ्ग्रहको बाटोबाट वैज्ञानिक समाजवादमा पुग्नका लागि हामी मिलेर जान तयार छौँ । तर पार्टी सानो भयो भनेर मिलेर जाऔँ भन्नुभएको हो भने त्यो सम्भव छैन र कृपया त्यो एकता हामीबाट सम्भव छैन । हामी जस्तोसुकै दुःख र सङ्घर्ष गर्न तयार छौँ । तपाईंहरू हामीलाई आफैँजस्तो बनाउन चाहनुहुन्छ ? हामीलाई त्यो मान्य छैन । हामी यो सत्ता र यसका गतिविधि हेरेर वाक्क भैसकेका छौँ । त्यो सत्ताको कुर्सीमा बसेर केही गर्न सम्भव छैन र जनतालाई ढाँट्ने काम हामी गर्दैनौँ । सरकारसँग तीनबुँदे सहमति गरेका छौँ । सरकारले इमानदारीपूर्वक पालना गरेको छैन । सरकारले सहमतिभन्दा बाहिर गएर अनावश्यक कुरा गर्न खोजेको हो र हामीलाई घेराबन्दी गर्न खोजिएको हो भने घेरा तोडिन्छ र जनताको अधिकारका लागि लडिन्छ । सरकार इमानदार बन्नुपऱ्यो । ३ बुँदे सहमति लागू होस् । जनताबाट बहिष्कृत भएको सत्ता फेरि काँधमा बोकेर हिँड्नुहुन्छ भने यो सम्भव छैन । जनतालाई स्वाधीन र राष्ट्रलाई स्वाधीन बनाउनका लागि एकपटक फेरि लड्न आवश्यक छ । नेपाल कम्युनिस्ट पार्टी आफ्ना लागि लडेको होइन । यो सरकारमा जानका लागि लडेको होइन । यो किसान, मजदुर, दलित, महिला, जनजाति, सुकुमबासी, मधेसी, मुस्लिम, जातजाति, क्षेत्री, बाहुन सबैलाई मुक्त गर्नका लागि लडेको पार्टी हो । हामीले राखेको प्रस्ताव शान्ति र स्वाधीनतामा मुक्तिको प्रस्ताव हो । यो प्रस्तावमा साथ दिन आमजनतालाई आह्वान गर्छु । क्रान्तिकारीहरूले राखेको प्रस्ताव सत्तामा बसेकाहरूले सुन्दैनन् भने राज्यलाई रूपान्तरण गर्ने र यो शताब्दीमा नेपाललाई सुन्दर देश बनाउने बाटो कसैले रोक्छ भने त्यसको विनास कसैले रोक्न सक्नेछैन । जनता विजयी भएर छोड्नेछन् । नेपाली समाजलाई रूपान्तरण गर्ने अभियानमा अघि बढेर देशलाई मुक्त गर्ने अभियानामा लामबद्ध हुन सबैलाई आह्वान गर्छु ।

(यही कात्तिक १३ गते दाङको घोराहीमा आयोजित युवा सङ्गठन नेपालको राष्ट्रिय सम्मेलन उद्घाटनका अवसरमा प्रमुख अतिथिका रूपमा महासचिव विप्लवले दिएको शुभकामना मन्तव्यको सम्पादित अंश- सम्पादक ।)

## जनप्रतिनिधिहरु ....

भएपछि जनताले कसरी अधिकार पाउँछन् भनी प्रश्न पनि गरे ।

पार्टी प्रशिक्षणका लागि गृह जिल्ला कालीकोट पुगेका प्रकाण्डले जनप्रतिनिधिहरू भ्रष्ट र दलाल भएको टिप्पणी गरे । उनले व्यवस्था नै दलाल र भ्रष्टहरूको भएपछि जनप्रतिनिधिहरू राम्रो हुने कुरै नभएको बताए । प्रकाण्डले अब दलाल संसदीय व्यवस्था परिवर्तनका लागि जनयुद्धमा ठूलो योगदान गरेका कालीकोटबासी जनताले पुनः योगदान गर्ने बेला आएको बताए ।

## दलाल सत्ता हामीलाई ....

सहिद मञ्चमा आयोजित सम्मेलन उद्घाटन समारोहमा नेकपाका महासचिव विप्लवलगायत समारोहका अतिथिहरूले मैनबत्ती बाल्नुका साथै पटका पट्काएर सम्मेलन उद्घाटन गरेका थिए । कार्यक्रममा नेकपाका केन्द्रीय समिति सदस्य तथा युवा सङ्गठन नेपालका इन्चार्ज कृति, नेकपाका केन्द्रीय सदस्यहरू असल, सविन, जागृति, प्रज्वलन, नेकपाका निवर्तमान दाङ जिल्ला इन्चार्ज विक्रम, दलित मुक्ति मोर्चा नेपालकी केन्द्रीय उपाध्यक्ष सीता विक 'सम्झना', नेकपाका दाङ जिल्ला सेक्रेटरी प्रदीपलगायत अतिथिका रूपमा सहभागी थिए ।

युवा सङ्गठन नेपालका केन्द्रीय महासचिव सागरको स्वागत मन्तव्यबाट सुरु भएको चौथो राष्ट्रिय सम्मेलनको सञ्चालन सङ्गठनका केन्द्रीय उपाध्यक्ष दिनेशले गरेका थिए भने उद्घाटन समारोहको अध्यक्षता युवा सङ्गठन नेपाल चौथो राष्ट्रिय सम्मेलन आयोजक समितिका संयोजक पाटन जङ्गलीले गरेका थिए । कार्यक्रममा अखल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवारले विभिन्न जनवादी साङगीतिक कार्यक्रम प्रस्तुत गरेको थिए ।

सङ्गठनका संस्थापक अध्यक्ष, दोस्रो राष्ट्रिय सम्मेलनका अध्यक्ष तथा प्रथम राष्ट्रिय भेला आयोजक समितिका संयोजकलाई सम्मानपत्रसहित सम्मान गरिएको थियो ।

## वीरजङ्गको निधनले ....

दृढ, इमानदार र प्रतिबद्ध नेता भएको बताए । नेता महराले क्रान्तिकारी पार्टीहरू छिन्नभिन्न भएको भन्दै एकता आवश्यक रहेको धारणा पनि राखे ।

नेकपाका केन्द्रीय सचिवालय सदस्य सुदर्शनले नेता वीरजङ्गले देखेको क्रान्तिको बाँकी सपना पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । नेता सुदर्शनले वीरजङ्गको निधनले पार्टीलाई ठूलो क्षति पुगेको भन्दै शोकको घडीलाई शक्तिमा बदल्नुपर्ने बताए ।

नेकपाका अर्का केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगरले वीरजङ्ग सिङ्गो क्रान्तिको अभिभावक भएको भन्दै उहाँको स्वाभाविक मृत्यु नभएर राज्यसत्ताले हत्या गरेको बताए ।

श्रद्धाञ्जलीसभामा नेकपाकी केन्द्रीय सदस्य आस्था, लुम्बिनी प्रदेश सभा सांसद वसन्त घर्तीमगर, वामपन्थी नेता बिनबहादुर कुँवरलगायतले बोलका थिए । जिल्ला इन्चार्ज जुझारुको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सेक्रेटरी कमलले गरेका थिए ।

श्रद्धाञ्जलीसभा कपिलवस्तुको शिवगढीस्थित वीरजङ्गको निवासमा गरिएको थियो । सभामा नेकपाका केन्द्रीय सदस्य चिरन पुनले श्रद्धाञ्जली गीत प्रस्तुत गरेका थिए । कार्यक्रममा नेकपा केन्द्रीय नेता, कार्यकर्ता, विभिन्न दलका नेता, शुभचिन्तक, आफन्त, परिवारजन र स्थानीयको सहभागिता थियो ।

## महासचिव विप्लवद्वारा ....

महासचिव विप्लवले सहिद महानकी आदरणीय आमा तिलकुमारी राणा, श्रीमती मालती राणा, एक छोरा र दुई छोरीलाई सम्मानपत्रसहित सम्मान पनि गरे । युवा सङ्गठन नेपालको ऐतिहासिक चौथो राष्ट्रिय सम्मेलनको बन्द सत्रको दोस्रो दिन सोमबार सहिद महानको परिवारलाई सम्मान गरिएको हो ।

भेटमा महासचिव विप्लवले सहिद महानले देश र जनताको मुक्तिका खातिर एकीकृत जनक्रान्तिको अभियानमा गरेको बलिदानको उच्च सम्मान गर्नुका साथै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका थिए । विप्लवले सहिद महानको मुक्तिको आकाङ्क्षा पूरा गर्न आफूहरू प्रतिबद्ध रहेको बताए । उनले भने, 'हामी खरानी हुन्छौँ तर सहिदको सपना पूरा गरिछाड्छौँ ।'

महासचिव विप्लवले महानजस्तो क्रान्तिप्रति प्रतिबद्ध, साहसिक योद्धा गुमाउँदा पार्टीलाई अत्यन्त ठूलो क्षति भएको बताए । भेटघाटमा सहिद महानका परिवारले नेकपाका महासचिव विप्लवलाई देश र जनताको मुक्तिका खातिर महानको बलिदान व्यर्थ नहोस्, क्रान्तिलाई धोका नहोस् भनी महासचिव विप्लवलाई सुझाव दिएका थिए । जबाफमा क्रान्तिमा धोका हुँदैन, मुक्ति वा मृत्युबाहेक अर्को सपना नभएको महासचिव विप्लवको प्रतिबद्धता थियो ।

# मङ्सिर ८ गते काठमाडौँमा सात हजार मानिस उतार्ने नेकपा चितवनको निर्णय

**चितवन** : नेपाल कम्युनिस्ट पार्टी चितवनको पूर्ण बैठक सम्पन्न भएको छ । जिल्ला सेक्रेटरी मीनप्रसाद सापकोटाको अध्यक्षतामा भरतपुर महानगरपालिका ८ मा बसेको बैठक आगामी मङ्सिर ८ गते पार्टी पुनर्स्थापना दिवसका अवसरमा काठमाडौँमा आयोजना हुने र महासचिव विप्लवले सम्बोधन गर्ने बृहत् जनप्रदर्शन तथा जनसभा भव्य रूपमा सफल पार्ने निर्णय गर्दै सम्पन्न भएको हो ।

जिल्लाबाट कम्तीमा पाँचदेखि ७ हजार जनता काठमाडौँमा उतार्ने निर्णय गरेको नेकपा चितवनले त्यसको तयारीका लागि ७ वटै स्थानीय निकायका ९८ वटा वडामा जिल्ला समिति सदस्यहरूसमेत परिचालन गर्दै दलाल संसदीय व्यवस्थाले थोपरेको उत्पीडनबाट जनतालाई मुक्त गरिछाड्ने, विभिन्न कालोबजारी, भ्रष्टाचार, जिकृति, विसङ्गतिविरुद्ध सङ्घर्ष गर्ने र पार्टीले लिएको प्रगतिशील संयुक्त सरकार र जनमतसङ्ग्रहका बारेमा व्यापक जनतामा लैजाने निर्णय गरेको छ ।

साथै नेकपा चितवनले उक्त सभालाई एउटा सभा मात्रै नभएर दलाल संसदीय व्यवस्थाका विरुद्ध हुने आन्दोलन र सङ्घर्षका रूपमा बुझिदिन आग्रह गर्दै देशभक्त, प्रगतिशील, उत्पीडित जनता, मजदुर, युवा, विद्यार्थी, किसान, महिला, दलित, बुद्धिजीवी, शिक्षक, पत्रकारलगायत सम्पूर्ण पेसाकर्मीलाई समेत सभामा उपस्थित हुन आह्वान गरेको छ ।

बैठकमा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य अनिल शर्मा प्रमुख अतिथि रहेका थिए भने नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज सन्देश पौडेल, विशेष समितिका सेक्रेटरी महेश थारू, विशेष समिति सदस्यहरू उत्सव लामा, ध्रुव खड्का र रुद्र भट्टराई अतिथि रहेका थिए ।


## यातायात व्यवस्था सेवा कार्यालय, सानो भर्याङ, काठमाडौंको अनुरोध

१. सवारी कर र नविकरण दस्तुर अनलाइन माध्यमबाट भुक्तानी गरी लाभान्वित हुनुहोस् ।
२. https://tmis.bagamati.gov.np/ मा गई आफ्नो सवारीको विवरणहरु अद्यावधिक गर्नुहोस् ।
३. तत्पश्चात ConnectIPS बाट वा इसेवाबाट कर दाखिला गर्नुहोस् ।
४. कर दाखिलाको प्रिन्ट वा डिजिटल कपी, ब्लुबुक, बीमा पोलिसीको कागज लिएर १ महिनाभित्र कार्यालयमा आई सेवा लिनुहोस् ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय
**पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेख**

**सडक सुरक्षा र सडकको सुरक्षाका लागि यस आयोजनाबाट आम सडक प्रयोगकर्ताहरुमा गरिएको अनुरोध**

- जथाभावी बाटो नकाटौं ।
- ट्राफिक नियमको पालना (पैदल यात्रु, सवारी चालक र यात्रीहरु) सवैले गरौं ।
- सडकमा फोहर नफालौं, घर/टहराबाट निस्केका ढल फोहर पानी सडक र नालीमा नमिसाऔं ।
- कालोपत्रे सडकमा पानी चुहाएर निर्माण सामाग्रीहरुको ढुवानी नगरौं ।
- ओभरलोड तथा अत्यधिक गतिमा सवारी नचलाऔं ।
- निर्माण सामाग्री लगायतका सरसामानहरु सडक सिमा क्षेत्र भित्र नथुपारौं ।
- सडक मापदण्ड/सिमा मिचेर घर टहरा निर्माण गरी सडक अतिक्रमण नगरौं ।
- राजमार्ग संग जोड्ने गरी सहायक सडक खोल्नु परेमा सम्वन्धी योजना कार्यालय संग अनुमती लिएर मात्र खोलौं ।

*हिन्दु नेपालीहरुको विशेष पर्व दशैं, तिहार, छठ-२०७८ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीवहिनी-दाजुभाइहरुमा सुख, शान्ति एवम् समृद्धिको*

**हार्दिक शुभकामना**

वडा अध्यक्ष एवं वडा कार्यालय परिवार
**दोरम्बा गाउँपालिका वडा नं. १**
डडुवा, सुर्के, रामेछाप

*हिन्दु नेपालीहरुको विशेष पर्व दशैं, तिहार, छठ-२०७८ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीवहिनी-दाजुभाइहरुमा सुख, शान्ति एवम् समृद्धिको*

**हार्दिक शुभकामना**

वडा अध्यक्ष एवं वडा कार्यालय परिवार
**दोरम्बा गाउँपालिका वडा नं. ५**
गुन्साल, रामेछाप


# नेकपा झापाद्वारा वीरजङ्गको सम्झनामा श्रद्धाञ्जलीसभा

**झापा** : नेपाल कम्युनिस्ट पार्टी झापाको आयोजनामा पार्टी केन्द्रीय सदस्य वीरजङ्गको सम्झनामा श्रद्धाञ्जलीसभा सम्पन्न भएको छ ।

पार्टीका झापा जिल्लासचिव प्रशान्तको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख आतिथ्य पार्टीका केन्द्रीय सदस्य एवम् झापा जिल्ला इन्चार्ज सुमन लिम्बूले गरेका थिए । विशेष अतिथिका रूपमा पार्टीका केन्द्रीय सल्लाहकार होम खतिवडा रहेका थिए । त्यस्तै अतिथिहरूमा दलित मुक्ति मोर्चा नेपालका केन्द्रीय सचिवालय सदस्य एवम् मेची-कोसी ब्युरो संयोजक डिल्ली नेपाली, भर्खरै जेलबाट रिहा भएका तत्कालीन मेची-कोसी ब्युरो सदस्य एवम् इलाम जिल्ला इन्चार्ज पुष्प, पार्टीका जिल्ला कार्यालय सचिव सञ्जयलगायत जिल्ला नेताहरू थिए ।

श्रद्धाञ्जलीसभामा कार्यक्रमका प्रमुख अतिथि एवम् जिल्ला इन्चार्ज सुमनले पार्टीका केन्द्रीय सदस्य नेता वीरजङ्गलाई श्रद्धाञ्जली अर्पण गर्दै मृत्यु अप्रिय लाग्ने तर स्वीकार्नु पर्ने प्राकृतिक नियम रहेको बताए । भावुक हुँदै नेता सुमनले कुनै मृत्यु पहाडजस्तै गहकिलो हुने र कुनै मृत्यु रुवाजस्तै हलुका हुने भन्दै वीरजङ्गको निधन पहाडजस्तै गहकिलो भएको बताए । एकीकृत जनक्रान्ति सम्पन्न गर्न वीरजङ्गले देखेको सपना र अपनाएको बाटोलाई इमानदारीपूर्वक पूर्ण गर्न सकेको खण्डमा मात्रै वीरजङ्गप्रति साँचो श्रद्धाञ्जली हुने भन्दै क्रान्तिमा अर्को वीरजङ्ग पाउन दशकौँ लाग्नुपर्ने प्रस्ट पारे । उनको निधनले पार्टी र क्रान्तिमा अतुलनीय क्षति पुगेको सुमनले बताए ।

कार्यक्रमका विशेष अतिथि केन्द्रीय सल्लाहकार होम खतिवडाले नेता वीरजङ्गप्रति श्रद्धाञ्जली अर्पण गर्दै विगतका धोकाहरूबाट पाठ सिकेर वीरजङ्गजस्ता कर्मठ योद्धाहरूले अँगालेको वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न कटिबद्ध बनेर लाग्नु नै सबैको जीवन सार्थक हुने धारणा व्यक्त गरे ।

उक्त कार्यक्रममा १६ महिना जेल जीवन बिताएर भर्खरै रिहा भएका तत्कालीन इलाम जिल्ला इन्चार्ज एवम् मेची-कोसी ब्युरो सदस्य पुष्पलाई स्वागत तथा सम्मान गरिएको थियो । कार्यक्रममा नेता पुष्पले आफ्नो जेलजीवनको अनुभूति सुनाएका थिए । वैज्ञानिक समाजवादी व्यवस्था नै अबको विकल्प रहकाले आफू एकीकृत जनक्रान्तिको बाटोमा कहिल्यै विचलित नहुने उद्घोष गर्दै सबै नेता तथा कार्यकर्ताहरू क्रान्तिप्रति प्रतिबद्ध हुनुपर्ने उल्लेख गरे ।

कार्यक्रमका अध्यक्ष एवम् जिल्ला सचिव प्रशान्तले वीरजङ्गप्रति श्रद्धाञ्जली अर्पण गर्दै एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवादी व्यवस्था ल्याएरै छाड्ने उद्घोष गरे । उनले सहिदहरूको बलिदान खेर नजाने र आवश्यक परे आफूहरू जस्तोसुकै परिस्थितिको सामना गर्न तयार रहेको पनि बताए ।


## सवारी साधनको क्षमताभन्दा बढी वजन बोक्नमा रोक लगाऔं ।

सडकमा सवारी चलाउँदा र सडक तथा फुटपाथ प्रयोग गर्दा निम्न कुराहरुमा ध्यान राख्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ ।

- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा सवारी चलाउँदा लेन अनुशासनको पालना गरौं
- सडकमा बाटो काट्नुपर्दा जेब्रा क्रसिङ, आकासे पुल, सब-वे अथवा पेलिकन बत्ती या कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो बाटौं ।
- चोकबत्ती भएको ठाउँमा पैदलयात्री, पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती तथा सवारी चालकले सवारी साधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं ।
- सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं ।
- पैदलयात्रीले जान-अन्जानमा बाटो काट्न लागेको छ भने सवारी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।
- निश्चित तोकिएको ठाउँ (बस स्टप तथा टेम्पो स्टप) बाट मात्र यात्रु चढाउने र ओराल्ने गरौं ।
- सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमताभन्दा बढी यात्रु/वजन नबोकौं ।

**हामी सबैले ट्राफिक नियमको पालना गरौं र गर्न लगाऔं । दुर्घटनाबाट बचौं र बचाऔं ।**

**सडक डिभिजन कार्यालय, काठमाडौं**

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
**नेपाल आयल निगम लि.** को

## अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ